# नेपाल सरकारको

# सार्वजनीक ऋण तथा शेयर लगानीको वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२




नेपाल सरकार

अर्थ मन्त्रालय

## सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाडौं

२०८२, फाल्गुन

# भूमिका

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्न पाउँदा मलाई खुशी लागेको छ। सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था बमोजिम ऋणको वार्षिक विवरण तथा विशेषतः आन्तरिक तथा वैदेशिक ऋणको एकीकृत तथा प्रभावकारी व्यवस्थापनमार्फत मुलुकको सार्वजनिक वित्त व्यवस्थापनलाई थप सबल, पारदर्शी र उत्तरदायी बनाउने उद्देश्यसहित सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना भएको हो। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ तथा सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० जारी भएसँगै कार्यालयको कार्यक्षेत्र स्पष्ट रूपमा निर्धारण भई सोही अनुरूप कार्यसम्पादन अघि बढिरहेको छ।

यस कार्यालयले आन्तरिक ऋण परिचालन तथा व्यवस्थापनका सम्पूर्ण (अग्र, मध्य तथा पृष्ठ अफिस) कार्यहरू गर्दै आएको छ। नेपाल राष्ट्र बैंक मार्फत सञ्चालन हुँदै आएको आन्तरिक ऋण व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य २०८० चैत्र १७ गतेदेखि यसै कार्यालयबाट नियमित रूपमा सम्पादन हुँदै आएको छ। साथै, वैदेशिक ऋणको मध्य अफिस कार्य, अभिलेख व्यवस्थापन तथा साँवा—व्याज भुक्तानीजस्ता पृष्ठ अफिस कार्यहरू समेत यसै कार्यालयबाट व्यवस्थित ढङ्गले सञ्चालन भइरहेका छन्।

नेपाल सरकारको वार्षिक आय—व्यय अनुमान बमोजिम विभिन्न निकायमार्फत प्राप्त वैदेशिक ऋण तथा स्वीकृत बार्षिक तालिका र निष्कासन तालिका बमोजिम प्राप्त भएको आन्तरिक ऋण(Disbursement), साँवा भुक्तानी (Principal Repayment) तथा व्याज भुक्तानी (Interest Payment) सम्बन्धी विस्तृत विवरण समेटी ऋण तर्फको वार्षिक प्रतिवेदन तयार गरिएको छ। साथै सार्वजनिक संस्थान तथा निकायहरूमा आर्थिक वर्ष २०८१/८२ सम्म भएको लगानीको संक्षिप्त अवस्था, सरकारको सेयर तथा ऋण लगानीको तुलनात्मक स्थिति, सरकारी जमानत, सम्भावित दायित्व, सेयर तथा ऋणको लेखाङ्कन नीति तथा लगानीबाट प्राप्त लाभांश र व्याज (राजस्व) सम्बन्धी विवरणहरू समेटी लगानीतर्फको वार्षिक प्रतिवेदन तयार गरिएकोमा उक्त प्रतिवेदनहरुलाई एकीकृत गरी **आर्थिक वर्ष २०८१/८२ को लागि नेपाल सरकारको सार्वजनिक ऋण तथा लगानीको वार्षिक प्रतिवेदन** तयार पारिएको छ। सुशासनको महत्वपूर्ण खम्बाको रुपमा रहेका पारदर्शिता एवं जवाफदेहिताको मर्म अनुसार सार्वजनिक हितानुकूल यस प्रतिवेदनमा ऋण तथा लगानी सम्बन्धी समग्र तथ्याङ्कका साथै विश्लेषणात्मक प्रस्तुती समेत समावेश गरिएको छ।

विगत वर्षहरूमा नेपाल सरकारको ऋण तथा सेयर लगानीको लेखा विवरण Excel आधारित प्रणालीमा व्यवस्थापन हुँदै आएकोमा सो कार्यलाई थप प्रभावकारी, पारदर्शी तथा विश्वसनीय बनाउन यस आर्थिक वर्षदेखि विद्युतीय प्रणालीमा आधारित Government Stake Management System (GSMS) विकास गरी लेखा तथा प्रतिवेदन प्रणालीलाई प्रणालीगत र स्वचालित बनाइएको छ। साथै, सार्वजनिक संस्थानहरूको सम्भावित दायित्व (Contingent Liabilities) को व्यवस्थित लेखाङ्कन तथा प्रतिवेदनका लागि "सार्वजनिक संस्थानको सम्भावित दायित्व लेखाङ्कन तथा प्रतिवेदन कार्यविधि, २०८२" तयार गरिएको छ, जसले सम्भावित दायित्वको पहिचान, वर्गीकरण, मूल्याङ्कन, प्रतिवेदन तथा खुलासामा एकरूपता कायम गर्न मार्गदर्शन प्रदान गर्नेछ।

सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० मा भएको व्यवस्था अनुसार तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्ने प्रयोजनको लागि यो विवरण अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय तथा अन्य सरोकार निकायमा पेश गर्ने गरी तयार गरिएको छ। यो प्रतिवेदन DOMS प्रणालीमा भएका तथ्याङ्क तथा सूचनामा आधारित भएर तयार गरिएको छ। यस प्रतिवेदनले सार्वजनिक ऋणको पारदर्शिता कायम गर्न र सार्वजनिक ऋण तथा लगानीको अद्यावधिक विवरण सम्बन्धित सरोकारवालाहरुमा गराउनका लागि अत्यन्त उपयोगी हुने अपेक्षा लिएको छु।

अन्त्यमा, प्रतिवेदन तयारीका क्रममा मार्गदर्शन तथा सहयोग प्रदान गर्नुहुने अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालय प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, प्रतिवेदन तयारी कार्यमा योगदान गर्नुहुने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका सम्पूर्ण कर्मचारी साथीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

फागुन१०,२०८२

..................

प्रमुख

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

## कार्यकारी सारांश

### क. <u>ऋण तर्फ</u>

१. सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० को नियम ४७ बमोजिम यो प्रतिवेदन प्रस्तुत गरिएको छ। मिति २०८० चैत्र १ गते नियमावली जारी भए पश्चात नेपाल राष्ट्र बैंकले गर्दै आएको आन्तरिक ऋण निश्कासन तथा व्यवस्थापनसँग सम्बन्धित कार्य २०८० चैत्र १७ देखि यस कार्यालयबाट सम्पादन गर्न शुरूवात गरिएको छ।

२. आर्थिक वर्ष ८१/८२ को असार मसान्तसम्ममा नेपाल सरकारको कुल सार्वजनिक ऋण दायित्व रू २६ खर्व ७४ अर्ब ४ करोड पुगेको छ। कुल ऋण दायित्वमा आन्तरिक ऋण रू १२ खर्ब ६३ अर्ब ६ करोड, प्रमिशरी नोट (अन्तराष्ट्रिय मुद्राकोष मूल्य समायोजन) रू ५ अर्ब १५ करोड तथा वैदेशिक ऋण रू १ ४ खर्ब ५ अर्ब ८२ करोड रहेको छ। गतवर्षको तुलनामा सार्वजनिक ऋणको वार्षिक वृद्धिदर ९.६६ प्रतिशत रहेको छ।

३. कुल गार्हस्थ उत्पादनको तुलनामा सार्वजनिक ऋण दायित्व ४३७.९ प्रतिशत पुगेको छ। यसमा वैदेशिक ऋणको अनुपात 2३.०२ प्रतिशत तथा आन्तरिक ऋणको अनुपात २०७.७ प्रतिशत रहेको छ। गतवर्ष कुल गार्हस्थ उत्पादनको तुलनामा सार्वजनिक ऋण दायित्व ४२.७४ प्रतिशत रहेको थियो।

४. आर्थिक वर्ष 20८१८/२ मा साँवा र व्याज गरी कुल वित्तीय खर्च रू ३ खर्व ६१ अर्ब ६४ करोड भुक्तानी भएको छ। कुल भुक्तानी मध्ये साँवामा ८०.५२ प्रतिशत अर्थात रू २ खर्व ९१ अर्ब २१ करोड र व्याज भुक्तानीमा १९.४८ प्रतिशत अर्थात रू ७० अर्ब ४४ करोड रहेको छ।

५. आर्थिक वर्ष २०८१८/२ मा कुल गार्हस्थ उत्पादनको आधारमा कुल ऋण सेवा खर्च ५.९२ प्रतिशत रहेको छ। सो मध्ये कुल गार्हस्थ उत्पादनको आधारमा कुल साँवा भुक्तानी ४.७७ प्रतिशत र कुल व्याज खर्च १.१५ प्रतिशत रहेको छ। गतवर्ष कुल गार्हस्थ उत्पादनको आधारमा कुल ऋण सेवा खर्च ५.३५ प्रतिशत रहेको थियो।

६. कुल वैदेशिक ऋण दायित्व आर्थिक वर्ष 20८०८/१ को तुलनामा आर्थिक वर्ष २०८१८/२ मा ११.७९ प्रतिशतले बढ्न गई रू १४ खर्व ५ अर्ब ८२ करोड पुगेको छ। आर्थिक वर्ष 20८१८/२ को असार मसान्तसम्ममा वैदेशिक ऋण दायित्वको संरचना (Composition) बहुपक्षीय ऋण रू १२ खर्व ६६ अर्ब ५१ करोड र द्विपक्षीय ऋण रू ३ खर्व १९ अर्ब ३० करोड रहेको छ। कुल वैदेशिक ऋण संरचनामा बहुपक्षीय ९०.०९ प्रतिशत र द्विपक्षीय ९.९१ प्रतिशत हुन गएको छ।

७. नेपालको विभिन्न १७ वटा निकायसँग १० वटा मुद्रामा वैदेशिक ऋण दायित्व बाँकी रहेको छ। सो मध्ये सबैभन्दा बढी एसडीआरमा ७२.६३ प्रतिशत र युएसडीमा १९.५३ प्रतिशत ऋण दायित्व रहेको छ। त्यस्तै, जापानी ऐन ४.१ प्रतिशत र चिनीया युआन २.४२ प्रतिशत रहेको छ।

८. आर्थिक वर्ष 20८१/८२ मा रू १ खर्व २९ अर्ब ९५ करोड बराबरको वैदेशिक ऋण प्राप्ति तथा साँवा भुक्तानी रू ४७ अर्ब २८ करोड भएकोले खुद वैदेशिक ऋण परिचालन रू ८२ अर्ब ६७ करोड रहेको छ।

९. आर्थिक वर्षमा 20८१८/२ वैदेशिक ऋण प्राप्तिको लक्ष्य रू २ खर्व १७ अर्ब रहेकोमा रू १ खर्व २९ अर्ब ९५ करोड प्राप्ति भई लक्ष्यको तुलनामा ५९७.० प्रतिशत प्रगति हाँसिल भएको छ। बहुपक्षीय र द्धिपक्षीय स्रोतको प्राप्ति लक्ष्यको तुलनामा क्रमशः ६३ र २८ प्रतिशत हुन आउछ।

१०. आर्थिक बर्ष २०८१/८२ को असार मसान्तसम्ममा कुल आन्तरिक ऋण दायित्व गत आर्थिक वर्ष भन्दा ७.३९ प्रतिशतले बढ्न गई रू १२ खर्व ६८ अर्ब २२ करोड पुगेको छ। आन्तरिक ऋणको दायित्वमा विकास ऋणपत्र ६८.९० प्रतिशत, ट्रेजरी बिल २९.६१ प्रतिशत, नागरिक बचतपत्र १.०६ प्रतिशत, वैदेशिक रोजगार बचतपत्र .००३ प्रतिशत र प्रमिशरी नोट (IMF Value Adjustment बन्ड) .०४१ प्रतिशत रहेको छ। गतवर्ष कुल आन्तरिक ऋणमा

ट्रेजरी बिलको हिस्सा ३४.१९ प्रतिशत रहेको थियो। मध्यमकालिन ऋण व्यवस्थापन रणनीति अनुसारनै कुल ऋणमा अल्पकालिन ऋणको हिस्सा घट्दै गइरहेको छ।

११. आर्थिक वर्ष २०८१८/२ मा आन्तरिक ऋणबाट रू ३ खर्ब ३० अर्ब उठाउने लक्ष्य लिइएकोमा विभिन्न ऋणपत्रको माध्यमबाट रू ३ खर्ब २९ अर्ब ९९ करोड ऋण परिचालन भई लक्ष्यको तुलनामा करिब १०० प्रतिशतनै प्रगति हासिल भएको छ।

१२. आर्थिक वर्ष २०८१८/२ मा आन्तरिक ऋण प्राप्ति रकम रू ३ खर्ब २९ अर्ब ९२ करोड, साँवा भुक्तानी रू १ खर्ब ४३ अर्ब ९१ करोड भएकोले खुद आन्तरिक ऋण परिचालन रू ८६ अर्ब ०७ करोड रहेको छ।

१३. आर्थिक वर्ष २०८१८/२ मा आन्तरिक ऋणको औसत व्याजदर गत वर्षभन्दा घटेको छ। ट्रेजरी बिलको औषत व्याजदरमा २.९४ प्रतिशत र विकास ऋणपत्रको ४.७३ कायम भएको छ। आन्तरिक ऋणपत्रको औषत व्याजदर यस आर्थिक वर्षमा ३.८३ प्रतिशत कायम रहेको छ।

१४. सरकारले संस्थानहरूलाई प्रदान गरेको रू ३४ अर्ब जमानतको यस आर्थिक वर्षको असार मसान्तसम्म वा र व्याज पुँजीकृत गरी रू ५२ अर्ब ४६ करोड पुगेको छ।

१५. नेपाल सरकारको सार्वजनिक ऋणको विस्तृत विवरण यसै प्रतिवेदनमा समावेश गरिएको छ ।

## ख. शेयर तथा ऋण लगानी तर्फ

१. आर्थिक वर्ष २०८१/८२ सम्ममा नेपाल सरकारको १५९ वटा सार्वजनिक संस्थान तथा निकायहरुमा सेयर तथा ऋण लगानी रु. ९ खर्ब ३० अर्ब ८८ करोड ४ लाख ६८ हजार लगानी रहेको छ।

२. आर्थिक वर्ष २०८१/८२ सम्ममा सरकारको कुल सेयर लगानी ११६ संस्थानमा रु. ४ खर्ब ४ अर्ब ८१ करोड ४१ लाख ५८ हजार रहेको छ। सबै भन्दा बढी सेयर लगानी रहेका संस्थाहरु क्रमश: नेपाल विधुत प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम, राष्ट्रिय वाणिज्य बैक र कृषि विकास बैंक रहेका छन।

३. आर्थिक वर्ष २०८१/८२ सम्ममा नेपाल सरकारको कुल ऋण लगानी रु. ५ खर्ब २६ अर्ब ६ करोड ६३ लाख १० हजार रहेको छ। जसमध्ये आन्तरिक स्रोतबाट रु.१ खर्ब ५८ अर्ब १८ करोड २१ लाख ८४ हजार र वैदेशिक स्रोतबाट रु.३ खर्ब ६७ अर्ब ८८ करोड ४१ लाख २६ हजार रहेको छ। आर्थिक वर्ष २०८०/८१ सम्ममा बढी ऋण लगानी भएका संस्थानहरुमा नेपाल विद्युत प्राधिकरण, काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल खानेपानी संस्थान रहेका छन।

४. आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले साँवा फिर्तातर्फ रु.२ अर्ब ६२ करोड २९ लाख ९४ हजार ६९५ रुपैंया र व्याज असुलीतर्फ ५ अर्ब २९ करोड ४ लाख ३० हजार ३५६ रुपैया प्राप्त भएको छ।

५. आर्थिक वर्ष २०८१/८२ मा सेयर लगानीतर्फ रु.५ अर्ब ५२ करोड ६ लाख ३४ हजार ५४९ रुपैंया र ऋण लगानीतर्फ ३५ अर्ब ९५ करोड ९७ लाख ८७ हजार ६९८ रुपैंया गरी जम्मा रु.४१ अर्ब ४८ करोड ४ लाख २२ हजार २४७ रुपैंया लगानी भएको छ।

६. आर्थिक वर्ष २०८१/८२ सम्ममा भाखा नाघेको साँवा २ खर्ब ५९ अर्ब १९ करोड ९७ लाख ३ हजार १२६ रुपैंया र भाखा नाघेको व्याज १ खर्ब ४० अर्ब ८८ करोड २३ लाख ९६ हजार १६९ रुपैंया गरी कुल भाखा नाघेको रकम ४ खर्ब ८ करोड २० लाख ९९ हजार २९५ रुपैंया रहेको छ। त्यसैगरी भाखा नाघेको साँवा व्याज बढी भएका सार्वजनिक संस्थानहरुमा नेपाल विद्युत प्राधिकरण, काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, नेपाल खानेपानी संस्थान, नेपाल नागरिक उड्डयन प्राधिकरण आदि रहेका छन।

# विषयसूचि

## खण्ड-क

## सामान्य जानकारी


१. सामान्य जानकारी (General Information) ........ 1
१.१ परिचय. ........ 1
१.२ सोच, गन्तव्य, समग्र उदेश्य, कार्यदिश, मूल्य मान्यता, कार्यप्रणाली र प्रतिबद्धता ........ 2
१.३ कार्यालयको काम कर्तव्य र अधिकार ........ 5
१.४ संगठनात्मक संरचना र जनशक्ति व्यवस्थापन ........ 7
१.६ यस कार्यालयबाट नियमित प्रकाशन गरिने मुख्य विषयहरु ........ 8
१.७ आगामी सुधारको सोच ........ 8


## खण्ड-ख

## नेपाल सरकारको सार्वजनिक ऋणको वार्षिक प्रतिवेदन


मुख्य लेखाङ्कन नीतिहरु (Major Accounting Policies) ........ 11
सार्वजनिक ऋण दायित्वको समग्र स्थिति (Overall Status of Public Debt Liability) ........ 13
१.१ तिर्न बाँकी सार्वजनिक ऋण दायित्व (Outstanding Public Debt Liability) ........ 13
१.२ सार्वजनिक ऋण दायित्वको प्रवृति (Trend of Outstanding Public Debt Liability) ........ 14
१.३ सार्वजनिक ऋण दायित्यमा स्रोतगत हिस्साको प्रवृति (Trend of Sourcewise Outstanding Public Debt Liability) ........ 16
२. ऋण सेवा (साँवा र व्याजको भुक्तानी) अवस्था र प्रवृत्ति (Status and Trend of Debt Service) ........ 17
२.१ साँवा र व्याजको भुक्तानी **(Payment of Principal and Interest)** ........ 17
२.२ साँवा भुक्तानीको प्रवृत्ति **(Trend of Principal Repayment)** ........ 19
२.३ व्याज भुक्तानीको प्रवृत्ति **(Trend of Interest Payment)** ........ 20
२.४ सार्वजनिक ऋण सेवाको स्थिति र प्रवृत्ति **(Status and Trend of Debt Service)** ........ 21
३. वैदेशिक ऋण(External Debt) ........ 22
३.१ निकायगत वैदेशिक ऋणको लक्ष्य र प्राप्ति **( Creditor wise Disbursement)** ........ 22
३.२ निकायगत वैदेशिक ऋणको साँवा भुक्तानी **(Creditor wise Amortazation)** ........ 25
३.३ निकायगत वैदेशिक ऋणको व्याज भुक्तानी **(Creditor wise Amortazation)** ........ 26
३.४ निकायगत वैदेशिक ऋण दायित्व **(Creditor-wise Outstanding External Debt)** ........ 27
३.५ मुद्रागत वैदेशिक ऋण दायित्व **(Currency-wise Outstanding External Debt)** ........ 28
३.६ वैदेशिक ऋण दायित्व **(Outstanding External Debt)** ........ 29
३.७ खुद वैदेशिक ऋण परिचालन **(Net External Debt Mobilisation)** ........ 30
३.८ वैदेशिक ऋण प्राप्तिको प्रवृत्ति **(Disbursement Trend)** ........ 32
३.९ वैदेशिक ऋण परिचालन लक्ष्य र प्राप्तिको स्थिति (Status of External Debt Mobilization) ........ 33
३.१० विनिमय दरको वैदेशिक ऋण दायित्वमा प्रभाव (Impact of Foreign Exchange on External Debt) ........ 35
४. आन्तरिक ऋण (Internal Debt) ........ 35
४.१ आन्तरिक ऋण दायित्व (Domestic Debt Liability) ........ 35
४.२ आन्तरिक ऋणको प्राप्ति **(Receipt of Domestic Debt)** ........ 38

४.३ आन्तरिक ऋणको साँवा भुक्तानी (Payment of Principal) ....38
४.४ व्याज तथा कमिशन भुक्तानी (Payment of Interest and Commission) ....39
४.५ आन्तरिक ऋण दायित्वको प्रवृति (Domestic Debt Liability) ....41
४.६ आन्तरिक ऋणको लक्ष्य र प्राप्ति प्रवृत्ति (Status of Domestic Debt Mobilization) ....42
४.७ आन्तरिक ऋणको खुद परिचालन प्रवृति (Receipt of Domestic Debt) ....44
४.८ ऋणपत्रको प्रचलित व्याजदरको तुलनात्मक विश्लेषण (Comparative Analysis of Prevailing Interest Rate) ....45
४.९ सरकारी ऋणपत्रको लगानीकर्ताको विश्लेषण (Ownership Structure of Government Securities) .... 46
४.१० अन्तर्राष्ट्रिय मुद्रा कोष मूल्यांकन समायोजन (IMF Valuation Adjustment) ....47
४.११ नेपाल सरकारले संस्थानहरूलाई प्रदान गरेको जमानत (Government Guarantees) .... 48
५. ऋण व्यवस्थापन रणनीति कार्यान्वयन विश्लेषण .... 49
५.१ मध्यमकालीन ऋण व्यवस्थापन रणनीति कार्यान्वयन विश्लेषण .... 49
५.२ सार्वजनिक ऋण पोर्टफोलियोको लागत र जोखिम सूचकहरूको विश्लेषण.... 50
५.३ ऋणको दिगोपना विश्लेषण.... 51
६. नयाँ सुधारका प्रयासहरु (Recent Initiatives) .... 52
७. सुधार गर्नुपर्ने विषयहरू (Areas of Improvement).... 53

## खण्ड-ग

## नेपाल सरकारको सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन

१. लगानीको स्थिति र विश्लेशण (Investment Status and Investment).... 56
१.१. सार्वजनिक संस्थान तथा निकायहरुमा आर्थिक बर्ष २०८१/८२ सम्म भएको लगानीको संक्षिप्त स्थिति....56
१.२ सरकारको सेयर तथा ऋण लगानीको तुलनात्मक स्थिति....57
१.३ सेयर लगानी....58
१.४ ऋण लगानी स्थिति....60
२. वित्तिय जोखिम .... 69
२.१ सरकारी जमानत....69
२.२ सम्भावित दायित्व ....70
३. लेखाङ्कन नीति तथा टिप्पणी.... 72
३.१. सेयर तथा ऋणको लेखाङ्कन नीति ....72
३.२. लगानीबाट प्राप्त लाभांश तथा व्याज (राजश्व) सम्बन्धमाः ....73
३.३ आ.व. २०८१/८२ को सेयर तथा ऋण लगानीतर्फको अद्यावधिक आर्थिक विवरणमा भएका समायोजन टिप्पणी ....73
४. पहलहरु (Initiatives).... 79
५. समस्या तथा चुनौतिहरु .... 80
५.१ समस्या तथा चुनौतीहरु....80
६. सुधारको मार्गचित्र तथा निष्कर्ष.... 854

# खण्ड-क
# सामान्य जानकारी

# १. सामान्य जानकारी (General Information)

## १.१ परिचय

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय नेपाल सरकारले प्राप्त गर्ने आन्तरिक तथा वैदेशिक ऋण व्यवस्थापनको लागि अर्थ मन्त्रालय अन्तर्गत स्थापना भएको एक महत्वपूर्ण निकाय हो। सार्वजनिक ऋणको कार्यलाई अझ व्यवस्थित भरपर्दो र Systematic Office को रुपमा रुपान्तरण गर्न नेपाल सरकारको वि.सं. २०७५ आषाढ २० को निर्णयानुसार वि.सं. २०७५ पौष ११ तदनुसार डिसेबर २६, २०१८ मा यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयको कार्यसम्पादनका लागि सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ मिति २०७९ साल असोज २३ गतेदेखि र सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० साल चैत्र १ गतेबाट कार्यान्वयनमा आएको छ । उक्त ऐनले यस कार्यालयलाई ऋण व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्ने कानुनी आधार प्रदान गरेको छ। ऐनको प्रस्तावनाका आधारमा सार्वजनिक ऋण सङ्कलनको मुख्य उद्देश्य तीव्र आर्थिक विकासलाई गति दिनु र अर्थतन्त्रको स्थायित्व कायम राख्नु हो। यस क्रममा आन्तरिक तथा वैदेशिक ऋण व्यवस्थापन तथा सरकारी जमानत जारी गर्ने कानुनी प्रावधानको व्यवस्थाले वित्तीय र मौद्रिक नीतिबीच समन्वय तथा सामञ्जस्य सुनिश्चित गरेको छ।

यस कार्यालयले अन्तराष्ट्रिय रुपमा अभ्यास गर्रिंदै आएको अग्र कार्यालय (Front Office Function),मध्य कार्यालय (Middle Office Function) तथा पृष्ठ कार्यालयको ( Back Office Function) कार्यहरू मुख्य जिम्मेवारीका रूपमा रहेका छन्। साबिकमा नेपाल राष्ट्र बैङ्कबाट भई आएको आन्तरिक ऋण सञ्चालन तथा व्यवस्थापन कार्य वि.सं. २०८० चैत्र १७ गतेबाट यस कार्यालयले पूर्ण रूपमा सञ्चालन एवं व्यवस्थापन गर्दै अग्र कार्यालयको कार्य हुँदै आएको छ। वैदेशिक ऋणको अग्र कार्यालयको कार्य (Front Office Function) अर्थ मन्त्रालय अन्तराष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाबाट हुने गरेको र वैदेशिक ऋणको अभिलेख राख्ने, साँवा ब्याज भुक्तानी जस्ता मध्य तथा पृष्ठ कार्यालयको कार्य हुँदै आएको छ। सार्वजनिक संस्थानमा ऋण तथा शेयर लगानीको सन्दर्भमा पनि सहायक ऋण सम्झौता गर्ने, शेयर तथा ऋणको अभिलेख राख्ने, साँवा ब्याज प्राप्त गर्ने र भुक्तानी बाँकी रकम उठाउन पत्राचार गर्ने सम्बन्धी मध्य तथा पृष्ठ कार्यालयको कार्य हुदै आएको छ। सार्वजनिक ऋण र संस्थानमा गरिएको ऋण तथा शेयर लगानी सम्बन्धी सबै जानकारीहरू www.pdmo.gov.np को वेभसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ। यसले सावर्जनिक ऋण र शेयर तथा ऋण लगानीका सन्दर्भमा पारदर्शिता ल्याएको छ।

नेपाल सरकारको सार्वजनिक ऋणको अतिरिक्त नेपाल सरकारको स्वीकृतिमा प्रदेश सरकार र स्थानीय तहले उठाउने सार्वजनिक ऋणको निष्कासन तथा व्यवस्थापनको कार्य पनि यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेको छ। तर हालसम्म प्रदेश तथा स्थानीय तहबाट ती निकायहरूको वार्षिक बजेटमा वित्तीय सन्तुलनका लागि आन्तरिक ऋण निष्कासन गर्ने कार्य भएको छैन।

सार्वजनिक ऋणको व्यवस्थापनमा दिगोपना कायम गर्न मध्यमकालीन ऋण व्यवस्थापन रणनीति अर्थ मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याइएको छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले वार्षिक ऋणको सीमा निर्धारण पश्चात् मध्यमकालिन ऋण व्यवस्थापन रणनीतिलाई आधार मानी वार्षिक ऋणपत्र निष्कासन तालिका निर्माण गरी सरकारको नगद प्रवाहमा तादाम्यता कायम गर्दै आन्तरिक निष्कासन हुने गरेको छ। नेपाल सरकार आफैंले सार्वजनिक ऋणको दिगोपनाका सम्बन्धमा अध्ययन हुन सकेको छैन।

साविकमा आन्तरकि ऋण निष्कासन तथा अभिलेख नेपाल राष्ट्र बैङ्कबाट हुने, शेयर तथा ऋण लगानीको अभिलेख महालेखा नियन्त्रक कार्यालयमा रहने गरी विभिन्न निकायको संलग्नतालाई एउटै निकायमा रहने गरी यस कार्यालयको स्थापना भए पश्चात् सावजनिक ऋणको अवस्था, शेयर तथा लगानीको स्थिति, साँवा ब्याज भुक्तानी तथा प्राप्तिका लागि एकीकृत प्रणालीको विकास आरम्भ भएको छ। यसले देशको सार्वजनिक ऋण व्यवस्थापनको कार्यलाई यथार्थपरक बनाउने आधारशीला तयार भएको छ।

## १.२ सोच, गन्तव्य, समग्र उदेश्य, कार्यदिश, मूल्य मान्यता, कार्यप्रणाली र प्रतिबद्धता

**सोच (Vision)**

दिगो सार्वजनिक ऋण व्यवस्थापन र उत्पादनशील एवं प्रतिफलमुखी सरकारी लगानी मार्फत सुदृढ आर्थिक स्थायित्व र समृद्धि हासिल गर्ने।

**गन्तव्य(Mission)**

सरकारको वित्तीय आवश्यकता पुरा गर्न न्यूनतम लागत र जोखिमस्तर कायम गर्दै दीगो सार्वजनिक ऋणको व्यवस्थापन र अभिलेखाङ्कन गर्नु एवं सरकारको लगानी अभिलेखाङ्कनलाई व्यवस्थित गर्दै राजस्व सङ्कलन, राष्ट्रिय पूँजी निर्माण र पारदर्शीता अभिवृद्धि गर्नु।

**सम्रग उदेश्य (Overall Objectives)**

- दीर्घकालीन वित्तीय स्थायित्व कायम गर्दै वाञ्छित सीमाभित्र रहने गरी ऋण परिचालन गर्ने।
- ऋण पोर्टफोलियोमा रहेको जोखिम पहिचान एवं विश्लेषण गरी न्यून जोखिम र लागत स्तर कायम गर्ने।
- आन्तरिक र वैदेशिक ऋणको परिचालन, भुक्तानी र व्यवस्थापनलाई एकीकृत रूपमा सम्पादन गर्ने।
- सरकारको सेयर र ऋण लगानी उपलब्धि मुलक बनाई सावाँ, ब्याज, लाभांश प्राप्तिलाई सुदृढ बनाउने।
- सार्वजनिक ऋण एवं सरकारको लगानी सम्बन्धी विवरणको अद्यावधिक अभिलेखाङ्कन, प्रतिवेदन र पारदर्शिता कायम गर्ने।

**कार्यदिश (Mandates)**

सेयर तथा ऋण लगानी नीति, २०८१, सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र नियमावली, २०८० बमोजिम यस कार्यालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

- सार्वजनिक ऋणको व्यवस्थापन सम्बन्धमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तर्जुमा गरी मन्त्रालयमा पेश गर्ने
- सालबसाली रूपमा जारी हुने राष्ट्र अण उठाउने ऐनले तोकिएको सीमा भित्र रही आन्तरिक ऋण उठाउने, सरकारी ऋण पत्रहरुको Auction गर्ने र व्याजदर(Cut off Price/ Yield) निर्धारण गर्ने,
- आन्तरिक ऋण व्यवस्थापनका लागि ऋण निष्काषन तथा बोलकबोल तालिका मन्त्रालयबाट स्वीकृत गराइ सरकारी ऋणपत्रहरुको निष्कासन गर्ने, बोलकबोल गराउने, रकम प्राप्त गर्ने, प्राप्त रकम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको आन्तरिक ऋण खातामा जम्मा गर्ने,
- सार्वजनिक ऋण भुक्तानीको लागि आवश्यक बजेट प्रक्षेपण गर्ने र ऋणपत्र धनीलाई साँवा व्याज भुक्तानीको व्यवस्थापन गर्ने,
- दोश्रो बजारमा खरिद विक्री हुने सरकारी ऋण पत्रको व्यवस्था तथा विकास ऋणपत्रको हकमा दोस्रो बजार कारोवारका लागि, नेपाल धितोपत्र वोर्डमा सूचीकरणका लागि लेखी पठाउने,
- ऋण पत्र दोश्रो बजारमा खरिद विक्री हुँदा नामसारी, खण्डीकरण, एकीकरण, प्रमाणीकरण आदि कार्य गर्ने,
- ऋणपत्र धनीको अभिलेख राख्ने।

- सरकारले विभिन्न संस्थानहरूमा गरेको सेयर लगानी (Equity) र ऋण लगानी (Loan) को अद्यावधिक अभिलेख राख्ने।
- लगानी गरिएका संस्थानहरूबाट समयमै साँवा, ब्याज र लाभांश प्राप्त भए नभएको अनुगमन गर्ने।
- सहायक ऋण सम्झौता अनुसार साँवा र ब्याज भुक्तानी नगर्ने (Default गर्ने) संस्थानहरूबाट बक्यौता असुल उपर गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने।
- सरकारी लगानीमा रहेका जोखिम पहिचान र मूल्याङ्कन गर्ने एवं यस किसिमको लगानीमा देखिने जोखिम न्यूनीकरणका लागि आवश्यक नीतिगत सुझाव मन्त्रालयमा पेश गर्ने।
- सरकारको सेयर र ऋण लगानीको सम्बन्धमा अध्ययन, एवं राय दिने।
- ऋणपत्रको कारोबार तथा सरकारी जमानतको अभिलेख व्यवस्थान गर्ने, जमानत शुल्क असुल गर्ने र जमानतसम्बन्धी सम्झौता प्राप्त गरी सोको अभिलेख अद्यावधिक गर्ने,
- समग्र स्थिति झल्किने ऋण एवं सेयर तथा ऋण लगानी र जमानतको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने।
- वैदेशिक ऋणको अभिलेख, भुक्तानी र लेखाङ्कन गर्ने,
- सार्वजनिक संस्थान तथा अन्य निकायहरूमा नेपाल सरकारको तर्फबाट हुने सेयर तथा ऋण लगानीको व्यवस्थापन गर्ने केन्द्रीय निकायको रूपमा कार्य गर्ने।
- सरकारले लगानी गर्ने ऋणको ब्याजदर, भुक्तानी अवधि र अन्य सर्तहरू निर्धारण गरी सरकारलाई सिफारिस गर्ने र प्राप्त स्वीकृतिका आधारमा सहायक ऋण सम्झौता गर्ने।
- नेपाल सरकारको तर्फबाट वित्तीय जमानत प्रदान गर्दा हुने वित्तीय जोखिमको पहिचान तथा विश्लेषण गरी मन्त्रालयमा सिफारिस गर्ने
- सार्वजनिक ऋण सम्बधमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी सोको विवरण प्रकाशन गर्ने,
- सार्वजनिक ऋणको व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका कार्य गर्ने ।

**मुल्य मान्यता (Values)**

- पारदर्शिता
- जवाफदेहिता
- सदाचार
- व्यावसायिकता
- समन्वय

## कार्य प्रणाली

१. **सार्वजनिक ऋणको प्रक्षेपण**

सरकारले प्राप्त गरेको ऋण परिचालनको सीमा भित्र रही वार्षिक ऋण योजना तथा भुक्तानी गर्नुपर्ने ऋणको परिपक्वताको आधारमा साँवा ब्याज भुक्तानीको वार्षिक अनुमानका आधारमा वार्षिक योजना तयार गर्ने।

२. **ऋण नीति तर्जुमा**

अल्पकालीन, मध्यकालीन र दीर्घकालीन ऋण नीति तयार गरी अर्थ मन्त्रालयमा पेश गर्ने।

३. **आन्तरिक ऋण व्यवस्थापन**

- सरकारी ऋणपत्र निष्कासन गर्ने
- बोलकबोल (auction) सञ्चालन गर्ने
- कबोल गरेको रकम सरकारी खातामा जम्मा भएको सुनिश्चित गर्ने
- साँवा र ब्याज भुक्तानी गर्ने
- ऋणपत्रको अभिलेख राख्ने र नामसारी गर्ने

४. **वैदेशिक ऋण व्यवस्थापन**

- वैदेशिक ऋण सम्झौता अनुसार ऋण प्राप्तिको अभिलेख राख्ने
- साँवा, ब्याज तथा सेवा शुल्क भुक्तानी गर्ने
- वैदेशिक ऋणको अभिलेख अद्यावधिक गर्ने

५. **शेयर तथा ऋण लगानी सम्बन्धी कार्य**

- नेपाल सरकारको तर्फबाट सहायक ऋण सम्झौता (Subsidiary Loan Agreement) गरी लगानी गर्ने।
- शेयर तथा ऋण लगानीको अभिलेख राख्ने र अद्यावधिक गर्ने।
- लगानीबाट प्राप्त लाभांश र राजस्वको लेखा राख्ने।
- सम्बन्धित सम्झौता तथा कागजात सुरक्षित राख्ने।

६. **ऋणपत्रको दोश्रो बजार व्यवस्थापन**

- सरकारी ऋणपत्रको प्राथमिक तथा दोश्रो बजार सञ्चालनमा सहयोग गर्ने।
- साँवा र ब्याज भुक्तानीको व्यवस्था मिलाउने।

७. **सरकारी जमानत (Guarantee) व्यवस्थापन**

- जमानत सम्बन्धी अभिलेख राख्ने।
- जमानत शुल्क असुल गर्ने र सम्झौताहरू अद्यावधिक गर्ने।

८. **अध्ययन, अनुसन्धान तथा प्रकाशन**

- सार्वजनिक ऋण र लगानी सम्बन्धी अध्ययन—अनुसन्धान गर्ने।
- बजारको जानकारी संकलन गर्ने।
- वार्षिक/आवधिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने।

९. **बजेट, लेखापरीक्षण तथा फछ्र्यौट**

- आन्तरिक तथा वैदेशिक ऋण भुक्तानीका लागि बजेट प्रस्ताव गर्ने।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने।
- बेरुजु फछ्र्यौट गर्ने।

१०. **विविध**

- नेपाल सरकारको नगद व्यवस्थापन गर्ने।
- आन्तरिक ऋण उठाउने विषयमा सम्बन्धित आयोगसँग समन्वय र निर्देशन पालना गर्ने ।
- सार्वजनिक ऋण व्यवस्थापनका लागी विकास साझेदारसँग सहकार्य गर्ने ।
- ऋण तथा लगानीसम्बन्धी नीति, ऐन र कागजात तयार गर्ने ।
- लेखापरीक्षणबाट आएका सुझावहरु कार्यान्वयन गर्ने

११. **नेपाल सरकारले तोकेका ऋण तथा लगानी व्यवस्थापन सम्बन्धी अन्य कार्यहरु गर्ने ।**

**प्रतिबद्धता**

नेपालको सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (PDMO) सार्वजनिक ऋणलाई दिगो, पारदर्शी र जिम्मेवार तरिकाले व्यवस्थापन गर्न प्रतिबद्ध छ। यस कार्यालयले न्यून लागत र उचित जोखिमको सन्तुलन कायम राख्दै नेपाल सरकारको वित्तीय आवश्यकताहरू समयमै पूरा गर्ने उद्देश्य लिएको छ। आन्तरिक तथा वैदेशिक ऋण सम्बन्धी सम्पूर्ण कार्यहरू कानुनी प्रावधान र अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार सञ्चालन गरिने प्रतिबद्धता रहेको छ। साथै, ऋण तथा लगानी सम्बन्धी अभिलेखहरू सही, अद्यावधिक र विश्वसनीय राख्दै साँवा, ब्याज तथा जमानत सम्बन्धी दायित्वहरू समयमै भुक्तानी गर्ने सुनिश्चितता गर्दछ। सार्वजनिक ऋण सम्बन्धी सूचना तथा प्रतिवेदन पारदर्शी रूपमा प्रकाशन गर्दै दक्ष जनशक्ति, प्रविधि र सुशासनमार्फत प्रभावकारी सेवा प्रवाह गरी देशको आर्थिक स्थायित्वमा योगदान पुर्‍याउने PDMO को प्रमुख प्रतिबद्धता हो।

## १.३ कार्यालयको काम कर्तव्य र अधिकार

सार्वजनिक ऋण व्यवस्थापनको कार्यलाई व्यवस्थित बनाउनका लागि विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाहरु रहेका छन। मुलतः सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा व्यवस्था भएअनुसार यस कार्यालयका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छनः

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही मन्त्रालयले प्रत्येक आर्थिक वर्षको लागि गरेको आय-व्ययको प्रक्षेपण, बैंकिङ्ग क्षेत्रको तरलता र समष्टिगत आर्थिक अवस्थाको विश्लेषण गरी मन्त्रालय, प्रदेश सरकार र नेपाल राष्ट्र बैङ्कसँगको समन्वयमा प्रत्येक आर्थिक वर्षको लागि आवश्यक पर्न सक्ने सार्वजनिक ऋणको प्रक्षेपण गर्ने,
- प्रक्षेपण गरिएको सार्वजनिक ऋणको व्यवस्थापन सम्बन्धमा अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन नीति तर्जुमा गरी मन्त्रालयमा पेश गर्ने,
- सार्वजनिक ऋणको परिचालन गर्ने क्षेत्र पहिचान गरी मन्त्रालय समक्ष सुझाव पेश गर्ने,
- सार्वजनिक ऋणका सम्बन्धमा सम्वन्धित निकायबाट आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने,
- सार्वजनिक ऋण भुक्तानीको लागि आवश्यक बजेट प्रक्षेपण गर्ने,
- सार्वजनिक ऋण सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी सो को विवरण प्रकाशन गर्ने,
- आयोगले गरेको सिफारिसको सीमाभित्र रही नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले लिने आन्तरिक ऋणको व्यवस्थापन गर्ने,
- नेपाल राष्ट्र बैंकसँगको समन्वयमा आन्तरिक ऋण निष्कासन तथा बोलकबोल तालिका मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने,
- ऋणपत्रको कारोबार तथा सरकारी जमानतको अभिलेख व्यवस्थापन गर्ने, जमानत शुल्क असुल गर्ने र जमानत सम्बन्धी सम्झौता प्राप्त गरी सो को अभिलेख अद्यावधिक गर्ने,
- आन्तरिक ऋण व्यवस्थापनका लागि सरकारी ऋणपत्रहरूको निष्कासन गर्ने, बोलकबोल गराउने, रकम प्राप्त गर्ने, प्राप्त रकम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको आन्तरिक ऋण खातामा जम्मा गर्ने,

- वैदेशिक ऋणको अभिलेख, भुक्तानी र लेखाङ्कन गर्ने,
- तोकिए बमोजिम सहायक ऋण सम्झौता गर्ने,
- नेपाल सरकारको तर्फबाट वित्तीय जमानत प्रदान गर्दा हुने वित्तीय जोखिमको पहिचान तथा विश्लेषण गरी मन्त्रालयमा सिफारिस गर्ने,
- अर्थ मन्त्रालयबाट स्वीकृत भए बमोजिम नेपाल सरकारको तर्फबाट सेयर तथा ऋण लगानी गर्ने, सहायक ऋण सम्झौता गर्ने, लेखा राखे, प्रतिवेदन गर्ने,
- सार्वजनिक संस्थानबाट नेपाल सरकारलाई प्राप्त हुनु पर्ने साँवा र व्याज समयमै प्राप्त भए वा नभएको अनुगमन गरी अर्थ मन्त्रालयमा प्रतिवेदन गर्ने,
- सार्वजनिक ऋण व्यवस्थापनको नीति तथा रणनीति तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने र स्वीकृत नीति तथा रणनीति कार्यान्वयन गर्ने,
- सार्वजनिक ऋणको आन्तरिक तथा बाह्य बजार खोजी गरी उपयुक्त बजारमार्फत ऋण उठाउन राय सहित मन्त्रालयमा सिफारिस गर्ने,
- वित्त घाटा पूर्ति गर्न वार्षिक ऋणको सीमाभित्र रही आन्तरिक तथा बाह्य ऋणका उपकरण विश्लेषण गरी कम लागत र जोखिम पक्षको पूर्वानुमान गरी ऋण प्राप्त गर्ने,
- सार्वजनिक ऋणका आन्तरिक र बाह्य उपकरणको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने,
- प्रदेश सरकार वा स्थानीय तहबाट अनरोध भई आएमा सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको लागि आन्तरिक ऋणको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका लागि निष्कासन तथा भुक्तानी भएका ऋणपत्रको छुट्टाछुट्टै अभिलेख राख्ने,
- वित्त नीति र मौद्रिक नीतिबीच सामञ्जस्यता कायम हुने गरी सार्वजनिक ऋणको व्यवस्थापन गर्ने,
- सार्वजनिक ऋण प्राप्ति र भुक्तानी खाताको हिसाब मिलान गर्ने,
- वैदेशिक ऋण परिचालनबाट सञ्चालित आयोजनाको वित्तीय विवरण यकिन गर्ने र वित्तीय कारोबारको अनुगमन गर्ने,
- बजेट तर्जुमाका क्रममा मन्त्रालयलाई सार्वजनिक ऋणको प्राप्ति र भुक्तानी सम्बन्धी आवश्यक विवरण उपलब्ध गराउने, ऋणको साँवा र व्याज भुक्तानीको अनुमान पेस गर्ने,
- बजार निर्माता र विक्री एजेण्टलाई ऋणपत्र सम्बन्धी कारोबार गर्न इजाजत दिने र कारोबारको अनुगमन गर्ने,
- ऐनको दफा १५ बमोजिम नेपाल सरकारले तोकेको जमानत शुल्क लिने र सो को अभिलेख राख्ने,
- नगद योजना (क्यास प्लान) तयार गर्न मन्त्रालयले माग गरेको विवरण उपलब्ध गराउने,
- ऋणपत्रको सम्बन्धमा बजार निर्माता, बिक्री एजेण्ट, दलाल र सर्वसाधारणलाई सूचना तथा जानकारी उपलब्ध गराउने,
- प्रचलित कानुन बमोजिम मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित निकायलाई सार्वजनिक ऋण तथा लगानी सम्बन्धी आवधिक प्रतिवेदन गर्ने,
- सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।

## १.४ संगठनात्मक संरचना र जनशक्ति व्यवस्थापन

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको जनशक्ति व्यवस्थापन र कार्यसञ्चालनका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार स्वीकृत संरचना बमोजिम हाल कार्यालयले कार्यसम्पादन गर्दै आइरहेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा राजपत्राङ्कित प्रथम श्रेणीको पदका कार्यालय प्रमुखको नेतृत्वमा चार वटा शाखा रहेका छन।

| | | | |
|---|---|---|---|
| (क) | नीति विश्लेशण तथा व्यवस्थापन शाखा | (ग) | वैदेशिक ऋण शाखा |
| (ख) | आन्तरिक ऋण शाखा | (घ) | लगानी तथा जमानत शाखा |

### शाखागत कार्य विवरण

**नीति विश्लेषण तथा व्यवस्थापन शाखा**

- अनुसन्धान तथा नीति विश्लेषण सम्बन्धी कार्य
- सामान्य प्रशासन सम्बन्धी कार्य
- आर्थिक प्रशासन सम्बन्धी कार्य
- सूचना प्रविधि सम्बन्धी कार्य

**आन्तरिक ऋण शाखा**

- ऋणपत्र निष्काशन सम्बन्धी कार्य
- दोश्रो बजार कारोबार तथा ऋणपत्रको भुक्तानी सम्बन्धी कार्य
- प्रदेशसरकार तथा स्थानीय तह ऋण व्यवस्थापन सम्बन्धी कार्य
- आन्तरिक ऋणको अभिलेख, साँवा ब्याज भुक्तानी, प्रतिवेदन सम्बन्धी कार्य



**वैदेशिक ऋण शाखा**

- वैदेशिक ऋण अभिलेख, साँवा ब्याज भुक्तानी, प्रतिवेदन सम्बन्धी कार्य
- राय सुझाव पृष्ठपोषण सम्बन्धी कार्य

**लगानी तथा जमानत शाखा**

- ऋण लगानी सम्बन्धी कार्य
- शेयर लगानी तथा जमानत सम्बन्धी कार्य

## १.५ सार्वजनिक ऋण व्यवस्थापन ऐन,नियम र कार्यविधिहरु

- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९
- सार्वजनिक ऋण व्यवस्थापन नियमावली,२०८०
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- शेयर तथा ऋण लगानी नीति,२०८१
- -आन्तरिक ऋण (निष्काशन तथा व्यवस्थापन कार्यविधि),२०८१
- -सार्वजनिक संस्थानको संभावित दायित्व लेखाङ्कन तथा प्रतिवेदन कार्यविधि,२०८२
- मध्यमकालीन ऋण व्यवस्थापन रणनीति (२०८१/८२-२०८३/८४)
- आ.व.२०८२/०८३ को लागि वार्षिक ऋण योजना (वार्षिक ऋण निष्काशन तथा बोलकबोल तालिका)

## १.६ यस कार्यालयबाट नियमित प्रकाशन गरिने  मुख्य विषयहरु

- हिसाब भिडान प्रतिवेदन
- वार्षिक ऋण योजना र बोलकबोल तालिका
- मध्यमकालीन ऋण व्यवस्थापन रणनीति
- अर्धवार्षिक ऋण बुलेटिन
- मासिक,त्रैमासिक,अर्धवार्षिक,वार्षिक (Government Dedt Statistics Report) ऋण प्रतिवेदन
- वार्षिक शेयर तथा लगानी प्रतिवेदन
- User Manual
- ट्रेजरी विल,विकास ऋणपत्र,नागरिक वचतपत्र,वैदेशिक रोजगार बचतपत्रको बिक्री खुल्ला तथा बन्द  सम्बन्धी सूचनाहरु
- ट्रेजरी विल,विकास ऋणपत्रको बोलकबोल सम्बन्धी सूचनाहरु
- ट्रेजरी विल,विकास ऋणपत्रको Auction Result सम्बन्धी सूचनाहरु
- बजार निर्माताको कार्य गर्ने इजाजतपत्र सम्बन्धी सूचना
- बोलपत्र सूचनाहरु

## १.७ आगामी सुधारको सोच

- मध्यमकालीन ऋण व्यवस्थापन रणनीति हरेक आर्थिक वर्षको सुरुवात भित्र तयार गरी रणनीतिले सुझाव दिएका ऋण उपकरणहरूको उपयोग गरी न्यून जोखिमस्तर र लागतमा आन्तरिक ऋणको परिचालन गर्ने ।
- Debt Projection , जोखिम विश्लेषण ( Stress Test / Scenario Analysis),  Risk Rating तथा सुरक्षित ऋण सिमा निर्धारण गरी कस्तो प्रकारको ऋण लिने र ऋण जोखिम घटाउन राजश्व बृद्धि तथा खर्च व्यवस्थापनका उपायहरु सिफारिस गर्नका लागी ऋणको दिगोपना विश्लेषण (Debt Sustainability Analysis-DSA) समयमा नै तयार गर्नु पर्ने ।
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको डिजिटलाइजेशन प्रवेश यात्रा नेपालको आर्थिक क्षेत्रको एउटा महत्वपूर्ण मोड हो । यसले पारदर्शिता, कार्यक्षमता, र उपभोक्ता सेवामा सुधार ल्याउने लक्ष्य राख्दै विभिन्न प्रविधिहरूको प्रयोग गर्दै आएको छ । साविकमा नेपाल राष्ट्र बैङ्कबाट आन्तरिक ऋण निष्काशन हुने गरेकोमा यस कार्यालयमा उक्त कार्य मिति २०८१/०१/१६ गते NRB बाट PDMO मा हस्तान्तरण गर्ने निर्णयनुसार सोहि मितिमा हस्तान्तरण भई Treasury Bills and Development Bond को डेटा मिति २०८१/०१/२३ गते Debt Operation and Management Software (DOMS) मा माईग्रेशन गरी तथा मिति २०८१/०१/२५ गते भेरिफिकेशन गरे पश्चात DOMS मार्फत नै दुबै सेक्युरिटिहरुको बोलकबोल र सेटलमेन्ट हुदै आएकोले गर्दा यस प्रणालीलाई दिगो,भरपर्दो बनाउनु पर्ने देखिएको छ। सार्वजनिक ऋण परिचालनका लागि DOMS Software सञ्चालनका लागि सेवा प्रदायक निकायसँग निर्भर रहनुपरेकोले Competitive Bidding द्वारा नयाँ Software develop गरी यस प्रणालीलाई भरपर्दो, मितव्ययी र दीगो बनाउन पहल गर्नु पर्ने।

- DOMS प्रणालीको AMC सम्बन्धमा कार्यालयमा संचालित ऋण संचालन व्यवस्थापन सफ्टवेयर (DOMS) को सन् २०२५ र २०२६ को AMC गर्न समन्वय र सहजीकरण आवश्यक रहेको ।
- अधिकांश सार्वजनिक संस्थानमा गरिएको लगानीको सावाँ व्याज भुक्तानी समयमा प्राप्त नहुने गरेकाले स्वीकृत भुक्तानी तालीका अनुरुप समयमा भुक्तानी नगर्ने सार्वजनिक संस्थानमा थप लगानी नगर्ने र सावाँ व्याज भुक्तानी जस्ता अनिवार्य दायित्वमा व्यवस्था नगरेसम्म थप सुविधा (भत्ता, वोनस आदि) उपलब्ध नगराइने नीति तयार गर्ने।
- नेपाल सरकारको लगानी (ऋण तथा शेयर) अभिलेख र संस्थानको अभिलेख भिडान हुन नसकेको अवस्था छ। यस अभिलेख भिडान गरी दुबै अभिलेख मिलान गर्न आवश्यक रहेकोले लगानी तथा जमानत शाखामा रहेको GSMS सफ्टवेयरलाई अर्को विकल्प उपलब्ध नहुँदासम्म स्तरोन्नती गरी अभिलेख व्यवस्थित गर्ने।
- भाखा नाघेका सावाँ ब्याज प्राप्तिका सम्बन्धमा सार्वजनिक ऋण व्यवस्थापन ऐन, तथा नियमावलीमा समयानुकुल संशोधन गरी संस्थानबाट प्राप्त हुनुपर्ने सावाँ ब्याज रकम समयमै सरकारी राजस्व खातामा दाखिला हुने व्यवस्था गर्ने।

# खण्ड-ख

# नेपाल सरकारको

# सार्वजनिक ऋणको वार्षिक प्रतिवेदन-२०८१/८२

## मुख्य लेखाङ्कन नीतिहरु (Major Accounting Policies)

आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले गरेको आन्तरिक तथा बाह्य ऋण सम्बन्धी आर्थिक कारोबार र लगानीको लेखाङ्कन सम्बन्धमा अवलम्बन गरिएको मुख्य लेखाङ्कन नीतिहरु देहाय बमोजिम छन् :

**(क) बाह्य ऋण**

- सम्झौता मुद्रा (Commitment Currency) लाई लेखाङ्कन तथा प्रतिवेदनको मुख्य आधारको रुपमा लिइएको छ। प्रतिवेदन नेपाली मुद्रामा गरिएको छ।
- ऋण प्राप्तिको सम्बन्धमा कारोबार मुद्रालाई प्राप्त भएको मिति (Value Date) को विनिमय दर (खरिद दर) को आधारमा सम्झौता मुद्रा तथा नेपाली मुद्रामा परिवर्तन गरी लेखाङ्कन र प्रतिवेदन गरिएको छ। ऋणको साँवा, व्याज तथा अन्य रकम भुक्तानीका सम्बन्धमा सम्झौता मुद्रामा भुक्तानी गर्नुपर्ने रकमलाई भुक्तानी मिति (Value Date) को विनिमय दरको आधारमा कारोवार मुद्रामा भुक्तानी गरी सोही दिनको विनिमय दर (विक्री दर) अनुसार नेपाली मुद्रामा परिणत गरी लेखाङ्कन र प्रतिवेदन तयार गरिएको छ ।
- बाह्य ऋणको कुल दायित्वमा सरकारले जमानत दिएको वैदेशिक ऋण (Publicly guaranteed external debt) उपलब्ध हुन नसकेको कारण समावेश गरिएको छैन ।
- नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि EXIM BANK, CHINA को ऋण रकम समेत समावेश गरी प्रतिवेदन तयार गरिएको छ।
- २०८२ आषाढ मसान्त (१६ जुलाई २०२५) मा सम्झौता मुद्रामा रहेको बाह्य ऋणको दायित्वलाई नेपाली मुद्रामा कायम गर्दा २०८२ आषाढ ३१ (१६ जुलाई २०२५) को विनिमय दर देहाय बमोजिम लिइएको छः-
  - नेपाल राष्ट्र बैंकबाट खरिद दर र बिक्री दर दुवै प्रकाशित हुनेको हकमा बिक्री दरको आधारमा
  - नेपाल राष्ट्र बैंकबाट खरिद दर मात्र प्रकाशित हुनेको हकमा सोही दरको आधारमा।
  - एसडिआर (SDR) मुद्राको हकमा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्रकाशित १६ जुलाई २०२५ को विनिमय दरको आधारमा।

**(ख) आन्तरिक ऋण**

- आन्तरिक ऋण निष्कासन गरेको अङ्कित मूल्य (फेस भ्यालु) को आधारमा लेखाङ्कन तथा प्रतिवेदन गरिएको छ।
- ट्रेजरी बिल बोलकबोलको माध्यमद्वारा डिस्काउण्टेड विधिमा निष्कासन गरिएकोले यस उपकरणबाट आन्तरिक ऋण प्राप्तिको लेखाङ्कन अङ्कित मूल्यको आधारमा गरिएको छ।
- ट्रेजरी बिलको बोलकबोल नवीकरण (rollover) गर्दा डिस्काउन्ट बोलकबोलको माध्यमद्धारा कायम हुने हुँदा यसरी निष्कासन हुने ट्रेजरी बिलबाट रोलओभर नाफा वा घाटाको प्रतिवेदन गरीएको छैन।
- ट्रेजरी बिल रोलओभर (Roll Over) लाई नयाँ ऋण निष्कासनको रुपमा कायम नगरी यस अघि कायम ऋणकै नवीकरण गरिएको रुपमा लेखाङ्कन तथा प्रतिवेदन गरिएको छ।

**(ग) प्रतिवेदन तयारीको संक्षिप्त विधि**

- आन्तरिक ऋणको रकमको लेखाङ्न नेपाल राष्ट्र बैंकबाट हस्तान्तरण भई आएको तथा यस कार्यालयमा उपलब्ध तथ्याङ्कको आधारमा तयार गरिएको छ।
- वैदेशिक ऋण प्राप्तिको विवरण दातृ निकायको Disbursement Portal , वेबसाइट तथा इमेल मार्फत एवं आयोजना कार्यान्वयन इकाइहरूसँग समन्वय गरी भिडान गरिएको छ।
- ऋणसम्बन्धी सूचनाहरू (साँवा व्याज भुक्तानीको बिल, ऋण प्राप्ति विवरण, ऋण मौज्दात आदि) विश्व बैंक (World Bank) को E-billing तथा Client Connection प्रणाली, एशियाली विकास बैंक (ADB) को LFIS प्रणाली, जापानको JNOTYS, युरेपियन युनियनको EIB Client Connection प्रणाली मार्फत प्राप्त गरिएको छ। यसरी प्राप्त सूचनालाई यस कार्यालयको अभिलेखसँग भिडान गरी लेखाङ्कन तथा प्रतिवेदन गरिएको छ।
- प्रतिवेदन गर्दा गत आर्थिक वर्ष २०८०/८१ को अन्तिम मौज्दातको तथ्याङ्कलाई समावेश गरी प्रस्तुत गरिएको छ। गत वर्षको प्रतिवेदन पछि अद्यावधिक भएको तथ्याङ्कलाई यस प्रतिवेदनमा समायोजन गरिएको छ। गत वर्ष ऋणदाताबाट Disbursed भएको तर यस कार्यालयमा ऋण प्राप्त अभिलेख राख्न छुट भएको ऋण ४४०.५४ करोड ऋण जनाइएकोले यस वर्षको शुरु मौज्दातमा समायोजन गरी प्रस्तुत गरिएको छ।

# सार्वजनिक ऋण दायित्वको समग्र स्थिति (Overall Status of Public Debt Liability)

## १.१ तिर्न बाँकी सार्वजनिक ऋण दायित्व (Outstanding Public Debt Liability)

आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा नेपाल सरकारको कुल सार्वजनिक ऋण दायित्व रु २६ खर्ब ७४ अर्ब ०४ करोड पुगेको छ। कुल ऋण दायित्वमा आन्तरिक ऋण रु १२ खर्ब ६३ अर्ब ६ करोड, प्रमिशरी नोट (अन्तराष्ट्रिय मुद्राकोष मूल्य समायोजन) रू ५ अर्ब १५ करोड तथा वैदेशिक ऋण रू १४ खर्ब ५ अर्ब ८२ करोड रहेको छ। आर्थिक वर्ष २०८०/८१ को असार मसान्त सम्ममा वैदेशिक ऋण रू १२ खर्ब ५७ अर्ब ६० करोड, आन्तरिक ऋण दायित्व रु ११ खर्ब ८० अर्ब ९० करोड तथा प्रमिशरी नोट (अन्तराष्ट्रिय मुद्राकोष मूल्य समायोजन) गरी कुल ऋण दायित्व रु २४ खर्ब ३८ अर्ब ५० करोड रहेको थियो। आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल ऋण दायित्व ४३.७९ प्रतिशत पुगेको छ। प्रमिशरी नोटको दायित्वलाई आन्तरिक ऋण तर्फको स्रोतमा समावेश गरी समग्र अवस्था, प्रवृति विश्लेषण गरिएको छ।

**तालिका १: सार्वजनिक ऋण दायित्वको समग्र स्थिति**

**आर्थिक वर्ष २०८०/८१**

**रु करोडमा**

| विवरण | गत वर्षसम्मको मौज्दात | यस आर्थिक वर्षमा प्राप्ति | यस आर्थिक वर्षमा साँवा फिर्ता | विनिमय नाफा/(घाटा) | जम्मा तिर्न बाँकी ऋण |
|---|---|---|---|---|---|
| **क. आन्तरिक ऋण जम्मा** | **११७,६९८.६४** | **३२,९९९.०७** | **२४,३९१.२६** | - | **१२६,३०६.४६** |
| ट्रेजरी बिल | ४०,३६९.२३ | ११,५००.०० | १४,३१३.०३ | - | ३७,५५६.२० |
| विकास ऋणपत्र | ७६,१९४.७० | २१,०९५.०० | ९,९१४.०० | - | ८७,३७५.७० |
| नागरिक बचतपत्र | १,११२.०१ | ३९०.०२ | १६०.५२ | - | १,३४१.५० |
| वैदेशिक रोजगार बचतपत्र | २२.७० | १४.०६ | ३.७१ | - | ३३.०५ |
| **ख. प्रमिशरी नोट (अन्तराष्ट्रिय मुद्राकोष मूल्य समायोजन)** | ३९१.५४ | १२४.४२ | - | - | ५१५.९६ |
| **ग. बाह्य ऋण जम्मा*** | **१२५,७६०.२३** | **१२,९९५.९२** | ४,७२८.५८ | **(६,५५४.७९)** | **१४०,५८२.३६** |
| बहुपक्षीय | ११२,००३.१४ | १२,४२०.२० | ३,६५७.२८ | (५,८८५.३७) | १२६,६५१.४३ |
| द्विपक्षीय | १३,७५७.०९ | ५७५.७१ | १,०७१.३० | (६६९.४२) | १३,९३०.९२ |
| **जम्मा कूल ऋण (क+ख+ग)** | **२४३,८५०.४१** | **४६,११९.४१** | **२९,११९.८४** | **(६,५५४.७९)** | **२६७,४०४.७७** |
| **कूल गार्हस्थ उत्पादन उत्पादकको मूल्यमा** | | | | | **६१०,७२२.१०** |
| **तिर्न बाँकी सार्वजनिक ऋण गार्हस्थ उत्पादन अनुपान (उत्पादकको मूल्यमा)** | | | | | **४३.७९%** |

***वैदेशिक ऋणको गत वर्षसम्मको मौज्दात (रू १२५३१९.६९ करोड) मा छुट भएको Disbursement रु ४४०.५४ करोड यस वर्ष शुरु मौज्दातमा समायोजन गरी प्रस्तुत गरिएको छ।**

कुल गार्हस्थ उत्पादनको अनुपातमा वैदेशिक ऋण २३.०२ प्रतिशत र आन्तरिक ऋण २०.७७ प्रतिशत रहेको छ भने कुल ऋण मध्ये वैदेशिक ऋणको हिस्सा ५२.५७ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४७.४३ प्रतिशत पुगेको छ। यसबाट वैदेशिक ऋणको हिस्सा आन्तरिक ऋणको तुलनामा ५.१४ प्रतिशतले बढी भएको देखिन्छ।

## १.२ सार्वजनिक ऋण दायित्वको प्रवृति (Trend of Outstanding Public Debt Liability)

गत आर्थिक वर्ष २०८०/८१ मा कुल सार्वजनिक ऋण रू २४ खर्ब ३८ अर्ब ५० करोड रहेकोमा यस आर्थिक वर्ष यस्तो ऋण ९.६६ प्रतिशतले अर्थात रु २ खर्ब ३५ अर्ब ५४ करोड ऋण थप भई रू २६ खर्ब ७४ अर्ब ४ करोड पुगेको छ।


**तालिका: २**

**कुल गार्हस्थ उत्पादनमा सार्वजनिक ऋणको अनुपात**

रू करोडमा


| आर्थिक बर्ष | आन्तरिक ऋण | वैदेशिक ऋण | जम्मा ऋण | कुल गार्हस्थ उत्पादन | कुल गार्हस्थ उत्पादनको तुलनामा ऋणको प्रतिशत | कुल ऋणको वार्षिक बृद्धिदर |
|---|---|---|---|---|---|---|
| २०७२/७३ | २३,९०२.८९ | ३८,८७६.०३ | ६२,७७८.९२ | २२४,८६९.१० | २७.९२% | १५.२१% |
| २०७३/७४ | २८,३७१.०६ | ४१,३९७.८८ | ६९,७६८.९४ | २५९,९२३.४० | २६.८४% | ११.१३% |
| २०७४/७५ | ३९,११६.१६ | ५२,६१५.४१ | ९१,७३१.५७ | ३०३,१०३.४० | ३०.२६% | ३१.४८% |
| २०७५/७६ | ४५,३२३.०५ | ५९,४९२.६२ | १०४,८१५.६७ | ३४६,४३१.९० | ३०.२६% | १४.२६% |
| २०७६/७७ | ६१,३७३.५४ | ८१,९६६.७१ | १४३,३४०.२५ | ३७६,७०४.३० | ३८.०५% | ३६.७५% |
| २०७७/७८ | ८०,२९४.१६ | ९३,४६९.५२ | १७३,७६३.६९ | ४२६,६३२.०० | ४०.७३% | २१.२२% |
| २०७८/७९ | ९८,७४४.९३ | १०२,५८४.७१ | २०१,३२९.६४ | ४८५,१६२.०० | ४१.५०% | १५.८६% |
| २०७९/८० | ११२,९१०.३७ | ११७,२४८.८८ | २३०,१५९.२५ | ५३८,१३३.५० | ४२.७७% | १४.३२% |
| २०८०/८१ | ११८,०९०.१८ | १२५,७६०.२३ | २४३,८५०.४१ | ५७०,४८४.४० | ४२.७४% | ५.९५% |
| २०८१/८२ | १२६,८२२.४१ | १४०,५८२.३६ | २६७,४०४.७७ | ६१०,७२२.१० | ४३.७९% | ९.६६% |

**चार्ट १: कुल गार्हस्थ उत्पादनमा सार्वजनिक ऋणको अनुपात**
**(Debt to GDP Ratio)**




कुल गार्हस्थ उत्पादनमा सार्वजनिक ऋणको अनुपात आर्थिक वर्ष २०७५/७६ बाट तिव्र रूपमा वृद्धि हुदै गएकोमा यस आर्थिक वर्षमा न्यून मात्राले बढको छ। आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ उत्पादनको २७.९२ प्रतिशत रहेको कुल ऋण दायित्व आर्थिक वर्ष २०७५/७६ मा ३०.२६ प्रतिशत हुदै निरन्तर वृद्धिसहित आर्थिक वर्ष २०७९/८० मा ४२.७७ प्रतिशत पुगेकोमा आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म केही घटेर ४२.७४ प्रतिशत कायम रहेकोमा यस आर्थिक वर्षमा ४३.७९ प्रतिशत पुगेकोछ। यसरी कुल सार्वजनिक ऋणको बढोत्तरी हुनुमा २०७२ सालमा गएको महाभूकम्प र सो पछिको पुनर्निर्माण, कोभिड १९ महामारी र संघीयता कार्यान्वयन गर्दा खर्चमा भएको बढोत्तरी लगायत विकास निर्माणमा थप स्रोत परिचालन हुनु आदि मुख्य कारण रहेका छन्।

**चार्ट २: कुल ऋणको वार्षिक वृद्धिदर**



सार्वजनिक ऋणको वार्षिक वृद्धिदरमा उतारचढाव देखिन्छ। आर्थिक वर्ष २०७२/७३ मा १५.२१ प्रतिशतले बढको ऋण आर्थिक वर्ष २०७६/७७ मा ३६.७५ ले बढको छ। यस्तो वृद्धिदरमा आर्थिक वर्ष २०७६/७७ देखि निरन्तर घट्दै गत आर्थिक वर्ष २०८०/८१ मा ५.९५ प्रतिशत रहेकोमा यस वर्षको वृद्धिदर ९.६६ प्रतिशत रहेको छ।

## १.३ सार्वजनिक ऋण दायित्यमा स्रोतगत हिस्साको प्रवृति (Trend of Sourcewise Outstanding Public Debt Liability)

सार्वजनिक ऋणको प्रमुख स्रोतमा मुख्यतय वैदेशिक ऋण तथा आन्तरिक ऋण रहेको छ। आर्थिक वर्ष २०७२/७३ मा आन्तरिक ऋण रू २ खर्ब ३९ अर्ब तथा वैदेशिक ऋण रू ३ खर्ब ८८ अर्ब रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक ऋण रू १२ खर्ब ६८ अर्ब तथा वैदेशिक ऋण रू १४ खर्ब ५ अर्ब पुगेको छ। यसरी विगत दश वर्षमा आन्तरिक ऋण तथा वैदेशिक ऋण रकम उल्लेख्य बढेको छ।


तालिका: ३

सार्वजनिक ऋण दायित्वमा स्रोतगत हिस्साको प्रवृति

रू करोडमा

| आर्थिक बर्ष | आन्तरिक ऋण | बैदेशिक ऋण | जम्मा ऋण | स्रोतगत हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | आन्तरिक ऋण | बैदेशिक ऋण |
| २०७२/७३ | २३,९०२.८९ | ३८,८७६.०३ | ६२,७७८.९२ | ३८.०७% | ६१.९३% |
| २०७३/७४ | २८,३७१.०६ | ४१,३९७.८८ | ६९,७६८.९४ | ४०.६६% | ५९.३४% |
| २०७४/७५ | ३९,११६.१६ | ५२,६१५.४१ | ९१,७३१.५७ | ४२.६४% | ५७.३६% |
| २०७५/७६ | ४५,३२३.०५ | ५९,४९२.६२ | १०४,८१५.६७ | ४३.२४% | ५६.७६% |
| २०७६/७७ | ६१,३७३.५४ | ८१,९६६.७१ | १४३,३४०.२५ | ४२.८२% | ५७.१८% |
| २०७७/७८ | ८०,२९४.१६ | ९३,४६९.५२ | १७३,७६३.६९ | ४६.२१% | ५३.७९% |
| २०७८/७९ | ९८,७४४.९३ | १०२,५८४.७१ | २०१,३२९.६४ | ४९.०५% | ५०.९५% |
| २०७९/८० | ११२,९१०.३७ | ११७,२४८.८८ | २३०,१५९.२५ | ४९.०६% | ५०.९४% |
| २०८०८१ | ११८,०९०.१८ | १२५,७६०.२३ | २४३,८५०.४१ | ४८.४३% | ५१.५७% |
| २०८१/८२ | १२६,८२२.४१ | १४०,५८२.३६ | २६७,४०४.७७ | ४७.४३% | ५२.५७% |

चार्ट ३: सार्वजनिक ऋणको स्रोतगत हिस्साको प्रवृत्ति




आर्थिक वर्षमा २०७२/७३ मा आन्तरिक ऋण र वैदेशिक ऋणको हिस्सा क्रमश: ३८.०७ प्रतिशत र ६१.९३ प्रतिशत रहेकोमा त्यतपश्चातका वर्षमा कुल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा बढ्दै आर्थिक वर्षमा २०७९/८० मा आन्तरिक ऋण र वैदेशिक ऋणको हिस्सा क्रमश: ४९.०६ प्रतिशत र ५१.९४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ पछि पुन कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा बढ्दै आर्थिक वर्ष २०८१/८२ आन्तरिक ऋण र वैदेशिक ऋणको हिस्सा मा क्रमश: ४७.४३ प्रतिशत र ५२.५७ प्रतिशत पुगेको छ।

## २. ऋण सेवा (साँवा र व्याजको भुक्तानी) अवस्था र प्रवृत्ति (Status and Trend of Debt Service)

### २.१ साँवा र व्याजको भुक्तानी (Payment of Principal and Interest)

आर्थिक वर्ष २०८१/८२ मा साँवा र व्याज गरी कुल रु ३ खर्ब ६१ अर्ब ६४ करोड भुक्तानी भएको छ। कुल भुक्तानी मध्ये साँवा भुक्तानीमा ८०.५२ प्रतिशत अर्थात रु २ खर्ब ९१ अर्ब १९ करोड र व्याज भुक्तानीमा १९.४८ प्रतिशत अर्थात रु ७० अर्ब ४४ करोड खर्च भएको छ। सो मध्ये आन्तरिक ऋणको साँवा भुक्तानी रु २ खर्ब ४३ अर्ब ५१ करोड भएको छ भने वैदेशिक ऋण तर्फ रु ४७ अर्ब २८ करोड भुक्तानी भएको छ। कुल व्याज भुक्तानी मध्ये आन्तरिक ऋणको व्याज भुक्तानी रु ६० अर्ब २७ करोड र वैदेशिक ऋणको व्याज भुक्तानी रु १० अर्ब १६ करोड रहेको छ। ऋणको साँवा व्याज भुक्तानीमा कुल विनियोजनको आधारमा ऋण सेवा खर्च ८९.७७ प्रतिशत रहेको छ।


## तालिका ४: ऋण सेवाको विवरण

(रू करोडमा)

| विवरण | वार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत | कुल गार्हस्थ उत्पादनको आधारमा ऋण सेवा खर्च प्रतिशत |
|---|---|---|---|---|
| **साँवा** | ३०८१३.६६ | २९११९.८४ | ९४.५०% | ४.७७% |
| आन्तरिक ऋण | २४५७८.०० | २४३९१.२५ | ९९.२४% | ३.९९% |
| वैदेशिक ऋण | ६२३५.६६ | ४७२८.५९ | ७५.८३% | ०.७७% |
| **ब्याज** | ९४७१.६० | ७०४४.८२ | ७४.३८% | १.१५% |
| आन्तरिक ऋण | ८०१०.४४ | ६०२७.८७ | ७५.२५% | ०.९९% |
| वैदेशिक ऋण | १४६१.१६ | १०१६.९५ | ६९.६०% | ०.१७% |
| **जम्मा खर्च** | ४०२८५.२६ | ३६१६४.६६ | ८९.७७% | ५.९२% |
| आन्तरिक ऋण खर्च | ३२५८८.४४ | ३०४१९.१२ | ९३.३४% | ४.९८% |
| वैदेशिक ऋण खर्च | ७६९६.८२ | ५७४५.५४ | ७४.६५% | ०.९४% |

आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ उत्पादनको आधारमा कुल ऋण सेवा खर्च ५.९२ प्रतिशत भएको छ। सो मध्ये कुल गार्हस्थ उत्पादनको आधारमा कुल साँवा भुक्तानी ४.७७ प्रतिशत र कुल व्याज भुक्तानी १.१५ प्रतिशत रहेको छ। यस वर्ष आन्तरिक ऋणको व्याजदर न्यून भएकोले गत वर्षको तुलनामा व्याज खर्च कम भएको छ। त्यस्तै सहुलियत दरको वैदेशिक ऋण परिचालनको मात्रा बढी भएकोले ऋण दायित्वको रकम करिब बराबर भए तापनि आन्तरिक ऋणमा बढी व्याज भुक्तानी गर्नु परेको छ। वैदेशिक ऋणको व्याज तुलनात्मक रुपमा न्यून देखिए तापनि वैदेशिक विनिमयदर परिवर्तन सम्बन्धी जोखिम भने रहेको हुन्छ

चार्ट ४ : कुल ऋण सेवा खर्चमा हिस्सा



## २.२ साँवा भुक्तानीको प्रवृत्ति (Trend of Principal Repayment)

आर्थिक वर्ष २०७७/७८ मा ऋणको कुल साँवा भुक्तानी रू ६० अर्ब १६ करोड भएकोमा २०८१/८२ मा कुल साँवा भुक्तानी रू २ खर्ब ९१ अर्ब १९ करोड पुगेको छ। गत आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा साँवा भुक्तानी ३०.३८ प्रतिशतले वृद्धि भएको छ। विगत पाँच वर्षको साँवा भुक्तानीको प्रवृति विश्लेषण गर्दा वैदेशिक ऋणको तुलनामा आन्तरिक ऋणको साँवा भुक्तानी गरेको रकम उच्च वृद्धि भएको छ।


**तालिका ५: साँवा भुक्तानीको विवरण**

रु करोडमा

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| **कुल साँवा भुक्तानी** | **६०१६.९७** | **७६७५.३६** | **१४९७१.२६** | **२२३३४.५४** | **२९११९.८४** |
| आन्तरिक ऋण | ३६९०.११ | ४,७३३.७८ | ११,५०९.४७ | १८,२६२.३३ | २४,३९१.२५ |
| वैदेशिक ऋण | २३२६.८६ | २,९४१.५८ | ३,४६१.७९ | ४,०७२.२१ | ४,७२८.५९ |
| **कुल गार्हस्थ उत्पादन** | ४३५२५५.०२ | ४९७६५५.७७ | ५३४८५२.७६ | ५७०४८४.४४ | ६१०७२२.१ |
| **कुल गार्हस्थ उत्पादनको तुलनामा साँवा खर्च** | १.३८% | १.५४% | २.८०% | ३.९२% | ४.७७% |

आर्थिक वर्ष २०७७/७८ कुल गार्हस्थ उत्पादनको तुलनामा साँवा भुक्तानी खर्च १.३८ प्रतिशत रहेकोमा यस्तो खर्च निरन्तर वृद्धि हुदै आर्थिक वर्ष २०८१/८२ मा ४.७७ प्रतिशत पुगको छ। वैदेशिक ऋणको तुलनामा आन्तरिक ऋणको साँवा भुक्तानी खर्च रकम उल्लेख्य मात्रामा बढ्दै गइरहेको छ।

**चार्ट ५: साँवा भुक्तानीको प्रवृत्ति**



माथिको चार्टबाट विगत पाँच वर्षमा कुल साँवा फिर्तामा वैदेशिक ऋणको तुलनामा आन्तरिक ऋणको हिस्सा उच्च रहेको देखिन्छ।

## २.३ व्याज भुक्तानीको प्रवृत्ति (Trend of Interest Payment)


गत आर्थिक वर्ष २०८०/८१ मा कुल व्याज खर्च रू ८३ अर्ब ३ करोड भएकोमा यस आर्थिक वर्ष २०८१/८२ मा यस्तो व्याज खर्च ७० अर्ब ४४ करोड भएको छ। गतवर्षको तुलनामा आर्थिक वर्ष २०८१/८२ मा व्याज भुक्तानी १४.१३ प्रतिशतले घट्न गएको छ। चालु आर्थिक वर्ष बजारमा उच्च तरलता भएकोले व्याजदर न्यून हुँदा ट्रेजरी बिल नविकरण गर्दा व्याजदरमा सरकारलाई प्रत्यक्ष फाइदा पुगेको देखिन्छ। त्यस्तै गत वर्षको तुलनामा ऋण दायित्व बढे तापनि लागत तथा जोखिमको विश्लेषण गरि उपयुक्त ऋण उपकरण छनौट भएकोले लागत न्यून हुन गएको छ।

### तालिका ६: व्याज भुक्तानीको विवरण

रु करोडमा

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| कुल व्याज खर्च | ३४६३.४० | ४,५०२.८८ | ७,२७८.०२ | ८,२०३.१७ | ७,०४४.८२ |
| आन्तरिक ऋण | २८४६.०६ | ३,७५८.६८ | ६,४५१.७३ | ७,२७६.७८ | ६,०२७.८७ |
| वैदेशिक ऋण | ६१७.३५ | ७४४.२० | ८२६.२९ | ९२६.३९ | १,०१६.९५ |
| कुल गार्हस्थ उत्पादन | ४३५२५५ | ४९७६५५.७७ | ५३४८५२.७६ | ५७०४८४.४४ | ६१०७२२.१ |
| कुल गार्हस्थ उत्पादनको तुलनामा व्याज खर्च | ०.८०% | ०.९०% | १.३६% | १.४४% | १.१५% |

चार्ट ६: व्याज भुक्तानीको प्रवृत्ति



कुल गार्हस्थ उत्पादनको तुलनामा व्याज खर्च आर्थिक वर्ष २०७७/७८ मा ०.८ प्रतिशत रहेकोमा यस्तो खर्च निरन्तर बृद्धि हुदै आर्थिक वर्ष २०८०/८१ मा १.४४ प्रतिशत सम्म पुगकोमा आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक ऋण उपकरणको व्याजदर न्यून भएकोले घटेर कुल गार्हस्थ उत्पादनको तुलनामा व्याज खर्च १.१५ प्रतिशत कायम भएको छ। कुल व्याज भुक्तानीमा वैदेशिक ऋणको तुलनामा आन्तरिक ऋणको व्याज भुक्तानी खर्च बढ्दै गइरहेको छ।

## २.४ सार्वजनिक ऋण सेवाको स्थिति र प्रवृत्ति (Status and Trend of Debt Service)


आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारको कुल सार्वजनिक ऋण सेवा खर्च रु ३ खर्ब ६१ अर्ब ६४ करोड रहेको छ। गत आर्थिक वर्ष २०८०।८१ मा यस्तो खर्च ३ खर्ब ५ अर्ब ३७ करोड थियो। गत वर्ष कुल गार्हस्थ उत्पादनमा ऋण सेवा खर्चको अनुपात ५.३५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ५.९२ प्रतिशत कायम भएको छ। त्यस्तै आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमशः २.१८,२.४५ प्रतिशत र ४.१६ प्रतिशत रहेको थियो।

**तालिका ७: सार्वजनिक ऋण सेवाको विवरण**

रु करोडमा

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| जम्मा ऋण सेवा | ९४८०.३८ | १२१७८.२४ | २२२४९.२८ | ३०५३७.७१ | ३६१६४.६६ |
| साँवा | ६०१६.९७ | ७६७५.३६ | १४९७१.२६ | २२३३४.५४ | २९११९.८४ |
| व्याज | ३४६३.४० | ४५०२.८८ | ७२७८.०२ | ८२०३.१७ | ७०४४.८२ |
| कुल गार्हस्थ उत्पादन | ४३५२५५.०२ | ४९७६५५.७७ | ५३४८५२.७६ | ५७०४८४.४४ | ६१०७२२.१० |
| कुल गार्हस्थ उत्पादनको तुलनामा ऋण सेवा खर्च | २.१८% | २.४५% | ४.१६% | ५.३५% | ५.९२% |

चार्ट ७: कुल गार्हस्थ उत्पादनमा ऋण सेवाको अनुपात



आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ उत्पादनको आधार कुल ऋण सेवा खर्च २.१८ प्रतिशत बाट क्रमशः वृद्धि भई गत आर्थिक वर्ष २०८०/८१ मा ५.३५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ५.९२ प्रतिशत कायम भएको छ। यो विगत पाँच वर्ष लगभग १४५ प्रतिशतको वृद्धि हो।

## ३. वैदेशिक ऋण(External Debt)

### ३.१ निकायगत वैदेशिक ऋणको लक्ष्य र प्राप्ति ( Creditor wise Disbursement)


आर्थिक वर्षमा २०८१/८२ मा बहुपक्षीय श्रोतबाट कुल वैदेशिक ऋण प्राप्तिको ९५.५७ प्रतिशत अर्थात रु १ खर्ब २४ अर्ब २० करोड तथा द्विपक्षीय स्रोतबाट कुल वैदेशिक ऋण प्राप्तिको ४.४३ प्रतिशत अर्थात रू ५ अर्ब ७१ करोड वैदेशिक ऋण प्राप्त भएको छ। त्यस्तै यो आर्थिक वर्ष वैदेशिक ऋण प्राप्ति कुल लक्ष्यको तुलनामा ५९.७० प्रतिशत रहेको छ जसमध्ये बहुपक्षीय र द्विपक्षीय स्रोतको लक्ष्यको तुलनामा प्राप्ति क्रमशः २८ र ६३ प्रतिशत हुन आउछ।

**तालिका ८: दातृ निकायगत वैदेशिक ऋणको लक्ष्य र प्राप्ति**


रु करोडमा

| सि.नं. | दातृ निकाय | लक्ष्य | प्राप्ति रकम | लक्ष्यको तुलनामा प्राप्ति | कुल प्राप्तिमा हिस्सा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | भारत | ६१०.०३ | २५४.५९ | ४२% | १.९६% |
| २ | जापान | ७३१.५९ | ३२१.१२ | ४४% | २.४७% |
| ३ | कुवेती कोष | ५६.४६ | ०.०० | ०% | ०.००% |
| ४ | साउदी कोष | २८७.८२ | ०.०० | ०% | ०.००% |
| ५ | स्वीजरल्याण्ड | ३३.०० | ०.०० | ०% | ०.००% |
| ६ | दाताको संयुक्त कोष | ३२८.०१ | ०.०० | ०% | ०.००% |
| | **द्विपक्षीय** | **२,०४६.९१** | **५७५.७१** | २८% | ४.४३% |
| ७ | युरोपीयन इन्भेष्टमेन्ट बैंक | ६११.२८ | ८७३.९७ | १४३% | ६.७२% |
| ८ | एशियाली विकास बैंक | ९,०७०.०३ | ५,१७९.११ | ५७% | ३९.८५% |
| ९ | ओपेक ऋण | १४.३५ | ९.७७ | ६८% | ०.०८% |
| १० | अन्तर्राष्ट्रिय विकास संस्था | ७,४४४.४६ | ५,९५८.२१ | ८०% | ४५.८५% |
| ११ | अन्तर्राष्ट्रिय मुद्रा कोष | १,०००.०० | ०.०० | ०% | ०.००% |
| १२ | अन्तर्राष्ट्रिय कृषि विकास कोष | ३१४.५८ | ३२.४५ | १०% | ०.२५% |
| १३ | ए.आइ.आइ.वि. | ५४०.०० | ३६६.६८ | ६८% | २.८२% |
| १४ | एसईएसपी-दाताको संयुक्त कोष | ७२५.७४ | ०.०० | ०% | ०.००% |
| | **बहुपक्षीय** | **१९,७२०.४४** | **१२,४२०.२०** | ६३% | ९५.५७% |
| | **जम्मा** | **२१,७६७.३५** | **१२,९९५.९२** | ५९.७०% | १००.००% |

**चार्ट ८: निकायगत वैदेशिक ऋण प्राप्ति**




**चार्ट ९: दातृ निकायगत वैदेशिक ऋण प्राप्ति (प्रतिशत)**




आर्थिक वर्ष २०८१/८२ मा नेपालले विभिन्न बाह्य दातृ निकायबाट ऋण प्राप्ति लक्ष्यको तुलनामा सबैभन्दा बढी युरोपीयन युनियनबाट १४३ प्रतिशत, आईडीएबाट ८० प्रतिशत तथा एडिबिबाट ५७ प्रतिशत प्राप्त भएको देखिन्छ। त्यस्तै कुल वैदेशिक ऋण प्राप्तिमा आईडीएको ४५.८५ प्रतिशत तथा एडिबिको ३९.८५ प्रतिशत हिस्सा रहेको छ।

## ३.२ निकायगत वैदेशिक ऋणको साँवा भुक्तानी (Creditor wise Amortazation)

आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक ऋणको साँवा भुक्तानीमा रू ६२ अर्ब ३५ करोड बिनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा जम्मा रू ४७ अर्ब २८ करोड खर्च भएको छ।

**तालिका ९: दातृ निकायगत साँवा भुक्तानी बजेट र खर्च**

रू करोडमा

| सि.नं. | नाम | बजेट उपशीर्षक | जम्मा बजेट | खर्च | कुल खर्चमा हिस्सा |
|---|---|---|---|---|---|
| | **बहुपक्षीय** | | | | |
| १ | एशियाली विकास बैंक | ५०३०००० १५ | १,८५०.११ | १,५३६.९३ | ३२.५०% |
| २ | अन्तर्राष्ट्रिय विकास संस्था | ५०३००००२५ | २,०१८.०० | १,७४४.०६ | ३६.८८% |
| ३ | ओपेक ऋण | ५०३००००३५ | १६१.६० | १००.१७ | २.१२% |
| ४ | युरोपीय आर्थिक समुदाय | ५०३००००४५ | १०.५९ | ३.२५ | ०.०७% |
| ५ | अन्तर्राष्ट्रिय कृषि विकास कोष | ५०३००००५५ | ७८.३४ | ५९.३१ | १.२५% |
| ६ | नर्डिक विकास कोष | ५०३००००६५ | २४.४६ | १५.४३ | ०.३३% |
| ७ | युरोपीयन इन्भेष्टमेन्ट बैंक | ५०३००००८५ | ६६.०० | ६१.९० | १.३१% |
| ८ | ए.आइ.आइ.वि. | ५०३००००९५ | २५.०० | ६.९६ | ०.१५% |
| ९ | अन्तर्राष्ट्रिय मुद्रा कोष | ५०३००००७५ | १६५.०० | १२९.२८ | २.७३% |
| | **जम्मा बहुपक्षीय ऋणको साँवा** | | ४,३९९.१० | ३,६५७.२८ | ७७.३४% |
| | **द्विपक्षीय** | | | | |
| १ | जापानी ऋण -१९८८ देखिको | ५०४००००२५ | २२५.०० | १७३.८१ | ३.६८% |
| २ | कुवेती ऋण | ५०४००००३५ | १५.८८ | १३.२३ | ०.२८% |
| ३ | साउदी कोष | ५०४००००४५ | ५०७.२० | ३४.७७ | ०.७४% |
| ४ | फ्रान्सेली ऋण | ५०४००००५५ | १५.६० | २.८५ | ०.०६% |
| ५ | बेल्जियम ऋण | ५०४००००६५ | ९.९० | ६.३० | ०.१३% |
| ६ | भारत | ५०४०००१०५ | ८७४.०० | ६६२.२९ | १४.०१% |
| ७ | चीन | ५०४०००१०५ | १४०.०० | १३०.४८ | २.७६% |
| ८ | कोरिया | ५०४०००१०५ | ४८.९८ | ४७.५९ | १.०१% |
| | **जम्मा द्विपक्षीय ऋणको साँवा** | | १,८३६.५६ | १,०७१.३० | २२.६६% |
| | **कुल साँवा भुक्तानी** | | ६,२३५.६६ | ४,७२८.५८ | १००.००% |

आर्थिक वर्ष २०८१/८२ मा कुल साँवा भुक्तानीमा बहुपक्षीय र द्विपक्षीय साँवा भुक्तानीको हिस्सा क्रमश ७७.३४ प्रतिशत र २२.६६ प्रतिशत रहेको छ। कुल साँवा भुक्तानीमा सबैभन्दा बढी हिस्सा अन्तर्राष्ट्रिय विकास संस्थाको ३६.८८ प्रतिशत र एशियाली विकास बैंकको ३२.५ प्रतिशत रहेको छ

## ३.३ निकायगत वैदेशिक ऋणको व्याज भुक्तानी (Creditor wise Amortazation)

आर्थिक वर्षमा २०८१/८२ मा कुल वैदेशिक ऋणको व्याज भुक्तानीमा रू १४ अर्ब ६१ करोड बिनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा जम्मा रू १० अर्ब १६ करोड खर्च भएको छ।

**तालिका १०: दातृ निकायगत व्याज भुक्तानी बजेट र खर्च**

रू करोडमा

| सि.नं. | नाम | बजेट उपशीर्षक | जम्मा बजेट | खर्च | कुल खर्चमा हिस्सा |
|---|---|---|---|---|---|
| | **बहुपक्षीय** | | | | |
| १ | एशियाली विकास बैंक | ५०३०१००१३ | ४२५.१६ | ३९४.४२ | ३८.७८% |
| २ | अन्तर्राष्ट्रिय विकास संस्था | ५०३०१००२३ | ४९४.२७ | ४४७.५५ | ४४.०१% |
| ३ | ओपेक ऋण | ५०३०१००३३ | २१.०० | १५.०२ | १.४८% |
| ४ | युरोपीय आर्थिक समुदाय | ५०३०१००४३ | १८.२५ | ०.०५ | ०.०१% |
| ५ | अन्तर्राष्ट्रिय कृषि विकास कोष | ५०३०१००५३ | ३१.९० | १०.३७ | १.०२% |
| ६ | नर्डिक विकास कोष | ५०३०१००६३ | ३.२४ | १.३३ | ०.१३% |
| ७ | युरोपीयन इन्भेष्टमेन्ट बैक | ५०३०१००७३ | ५६.५० | ५३.७५ | ५.२९% |
| ८ | ए.आइ.आइ.वि. | ५०३०१००९३ | २.४८ | - | ०.००% |
| ९ | अन्तर्राष्ट्रिय मुद्रा कोष | ५०३०१०१०३ | - | - | ०.००% |
| | **जम्मा बहुपक्षीय ब्याज** | | १,०५२.८० | ९२२.५० | ९०.७१% |
| | **द्विपक्षीय** | | | | |
| १ | जापानी ऋण -१९८८ देखिको | ५०४०१००२३ | १५.६५ | ४.२० | ०.४१% |
| २ | कुवेती ऋण | ५०४०१००३ | १७.६५ | ३.६९ | ०.३६% |
| ३ | साउदी कोष | ५०४०१००४३ | ६.८८ | ३.३४ | ०.३३% |
| ४ | फ्रान्सेली ऋण | ५०४०१००५ | ०.८६ | ०.०७ | ०.०१% |
| ५ | भारत | ५०४०१०१०३ | १६३.३६ | ५५.२५ | ५.४३% |
| ६ | चीन | ५०४०१०१०३ | ८१.५० | २४.१३ | २.३७% |
| ७ | कोरिया | ५०४०१०१०३ | १२२.४६ | ३.७७ | ०.३७% |
| | **जम्मा द्विपक्षीय ब्याज** | | ४०८.३६ | ९४.४५ | ९.२९% |
| | जम्मा ब्याज खर्च | | १,४६१.१६ | १,०१६.९५ | १००.००% |

आर्थिक वर्ष २०८१/८२ मा कुल व्याज भुक्तानीमा बहुपक्षीय र द्विपक्षीय व्याज भुक्तानीको हिस्सा क्रमश ९०.७१ प्रतिशत र ९.२१ प्रतिशत रहेको छ। कुल व्याज भुक्तानीमा सबैभन्दा बढी हिस्सा अन्तर्राष्ट्रिय विकास संस्थाको ४४.०१ प्रतिशत र एशियाली विकास बैंकको ३८.७८ प्रतिशत रहेको छ

## ३.४ निकायगत वैदेशिक ऋण दायित्व (Creditor-wise Outstanding External Debt)

यस आर्थिक वर्षको अन्तमा कुल वैदेशिक ऋण दायित्वमा १७ वटा दातृ निकायको ऋण दायित्व बाँकी रहेको छ। बहुपक्षीय ऋणको अंश ९०.०९ प्रतिशतमा सबैभन्दा बढी आइडीए र एडीबीको अंश देखिन्छ। यी दुई संस्थाको मात्र करिब ८२ प्रतिशत ऋण दायित्व रहेको छ। द्विपक्षीय ऋणको अंश ९.९१ मा जापान, भारत र चीनको अंश मात्र ९.२ प्रतिशत रहेको छ।

**तालिका ११: वैदेशिक ऋणको निकायगत संरचना**

रु करोडमा

| आर्थिक वर्ष | रकम (नेपाली मुद्रामा) | हिस्सा प्रतिशत |
|---|---|---|
| **कुल जम्मा** | १४०,५८२.३६ | १००.००% |
| बहुपक्षीय जम्मा | १२६,६५१.४३ | ९०.०९% |
| एशियाली विकास बैंक | ४६,४९१.०० | ३३.०७% |
| युरोपीय आर्थिक समुदाय | १३.६३ | ०.०१% |
| युरोपीयन इन्भेष्टमेन्ट बैक | २,१४७.९३ | १.५३% |
| ए.आइ.आइ.वि. | ५३३.२० | ०.३८% |
| अन्तर्राष्ट्रिय विकास संस्था | ६९,०१०.१५ | ४९.०९% |
| अन्तर्राष्ट्रिय कृषि विकास कोष | १,०९४.०६ | ०.७८% |
| अन्तर्राष्ट्रिय मुद्रा कोष | ६,५४७.२९ | ४.६६% |
| नर्डिक विकास कोष | १७८.१६ | ०.१३% |
| ओपेक ऋण | ६३६.०२ | ०.४५% |
| **द्विपक्षीय जम्मा** | १३,९३०.९२ | ९.९१% |
| बेल्जियम | ४७.३३ | ०.०३% |
| चीन | ३,३९७.९३ | २.४२% |
| फ्रान्स | १९.०९ | ०.०१% |
| भारत | ३,७५१.९७ | २.६७% |
| जापान | ५,७६३.३३ | ४.१०% |
| द. कोरिया | ४७९.८९ | ०.३४% |
| कुवेती कोष | १७६.६६ | ०.१३% |
| **साउदी कोष** | २९४.७१ | ०.२१% |

दातृ निकायगत रुपमा हेर्दा वैदेशिक ऋण दायित्वमा अधिकांश हिस्सा बहुपक्षीय श्रोत तर्फको अन्तर्राष्ट्रिय विकास संस्था (आइडिए) ४९.०९ प्रतिशत र एशियाली विकास बैंक (एडिबी) ३३.०७ प्रतिशत रहेको छ। त्यसैगरी द्विपक्षीय श्रोत तर्फ क्रमशः जापान ४.१० प्रतिशत, भारत २.६७ प्रतिशत र चीन २.४२ प्रतिशत रहेको छ। सो बाहेक बहुपक्षीय श्रोततर्फ क्रमशः अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ४.६६ प्रतिशत, अन्तर्राष्ट्रिय कृषि विकास कोष (आइफाड) ०.७८ प्रतिशत, ओपेक ०.४५ प्रतिशत, युरोपीयन इन्भेष्टमेन्ट बैंक (इआइबी) ०.३८ प्रतिशत, र युरोपीय आर्थिक समुदाय (इइसी) ०.०१ प्रतिशत रहेको छ। द्विपक्षीय श्रोत तर्फ क्रमशः दक्षिण कोरिया ०.३४ प्रतिशत, कुवेती कोष ०.१३ प्रतिशत, बेल्जियम ०.०३ प्रतिशत, साउदी कोष ०.२१ प्रतिशत, फ्रान्स ०.०१ प्रतिशत रहेको छ।

## ३.५ मुद्रागत वैदेशिक ऋण दायित्व (Currency-wise Outstanding External Debt)


नेपालको विभिन्न १७ वटा निकायसँग १० वटा मुद्रामा वैदेशिक ऋण दायित्व बाँकी रहेको छ। सो मध्ये सबैभन्दा बढी एसडीआरमा ७२.६३ प्रतिशत र युएसडीमा १९.५३ प्रतिशत ऋण दायित्व रहेको छ। त्यस्तै, जापानी ऐन ४.१ प्रतिशत र चिनीया युआन २.४२ प्रतिशत रहेको छ।

**तालिका १२: वैदेशिक ऋणको मुद्रागत संरचना**

रू करोडमा

| सि.नं. | वैदेशिक मुद्रा | रकम (नेपाली मुद्रामा) | रकम (युएसडी) | हिस्सा प्रतिशत |
|---|---|---|---|---|
| १ | CNY | ३,३९७.९३ | २४.६९ | २.४२% |
| २ | DKK | ०.४३ | ०.०० | ०.००% |
| ३ | EUR | ९११.४७ | ६.६२ | ०.६५% |
| ४ | GBP | १.९८ | ०.०१ | ०.००% |
| ५ | JPY | ५,७६३.३३ | ४१.८८ | ४.१०% |
| ६ | KRW | ४७९.८९ | ३.४९ | ०.३४% |
| ७ | KWD | १७६.६६ | १.२८ | ०.१३% |
| ८ | SAR | २९४.७१ | २.१४ | ०.२१% |
| ९ | SDR | १०२,०९८.८५ | ७४२.०० | ७२.६३% |
| १० | USD | २७,४५७.१० | १९९.५४ | १९.५३% |
| | **जम्मा** | १४०,५८२.३६ | १,०२१.६७ | १००.००% |

चार्ट १०: मुद्रागत वैदेशिक ऋण दायित्व




बुहपक्षीय दाताहरु एडिबी, आइडीए र आईफाड जस्ता निकायसँग हुने वित्तीय सम्झौता एसडिआरमा र द्विपक्षीय दाताहरु भारत, इआइबि र ओफिड सँग हुने वित्तीय सम्झौता युएसडी मा हुने गरेको छ। एसडिआरमा गरेको सम्झौतामा पनि भुक्तानी मुद्रा (Transaction Currency) अमेरिकी डलरमा गर्ने गरेको छ।

## ३.६ वैदेशिक ऋण दायित्व (Outstanding External Debt)


कुल वैदेशिक ऋण दायित्व आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा ११.७९ प्रतिशतले बढ्न गई रु १४ खर्ब ५ अर्ब ८२ करोड पुगेको छ। आर्थिक वर्ष २०८१/८२ को असार मसान्त सम्ममा वैदेशिक ऋण दायित्वको संरचना (Composition) बहुपक्षीय ऋण रु १२ खर्ब ६६ अर्ब ५१ करोड र द्विपक्षीय ऋण रु १ खर्ब ३९ अर्ब ३० करोड रहेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा कुल वैदेशिक ऋणको ८९.०६ प्रतिशत बहुपक्षीय ऋण र १०.९४ प्रतिशत द्विपक्षीय ऋण रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो अनुपात ९०.०९ प्रतिशत र ९.९१ प्रतिशत हुन पुगेको छ। विगत पाँच वर्षको वैदेशिक ऋणको विश्लेषण गर्दा कुल ऋणको अनुपातमा बहुपक्षीय ऋण र द्विपक्षीय ऋणको अनुपातमा तात्विक परिवर्तन भएको देखिदैन।

**तालिका १३ : वैदेशिक ऋण दायित्वको विवरण**

रु करोडमा

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| कुल जम्मा | ९३,४६९.५२ | १०२,५८४.७१ | ११७,०९९.०९ | १२५,७६०.२३ | १४०,५८२.३६ |
| बहुपक्षीय जम्मा | ८२,१९९.७७ | ८९,४४६.३२ | १०३,०४६.२१ | ११२,००३.१४ | १२६,६५१.४३ |
| द्विपक्षीय जम्मा | ११,२६९.७५ | १३,१३८.३९ | १४,०५२.८९ | १३,७५७.०९ | १३,९३०.९२ |
| वार्षिक बृद्धिदर | १४.०३% | ९.७५% | १४.१५% | ७.४०% | ११.७९% |
| **बहुपक्षीय ऋणको अनुपात** | **८७.९४%** | **८७.१९%** | **८८.००%** | **८९.०६%** | **९०.०९%** |
| **द्विपक्षीय ऋणको अनुपात** | **१२.०६%** | **१२.८१%** | **१२.००%** | **१०.९४%** | **९.९१%** |

चार्ट ११: वैदेशिक ऋण दायित्वको संरचना र प्रवृत्ति




आर्थिक वर्ष २०७७/७८ मा कुल वैदेशिक ऋणको ८७.९४ प्रतिशत बहुपक्षीय ऋण र १२.०६ प्रतिशत द्विपक्षीय ऋण रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो अनुपात ९०.०९ प्रतिशत र ९.९१ प्रतिशत हुन पुगेको छ। पछिल्ला वर्षहरुमा कुल वैदेशिक ऋणमा द्विपक्षीय ऋणको हिस्सा घट्दै गएको छ।

## ३.७ खुद वैदेशिक ऋण परिचालन (Net External Debt Mobilisation)

आर्थिक वर्ष २०८१/८२ मा रू १ खर्ब २९ अर्ब २३ करोड बराबरको खुद वैदेशिक ऋण प्राप्ति भएको छ। सोही अवधिमा वैदेशिक ऋणको साँवा भुक्तानी रू ४७ अर्ब २८ करोड भएकोले खुद वैदेशिक ऋण परिचालन रू ८१ अर्ब ९४ करोड रहेको छ


### तालिका १४: खुद वैदेशिक ऋण परिचालनको विवरण

रु करोडमा

| आर्थिक बर्ष | ई.स. | ऋण प्राप्ति | साँवा भुक्तानी | खुद स्रोत परिचालन |
|---|---|---|---|---|
| २०७२/७३ | २०१५/१६ | ४,३७७.४० | १,८६१.४९ | २,५१५.९१ |
| २०७३/७४ | २०१६/१७ | ५,८०१.२५ | २,२७०.२२ | ३,५३१.०४ |
| २०७४/७५ | २०१७/१८ | ९,३४५.२० | १,८५८.९२ | ७,४८६.२८ |
| २०७५/७६ | २०१८/१९ | ९,४४०.०८ | २,००३.८९ | ७,४३६.१९ |
| २०७६/७७ | २०१९/२० | १६,२६०.७३ | २,३५६.०४ | १३,९०४.६८ |
| २०७७/७८ | २०२०/२१ | १३,०८६.७२ | २,३२६.८६ | १०,७५९.८५ |
| २०७८/७९ | २०२१/२२ | १३,३०८.३४ | २,९४१.५८ | १०,३६६.७६ |
| २०७९/८० | २०२२/२३ | ११,९८६.०० | ३,४६१.७९ | ८,५२४.२१ |
| २०८०/८१ | २०२३/२४ | १२,५६६.६१ | ४,०७२.२१ | ८,४९४.४० |
| २०८१/८२ | २०२४/२५ | १२,९९५.९२ | ४,७२८.५८ | ८,२६७.३३ |

विगत दश वर्षको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७२/७३ मा खुद वैदेशिक स्रोत परिचालन २५ अर्ब १५ करोड रहेकोमा क्रमश: बढ्दै आर्थिक वर्ष २०७६/७७ मा यस्तो खुद स्रोत परिचालन १ खर्ब ३९ अर्ब पुगेकोमा त्यतपश्चात क्रमश: घट्दै आर्थिक वर्ष २०८१/८२ मा यस्तो परिचालन ८२ अर्ब ६७ करोड मात्र भएको छ। खुद श्रोत परिचालन आर्थिक वर्ष २०७६/७७ देखि निरन्तर घट्दै जानुमा वैदेशिक स्रोत समावेश भएको आयोजनाको प्रगति अपेक्षित रुपमा हुन नसक्नु तथा साँवा भुक्तानी बढ्दै जानु प्रमुख कारणको रुपमा रहेको देखिन्छ।

चार्ट १२: खुद वैदेशिक ऋण परिचालन




## ३.८ वैदेशिक ऋण प्राप्तिको प्रवृत्ति (Disbursement Trend)


आर्थिक वर्ष २०८०/८१ मा रू १ खर्ब २५ अर्ब ६६ करोड बैदेशिक ऋण प्राप्ति भएकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो प्राप्ति रू १ खर्ब २९ अर्ब ९५ करोड रहेको छ । आर्थिक वर्ष २०७८/७९ को वैदेशिक ऋण प्राप्तिको तुलनामा आर्थिक वर्ष २०७९/८० को वैदेशिक ऋण प्राप्ति ९.९४ प्रतिशतले घटेकोमा आर्थिक बर्ष २०८०/८१ मा अघिल्लो आर्थिक वर्षको तुलनामा वैदेशिक ऋण प्राप्ति ४.८४ प्रतिशतले बढेको छ भने यस वर्ष ३.४२ प्रतिशत मात्र बढेको छ।

तालिका १५: वैदेशिक ऋण प्राप्तिको प्रवृत्ति

रु करोडमा

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| बहुपक्षीय जम्मा | ११,३८४.५६ | १०,५१०.५२ | १०,७१२.९१ | ११,४२०.७० | १२,४२०.२० |
| द्विपक्षीय जम्मा | १,७०२.१५ | २,७९७.८२ | १,२७३.०९ | १,१४५.९२ | ५७५.७१ |
| **कुल जम्मा** | **१३,०८६.७२** | **१३,३०८.३४** | **११,९८६.००** | **१२,५६६.६१** | **१२,९९५.९२** |
| **वार्षिक वृद्धि प्रतिशत** | **-१९.५२%** | **१.६९%** | **-९.९४%** | **४.८४%** | **३.४२%** |

चार्ट १३: वैदेशिक ऋण प्राप्ति प्रवृत्ति




आर्थिक वर्ष २०७७/७८ देखि वैदेशिक ऋण प्राप्तिको विश्लेषण गर्दा पछिल्ला वर्षहरुमा ऋण प्राप्ति बढ्न सकेको देखिदैन। आर्थिक वर्ष २०७७/७८ मा कुल बजेटमा वैदेशिक स्रोत प्राप्ति रू १ खर्ब ३० अर्ब रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा रू १ खर्ब ३३ अर्ब पुगेकोमा पुन  घटेर आर्थिक वर्ष २०७९/८० मा रू १ खर्ब १९ अर्ब  प्राप्ति भएको छ।

## ३.९ वैदेशिक ऋण परिचालन लक्ष्य र प्राप्तिको स्थिति (Status of External Debt Mobilization)

नेपाल सरकारले वार्षिक बजेटमा उल्लेख गरेको लक्षित वैदेशिक ऋण प्राप्तिको प्रवृत्ति हेर्दा आ.व. २०७२/७३ देखि आर्थिक वर्ष २०८१/८२ सम्मको अवधिमा कुनै आर्थिक वर्षमा लक्ष्य पूरा हुन सकेको देखिदैन। यस अवधिमा आर्थिक वर्ष २०७३/७४ मा सबैभन्दा कम अर्थात् लक्ष्यको २९.६४ प्रतिशत र आ.व. २०७२/७३ मा सबैभन्दा बढी अर्थात लक्ष्यको ७४.६८ प्रतिशत वैदेशिक ऋण प्राप्त भएको छ।


### तालिका १६: वैदेशिक ऋण परिचालन लक्ष्य र प्राप्ति

रू करोडमा

| आ.ब. | आ.ब. | लक्ष्य | ऋण प्राप्ती | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| २०७२/७३ | २०१५/१६ | ५,८६१.१५ | ४,३७७.४० | ७४.६८% |
| २०७३/७४ | २०१६/१७ | १९,५७१.५७ | ५,८०१.२५ | २९.६४% |
| २०७४/७५ | २०१७/१८ | २१,४०३.५४ | ९,३४५.२० | ४३.६६% |
| २०७५/७६ | २०१८/१९ | २५,३०२.८२ | ९,४४०.०८ | ३७.३१% |
| २०७६/७७ | २०१९/२० | २९,८८३.३३ | १६,२६०.७३ | ५४.४१% |
| २०७७/७८ | २०२०/२१ | २९,९५०.०० | १३,०८६.७२ | ४३.७०% |
| २०७८/७९ | २०२१/२२ | ३०,९२९.३२ | १३,३०८.३४ | ४३.०३% |
| २०७९/८० | २०२२/२३ | २४,२२६.११ | ११,९८६.०० | ४९.४८% |
| २०८०/८१ | २०२३/२४ | २३,३६६.३१ | १२,५६६.६१ | ५३.७८% |
| २०८१/८२ | २०२४/२५ | २१,७००.०० | १२,९९५.९२ | ५९.८९% |

यस आर्थिक वर्ष २०८१/८२ मा रु २ खर्ब १७ अर्ब वैदेशिक ऋण प्राप्त गर्ने अनुमान रहेकोमा सो को ५९.८९ प्रतिशत अर्थात रु १ खर्ब २९ अर्ब ९५ करोड रकम प्राप्त भएको छ। गत बर्ष २०८०/८१ मा रु २ खर्ब ३३ अर्ब ६६ करोड वैदेशिक ऋण प्राप्त गर्ने अनुमान रहेकोमा सो को ५३.७८ प्रतिशत अर्थात रु १ खर्ब २५ अर्ब ६६ करोड प्राप्त भएको थियो। वैदेशिक ऋण बजेटको लक्ष्यको तुलनामा कम हुनुमा वैदेशिक स्रोत परिचालन गर्ने आयोजनाको अपेक्षित रुपमा प्रगति नहुनु, आयोजनाको पर्याप्त तयारी नहुँदै कार्यान्वयनमा जानु, अन्तर निकाय समन्वय प्रभावकारी नहुनु जस्ता प्रमुख कारणहरु रहेका छन्।

### चार्ट १४: वैदेशिक ऋण परिचालन लक्ष्य र प्राप्ति



### ३.१० विनिमय दरको वैदेशिक ऋण दायित्वमा प्रभाव (Impact of Foreign Exchange on External Debt)

नेपाल सरकारको हालको वैदेशिक ऋण दायित्व विभिन्न दश वटा मुद्रामा रहेको छ। यी मुद्राको विनिमय दरमा हुने परिवर्तनबाट वैदेशिक ऋण दायित्वमा पनि घटबढ हुने गरेको छ। यस्ता घटबढबाट भएको असरलाई विनिमय नाफा घाटाको रुपमा लेखाङ्कन गर्ने गरिएको छ। विनिमय दर परिवर्तनका कारण आर्थिक वर्ष २०७९/८० मा रू ५९ अर्ब १५ करोड विनिमय दरको नोक्सानी भएकोमा गत आर्थिक वर्ष २०८०/८१ मा भने रू ४ अर्ब २३ करोड विनिमय दरको नाफा भएको थियो। यस आर्थिक वर्षमा पुन: रु ६५ अर्ब ५४ करोड विनियमय घाटा भएको छ।

**तालिका: १७**

**विनिमयदर परिवर्तनको प्रभाव (Impact of Eexchange Fluctuation)**

| विवरण | रकम रू (करोडमा) | बहुपक्षीय | द्विपक्षीय |
|---|---|---|---|
| ऋणको शुरू मौज्दात २०८१ साउन १ (१६ जुलाई, २०२४) | १२५,७६०.२३ | ११२,००३.१४ | १३,७५७.०९ |
| थप: ऋण प्राप्ती आ.व. २०८१।८२ (२०२४।२५) | १२,९९५.९२ | १२,४२०.२० | ५७५.७१ |
| घट: ऋण फिर्ता भुक्तानी आ.व. २०८१।८२ (२०२४।२५) | ४,७२८.५८ | ३,६५७.२८ | १,०७१.३० |
| **विनिमय दर समायोजन नगरिएको ऋणको अन्तिम मौज्दात (२०८२ असार ३१) (१६ जुलाई, २०२५)** | १३४,०२७.५७ | **१२०,७६६.०६** | **१३,२६१.५०** |
| ऋणको अन्तिम मौज्दात २०८२ असार ३१ (१६ जुलाई, २०२५) (अन्तिम दिनको विनिमय दरको आधारमा गणना गरिएको) | १४०,५८२.३६ | **१२६,६५१.४३** | १३,९३०.९२ |
| **विनिमय दरको नाफा (+)/घाटा(-)** | (६,५५४.७९) | **(५,८८५.३७)** | **(६६९.४२)** |

## ४. आन्तरिक ऋण (Internal Debt)

### ४.१ आन्तरिक ऋण दायित्व (Domestic Debt Liability)

आर्थिक बर्ष २०८०/८१ को अन्त्यमा ११ खर्ब ८० अर्ब रहेको कुल आन्तरिक ऋण आर्थिक बर्ष २०८१/८२ को अन्त्यमा रु १२ खर्ब ६८ अर्ब रहेको छ। यो गत आर्थिक बर्षको तुलनामा ७.३९ प्रतिशतले बृद्वि हो। कुल आन्तरिक ऋण दायित्वमा IMF Value Adjustment बापत नेपाल राष्ट्र बैंङ्कको नाममा जारी प्रमिशरी नोटको रकम रू ५ अर्ब १५ करोड समेत समावेश रहको छ। कुल गार्हस्थ उत्पादनको तुलनामा तिर्न बाँकी आन्तरिक ऋण २०.७७ प्रतिशत पुगेको छ।

## तालिका:१८

## आन्तरिक ऋण दायित्व (Domestic Debt Liability)


रू करोडमा

| विवरण | गत वर्षसम्मको मौज्दात | यस आर्थिक वर्षमा प्राप्ति | यस आर्थिक वर्षमा साँवा फिर्ता | जम्मा तिर्न बाँकी ऋण | उपकरणगत हिस्सा |
|---|---|---|---|---|---|
| **क. आन्तरिक ऋण** | **११७,६९८.६४** | **३२,९९९.०७** | **२४,३९१.२६** | **१२६,३०६.४५** | **९९.५९%** |
| ट्रेजरी बिल | ४०,३६९.२३ | ११,५००.०० | १४,३१३.०३ | ३७,५५६.२० | २९.६१% |
| विकास ऋणपत्र | ७६,१९४.७० | २१,०९५.०० | ९,९१४.०० | ८७,३७५.७० | ६८.९०% |
| नागरिक बचतपत्र | १,११२.०१ | ३९०.०२ | १६०.५२ | १,३४१.५० | १.०६% |
| वैदेशिक रोजगार बचतपत्र | २२.७० | १४.०६ | ३.७१ | ३३.०५ | ०.०३% |
| **ख. प्रमिशरी नोट (अन्तर्राष्ट्रिय मुद्रा कोष भ्यालू एडजस्टमेनेट)** | ३९१.५४ | १२४.४२ | - | ५१५.९६ | ०.४१% |
| **कुल आन्तरिक ऋण(प्रमिशरी नोट समेत)** | **११८,०९०.१८** | **३३,१२३.४९** | **२४,३९१.२६** | **१२६,८२२.४१** | **१००%** |
| **कुल गार्हस्थ उत्पादन उत्पादकको मूल्यमा** | | | | **६१०,७२२.१०** | |
| **तिर्न बाँकी आन्तरिक ऋण कुल गार्हस्थ उत्पादन अनुपात (उत्पादकको मूल्यमा)** | | | | **२०.७७%** | |

विगतका वर्षहरूमा जस्तै कुल आन्तरिक ऋण दायित्व मध्ये सबै भन्दा बढी हिस्सा विकास ऋणपत्रको रहेको छ। आन्तरिक ऋणको संरचनामा विकास ऋणपत्र रु ८ खर्ब ७३ अर्ब ७५ करोड, ट्रेजरी बिल रु ३ खर्ब ७५ अर्ब, नागरिक बचतपत्र रु १३ अर्ब ४१ करोड तथा वैदेशिक रोजगार बचतपत्र रु ३३ करोड रहेको छ।

कुल आन्तरिक ऋणमा गत वर्षभन्दा ट्रेजरी बिलको रकम घटेको र विकास ऋणपत्रको रकम बढको छ। यसले कुल आन्तरिक ऋणमा ट्रेजरी बिलको अंश मध्यमकालीन ऋण व्यवस्थापन रणनीति अनुसारनै क्रमश घट्दै गएको र विकास ऋणपत्रको अंश बढ्दै गएको छ। भुक्तानी गर्न बाँकी ऋणको आकार, बजारमा नगद प्रवाहको अवस्था तथा वार्षिक बजेट विनियोजनको आधारमा ट्रेजरी बिलको साँवा भुक्तानी गर्ने वा नवीकरण गर्ने गरिएको छ।

**चार्ट १५: आन्तरिक ऋण दायित्व**




आर्थिक वर्ष २०८१/८२ मा कुल आन्तरिक ऋणको दायित्वमा विकास ऋणपत्र, ट्रेजरी बिल, नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र र अन्तर्राष्ट्रिय मुद्रा कोषको एसडीआरको मूल्य समायोजन बापत जारी भएको बण्ड (IMF Value Adjustment Bond) को हिस्सा क्रमशः ६८.९ प्रतिशत, २९.६१ प्रतिशत, १.०६ प्रतिशत, ०.०३ प्रतिशत र ०.४१ प्रतिशत रहेको छ। कुल आन्तरिक ऋण दायित्वको ९८.५१ प्रतिशत हिस्सा कायम रहेको विकास ऋणपत्र र ट्रेजरी बिलको व्याजदर बोलकबोलको माध्यमबाट निर्धारण हुने गर्दछ। यसले गर्दा बजारमा प्रचलित व्याजदरमा ऋण परिचालन गर्न सकिएको छ।

ट्रेजेरी बिललाई वित्तीय व्यवस्थापन तथा मौद्रिक व्यवस्थापनको लागि २८ दिन, ९१ दिन, १८२ दिन तथा ३६४ दिनको ४ प्रकारको ट्रेजरी बिलको उपकरण प्रयोग गर्ने गरिएको छ। मौद्रिक बजारमा प्रचलित व्याजदरमा नवीकरण हुने हुँदा यसमा व्याजदरको जोखिम न्यून देखिन्छ।

**तालिका १९: ट्रेजरी बिलको विवरण**

| विवरण | रकम (रू करोडमा) | प्रतिशत |
|---|---|---|
| ३६४ दिने ट्रेजरी बिल | १७,१९६.०० | ३८.९८% |
| १८२ दिने ट्रेजरी बिल | ११,२४६.५० | ३२.५५% |
| ९१ दिने ट्रेजरी बिल | ७,६१३.७० | २२.७७% |
| २८ दिने ट्रेजरी बिल | १,५००.०० | ५.७०% |
| **जम्मा** | **३७,५५६.२०** | **१००%** |

**चार्ट १६: ट्रेजरी बिलको संरचना**



## ४.२ आन्तरिक ऋणको प्राप्ति (Receipt of Domestic Debt)

आर्थिक वर्ष २०८१/८२ मा वार्षिक बजेटमा न्यून वित्त पूर्तिका लागि नगद श्रोत प्रवाह (Cash Inflows) को रुपमा आन्तरिक ऋणबाट रू. ३ खर्ब ३० अर्ब उठाउने लक्ष्य लिइएकोमा करीब करीब लक्ष्य अनुसारनै विभिन्न ऋणपत्रको माध्यमबाट रू. ३ खर्ब २९ अर्ब ९९ करोड ऋण परिचालन गरिएको छ।

**तालिका २०: आन्तरिक ऋण परिचालनको विवरण**

रु करोडमा

| सि.न. | उपकरण | वार्षिक लक्ष्य | प्राप्ति | लक्ष्यको तुलनामा प्राप्ति प्रतिशत |
|---|---|---|---|---|
| १ | ट्रेजरी बिल | ११५००.०० | ११५००.०० | १००.०० |
| २ | विकास ऋणपत्र | २१०९५.०० | २१०९५.०० | १००.०० |
| ३ | नागरिक बचतपत्र | ३९०.५० | ३९०.०२ | ९९.८८ |
| ४ | वैदेशिक रोजगार बचतपत्र | १४.५० | १४.०६ | ९६.९४ |
| | कुल आन्तरिक ऋण | ३३०००.०० | ३२९९९.०७ | १००.०० |

ट्रेजरी बिल र विकास ऋणपत्र लक्ष्य अनुसार प्राप्त गर्न सकिए तापनि वैदेशिक रोजगार बचतपत्र तथा नागरिक बचतपत्रको सम्बन्धमा लक्ष्य अनुरुप प्रगति हासिल हुन सकेको छैन। सुरुमा स्वीकृत वार्षिक ऋण योजनामा व्यवस्था भए बराबरको नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रमा आवेदन नपरेकोले यसवर्ष वार्षिक ऋण योजना संशोधन गरी विकास ऋणपत्र निश्कासन गरिएको छ। नागरिकहरुलाई सुसूचित गर्न नसक्दा यस्ता ऋण उपकरणमा सर्वसाधारणलाई आकर्षित गरी समावेश गर्न लक्ष्य अनुरुप नसकिएको हुँदा आगामी दिनहरुमा देश भित्र र बाहिर रहेका नागरिकहरुलाई नागरिक बचतपत्र तथा वैदेशिक रोजगारपत्र सम्बन्धी जानकारी, सूचना प्रदान गर्न गोष्ठी सेमिनार लगायतका कार्यक्रअ गर्नुपर्ने देखिन्छ।

## ४.३ आन्तरिक ऋणको साँवा भुक्तानी (Payment of Principal)


आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक ऋणको साँवा भुक्तानीमा रु २ खर्ब ४५ अर्ब ७८ करोड बजेट विनियोजन भएकोमा असार मसान्तसम्म रू २ खर्ब ४३ अर्ब ९१ करोड भुक्तानी गरिएको छ। यो विनियोजित बजेटको तुलनामा ९९.२४ प्रतिशत हुन आँउछ।

**तालिका २१: साँवा भुक्तानी**

रु करोडमा

| ऋणपत्रको नाम | बजेट | रकम रु | बजेटको तुलनामा खर्च प्रतिशत | कुल भुक्तानीमा हिस्सा |
|---|---|---|---|---|
| नागरिक बचतपत्र | १६०.५२ | १६०.५२ | १००.०० | ०.६६% |
| वैदेशिक रोजगार बचतपत्र | ३.७१ | ३.७१ | १००.०० | ०.०२% |
| विकास ऋणपत्र | ९९१४.०० | ९९१४.०० | १००.०० | ४०.६५% |
| ट्रेजरी बिल | १४५००.०० | १४३१३.०३ | ९८.७१ | ५८.६८% |
| **कूल जम्मा** | **२४५७८.२३** | २४३९१.२६ | ९९.२४ | **१००%** |

**चार्ट १७: साँवा भुक्तानी**




आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक ऋणको विभिन्न उपकरणमा गरिएको कुल साँवा भुक्तानीमा सबैभन्दा बढी ५८.६८ प्रतिशत विकास ऋणपत्रको भुक्तानी भएको छ भने ट्रेजरी बिलको लागि ४०.६५ प्रतिशत, नागरिक बचतपत्रमा ०.६६ प्रतिशत र वैदेशिक रोजगार बचतपत्रमा ०.०२ प्रतिशत साँवा भुक्तानी गरिएको छ ।

## ४.४ व्याज तथा कमिशन भुक्तानी (Payment of Interest and Commission)

आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक ऋण तर्फ व्याज भुक्तानीमा रु ८० अर्ब १० करोड बजेट बिनियोजन भएकोमा रू ६० अर्ब २७ करोड व्याज तथा कमिशन भुक्तानी गरिएको छ। यो कुल बजेट विनियोजनको ७५.२५ प्रतिशत खर्च हो।


तालिका २२: व्याज तथा कमिशन भुक्तानी

रु करोडमा

| ऋणपत्रको नाम | बजेट | रकम रु | खर्च प्रतिशत | कुल खर्चमा हिस्सा |
|---|---|---|---|---|
| नागरिक बचतपत्र/वैदेशिक रोजगार बचतपत्र | १५० | १२०.१७ | ८०.११ | १.९९ |
| विकास ऋणपत्र | ५१४३.६० | ४,९१८.२२ | ९५.६२ | ८१.५९ |
| ट्रेजरी बिल | २७०३.८४ | ९८८.८५ | ३६.५७ | १६.४० |
| कमिसन | १३ | ०.६८ | ५.२४ | ०.०१ |
| **कुल जम्मा (ब्याज र कमिसन)** | **८०१०.४४** | **६,०२७.९२** | **७५.२५** | **१००.००** |

आर्थिक वर्ष २०८१/८२ मा कुल आन्तरिक ऋण तर्फ व्याज भुक्तानीमा सबैभन्दा बढी खर्च विकास ऋणपत्रमा भएको छ। विकास ऋणपत्रमा विनियोजनको तुलनामा ९५.६२ प्रतिशत खर्च भएको छ। त्यस्तै ट्रेजरी बिलमा विनियोजनको तुलनामा ३६.५७ प्रतिशत मात्र खर्च भएको छ। यो आर्थिक वर्ष बजारमा उच्च तरलता रहेको कारण ट्रेजरी बिलको व्याजदर न्यून हुन गएकोले यस उपकरणमा सरकारले गर्ने व्याज खर्च उच्च रूपमा घटेको छ।

चार्ट १८: व्याज तथा कमिशन भुक्तानी




कुल आन्तरिक ऋणको विभिन्न उपकरणमा भएको कुल व्याज भुक्तानीमा विकास ऋणपत्रको हिस्सा ८१.५९ प्रतिशत रहेको छ भने ट्रेजरी बिलको हिस्सा १६.४ प्रतिशत, नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको १.९९ प्रतिशत र कमिशनमा ०.०१ प्रतिशतको हिस्सा रहेको छ ।

## ४.५ आन्तरिक ऋण दायित्वको प्रवृति (Domestic Debt Liability)

आर्थिक बर्ष २०८१/८२ को असार मसान्त सम्ममा आन्तरिक ऋण दायित्व गत आर्थिक बर्ष भन्दा ७.३९ प्रतिशतले बढ्न गई रु १२ खर्ब ६८ अर्ब २२ करोड पुगेको छ। यसमा IMF Value Adjustment Bond वापतको रू ५ अर्ब १५ करोड समेत समावेश रहको छ।

**तालिका २३:**


**आन्तरिक ऋण दायित्व (Domestic Debt Liability)**

रू करोडमा

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| **कुल जम्मा** | **८०,२९४.१७** | **९८,७४४.९३** | **११२,९१०.३७** | **११८,०९०.१८** | **१२६,८२२.४१** |
| विकास ऋणपत्र | ५१,३९४.७० | ६२,०४४.७० | ६५,६४४.७० | ७६,१९४.७० | **८७,३७५.७०** |
| ट्रेजरी बिल | २७९५९.१५ | ३५५८४.०५ | ४५७८१.५६ | ४०३६९.२३ | **३७,५५६.२०** |
| नागरिक बचतपत्र | ६५९.५९ | ९१३.९९६ | १,०७५.०२ | १,११२.०० | **१,३४१.५०** |
| वैदेशिक रोजगार बचतपत्र | १८.५७ | १९.०२१५ | १७.५४ | २२.७१ | **३३.०५** |
| प्रमिशरी नोट (अन्तराष्ट्रिय मुद्राकोष मूल्य समायोजन) | २६२.१६ | १८३.१६ | ३९१.५५ | ३९१.५५ | **५१५.९६** |
| **वार्षिक वृद्धिदर** | **३०.८३** | **२२.९८** | **१४.३५** | **४.५९** | **७.३९** |

आर्थिक वर्ष २०७७/७८ मा कुल आन्तरिक ऋण ३०.८३ प्रतिशतको वृद्धि रहेकोमा यस्तो वृद्धि क्रमश घट्दै गएकोमा यो वर्ष गत वर्षको ४.५९ प्रतिशत वृद्धिको तुलनामा पुन: केही बढ्न गएको देखिन्छ। कुल आन्तरिक ऋणमा ट्रेजरी बिलको रकम बाहेक अन्य ऋणपत्रहरु विकास ऋणपत्र, नागरिक बचतपत्र तथा वैदेशिक रोगगार बचतपत्रको रकम गत वर्षभन्दा बढको छ। मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले लिएको लक्ष्य अनुसारनै कुल ऋणमा ट्रेजरी बिलको दायित्व घटाउँदै अन्य मध्यमकालीन तथा दिर्घकालीन ऋणपत्रको अंश बढाउँदै लगिएको हो। यसले कुल आन्तरिक ऋणमा ट्रेजरी बिलको अंश क्रमश घट्दै गएको देखिन्छ। भुक्तानी गर्न बाँकी ऋणको आकार, बजारमा नगद प्रवाहको अवस्था तथा वार्षिक विनियोजनको आधारमा ट्रेजरी बिलको साँवा भुक्तानी गर्ने वा नवीकरण गर्ने निर्णय गरिएको छ।

चार्ट १९: आन्तरिक ऋण दायित्व




आर्थिक वर्ष २०७७/७८ मा कुल आन्तरिक ऋणमा ट्रेजरी बिलको हिस्सा ३४.८२ प्रतिशत रहेकोमा क्रमश: बढ्दै आर्थिक वर्ष २०७९/८० मा ४०.५५ प्रतिशत पुगेकोमा तत् पश्चात पुन: क्रमश घट्दै यस आर्थिक वर्षको अन्तमा २९.६१ प्रतिशत कायम भएको छ। त्यस्तै आर्थिक वर्ष २०७७/७८ मा कुल आन्तरिक ऋणमा विकास ऋणपत्रको हिस्सा ६४.०१ प्रतिशत रहेकोमा क्रमश: घट्दै आर्थिक वर्ष २०७९/८० मा ५८.१४ प्रतिशत पुगेकोमा पुन: क्रमश बढ्दै यस आर्थिक वर्षको अन्त्यमा ६९.९० प्रतिशत कायम भएको छ।

## ४.६ आन्तरिक ऋणको लक्ष्य र प्राप्ति प्रवृत्ति (Status of Domestic Debt Mobilization)


आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक ऋणको लक्ष्य रु ३३० अर्बको तुलनामा करिब १०० प्रतिशत अर्थात् रू. ३ खर्ब २९ अर्ब ९९ करोड आन्तरिक ऋण प्राप्त भएको छ। विगत पछिल्लो तीन आर्थिक वर्षमा आन्तरिक ऋण प्राप्ति लक्ष्य बराबरनै परिचालन भई आएको छ। आर्थिक वर्ष २०७१।७२ देखिको आन्तरिक ऋण परिचालनको विश्लेषण गर्दा सबैभन्दा कम परिचालन आर्थिक वर्षक २०७५/७६ मा लक्ष्यको ५६.०४ प्रतिशत मात्र भएको देखिन्छ। पछिल्ला वर्षहरुमा राजस्व प्राप्ति र वैदेशिक स्रोत प्राप्ति लक्ष्य अनुसार नभएकोले न्यून वित्त परिचालन गर्न आन्तरिक ऋणमा चाप परेको देखिन्छ।

### तालिका २४: आन्तरिक ऋणको लक्ष्य र प्राप्ति प्रवृत्ति

रू करोडमा

| आर्थिक वर्ष | लक्ष्य | ऋण प्राप्ति | प्रगति प्रतिशत |
|---|---|---|---|
| २०७१/७२ | ५,२७५.०० | ४,२४२.३१ | ८०.४२% |
| २०७२/७३ | ८८००.०० | ८,७७७.४५ | ९९.७४% |
| २०७३/७४ | ११,१००.०० | ८,८३३.७८ | ७९.५८% |
| २०७४/७५ | १४,५००.०० | १४,४७५.०९ | ९९.८३% |
| २०७५/७६ | १७,२००.०० | ९,६३८.२० | ५६.०४% |
| २०७६/७७ | १९,५००.०० | १९,४९०.२९ | ९९.९५% |
| २०७७/७८ | २२,५००.०० | २२,४००.९१ | ९९.५६% |
| २०७८/७९ | २५,०००.०० | २३,१८४.५५ | ९२.७४% |
| २०७९/८० | २५,६००.०० | २५,५९९.७७ | १००.००% |
| २०८०/८१ | २४,०००.०० | २३,४४२.१४ | ९७.६८% |
| २०८१/८२ | ३३,०००.०० | ३२,९९९.०७ | १००.००% |

चार्ट २०: आन्तरिक ऋणको लक्ष्य र प्राप्ति प्रवृत्ति



## ४.७ आन्तरिक ऋणको खुद परिचालन प्रवृति (Receipt of Domestic Debt)

सरकारले न्यून वित्त पूर्तिका लागि परिचालन गर्ने आन्तरिक ऋण र सोही वर्ष आन्तरिक ऋणको साँवा फिर्ता गर्ने रकम घटाई खुद परिचालन हुने आन्तरिक ऋणको विश्लेषण गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा खुद आन्तरिक ऋण परिचालन रू. ८६ अर्ब ७ करोड रहेको छ। यस्तो खुद परिचालन आर्थिक वर्ष २०७७/७८ मा रू १ खर्ब ८७ करोड रहेकोमा त्यस पछिको वर्षहरुमा क्रमश घट्दै गइरहेको देखिन्छ।

**तालिका २५: आन्तरिक ऋण परिचालनको विवरण**

रु करोडमा

| आर्थिक वर्ष | ऋण प्राप्ति | साँवा भुक्तानी | खुद ऋण परिचालन |
|---|---|---|---|
| २०७२-७३ | ८,७७७.४५ | ५,०३३.४९ | ३,७४३.९६ |
| २०७३-७४ | ८,८३३.७८ | ३,८५६.१४ | ४,९७७.६४ |
| २०७४-७५ | १४,४७५.०९ | ३,७०८.४६ | १०,७६६.६३ |
| २०७५-७६ | ९,६३८.२० | ३,४३१.३१ | ६,२०६.८९ |
| २०७६-७७ | १९,४९०.२९ | ३,३९७.७० | १६,०९२.५९ |
| २०७७-७८ | २२,४००.९१ | ३,६९०.११ | १८,७१०.८० |
| २०७८-७९ | २३,१८४.५५ | ४,७३३.७८ | १८,४५०.७७ |
| २०७९-८० | २५,५९९.७७ | ११,५०९.४८ | १४,०९०.३० |
| २०८०-८१ | २३,४४२.१४ | १८,२६२.३३ | ५,१७९.८१ |
| २०८१-८२ | ३२,९९९.०७ | २४,३९१.२५ | ८,६०७.८२ |

## ४.८ ऋणपत्रको प्रचलित व्याजदरको तुलनात्मक विश्लेषण (Comparative Analysis of Prevailing Interest Rate)


- आन्तरिक ऋण परिचालनको लागि अल्पकालीन (Short Term), मध्यमकालीन (Medium Term) तथा दिर्घकालीन ऋण उपकरण प्रयोग गरिएको छ। अल्पकालीन ऋणपत्रको रुपमा ट्रेजरी बिल रहेको छ भने मध्यमकालीनको तथा दिर्घकालीन ऋणपत्रको लागि विकास ऋणपत्र, नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्र रहेका छन्। यस आर्थिक वर्षमा व्याजदर न्यून भएकोले औसत व्याजदरमा प्रत्यक्ष प्रभाव परेको छ।
- अल्पकालीन ऋणको लागि ट्रेजरी बिलको परिचालन गरिएको छ। ट्रेजरी बिलहरूमा २८ दिने, ९१ दिने, १८२ दिने र ३६४ दिने गरी चार प्रकारका उपकरण प्रयोग गरिएका छन्। ट्रेजरी बिलहरू नवीकरण (Rollover) हुँदा बजारमा प्रचलित व्याजदरले आर्थिक वर्षको विभिन्न अवधिमा डिस्काउण्ट दरमा परिवर्तन भएको देखिन्छ।
- आर्थिक वर्ष २०८०/८१ मा विभिन्न सरकारी ऋणपत्रहरूको औसत व्याजदर ४.८८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा घटेर ३.८३ प्रतिशत पुगेको छ। आन्तरिक ऋणपत्रहरु मध्ये ट्रेजरी बिलको औसत व्याजदर २.९४ प्रतिशत रहेको छ भने विकास ऋणपत्रको औसत व्याजदर ४.७३ प्रतिशत रहेको छ ।
- लागत तथा जोखिमका आधारमा अल्पकालीन तथा दीर्घकालीन ऋणपत्रको परिचालन गरिएको छ।

**तालिका २६: आन्तरिक ऋणको औसत व्याजदर**

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| **सरकारी ऋणको प्रकार** | | | | | |
| ३६४ दिने ट्रेजरी बिल | ३.२७% | ९.२३% | १०.३०% | ४.६२% | ३.००% |
| १८२ दिने ट्रेजरी बिल | २.६१% | ७.५८% | ८.९०% | ३.३८% | २.९८% |
| ९१ दिने ट्रेजरी बिल | २.१९% | ६.९३% | ८.९६% | ३.१८% | २.९१% |
| २८ दिने ट्रेजरी बिल | ०.८७% | ५.३५% | ८.००% | २.६९% | २.८७% |
| **औसत ट्रेजरी बील** | **२.२४%** | **७.२७%** | **९.०४%** | **३.४७%** | **२.९४%** |
| औसत ट्रेजरी बन्ड (विकास ऋणपत्र) | ३.३९% | ७.७४% | ८.६४% | ६.२९% | ४.७३% |
| **सबै औजारहरुको औसत** | **२.८१%** | **७.५१%** | **८.८४%** | **४.८८%** | **३.८३%** |

आर्थिक वर्ष २०७७/७८ मा ट्रेजरी बिलको औषत व्याजदर २.२४ प्रतिशत रहेकोमा क्रमश: बढ्दै आर्थिक वर्ष २०७९/८० मा ९.०४ प्रतिशत पुगेकामा पुन: घट्दै यस आर्थिक वर्ष २.९४ प्रतिशत कायम भएको छ। त्यस्तै विकास ऋणपत्रको औषत व्याजदर आर्थिक वर्ष २०७७/७८ मा ३.३९ प्रतिशत रहेकोमा क्रमश: बढ्दै आर्थिक वर्ष २०७९/८० मा ८.६४ प्रतिशत पुगेकामा पुन: घट्दै यस आर्थिक वर्ष ४.७३ प्रतिशत कायम भएको छ।

चार्ट २१:सरकारी ऋणपत्रहरुको औसत व्याजदर प्रवृत्ति




विगत पाँच वर्षको सरकारी ऋणपत्रहरुको औसत व्याजदरको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७७/७८ मा न्यून तहमा रहेको देखिन्छ। सो वर्ष औषत व्याजदर २.८१ प्रतिशत रहेकोमा तत् पश्चात क्रमश: बढ्दै आर्थिक वर्ष २०७९/८० मा औषत व्याजरदरमा बृद्धि भई ८.८४ प्रतिशत सम्म पुगेकोमा पुन: आर्थिक वर्ष २०८०/८१ बाट घट्न गई आर्थिक वर्ष २०८१/८२ मा औषत व्याजदर ३.८३ प्रतिशत कायम भएको छ। बजारको तरलता अवस्थाले व्याजदरमा प्रत्यक्ष असर परेको छ।

## ४.९ सरकारी ऋणपत्रको लगानीकर्ताको विश्लेषण (Ownership Structure of Government Securities)

सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९ तथा नियमावली २०८० अनुसार नेपाल सरकारले निश्कासन गरेको आन्तरिक ऋणमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंङ्क तथा वित्तीय संस्था, कानुन बमोजिम गठित अन्य संस्था र नेपाली नागरिकले खरिद गर्न सक्नेछ। आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म कायम कुल आन्तरिक ऋण रू १२ खर्ब ६३ अर्बमा सबैभन्दा बढी हिस्सा वाणिज्य बैंकको ८१.६९ प्रतिशत, विकास बैंकको ७.१७ प्रतिशत र अन्य समुहको ७.४४ प्रतिशत रहेको छ। अन्य समुहमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष तथा सामाजिक सुरक्षा कोष लगायतको हिस्सा रहेको छ। व्यक्तिगत लगानीकर्ताको हिस्सा ०.८५ प्रतिशत मात्र रहेको छ।

## तालिका २७: सरकारी ऋणपत्रको लगानीकर्ताको विश्लेषण

रू करोडमा

| सिन | लगानीकर्ता | ट्रेजरी बिल | विकास ऋणपत्र | नागरिक बचतपत्र | वैदेशिक रोजगार बचतपत्र | जम्मा | हिस्सा |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंक | २५.०० | ८७८.६२ | ३००.२२ | ०.६५ | १,२०४.४९ | ०.९५ |
| २ | वाणिज्य बैंक | ३०,९३१.४२ | ७२,२५४.४८ | – | – | १०३,१८५.८९ | ८१.६९ |
| ३ | विकास बैंक | ५४६.२५ | ८,५०६.५८ | – | – | ९,०५२.८३ | ७.१७ |
| ४ | फाइनान्स कम्पनी | १४४.८८ | १,६२५.७९ | – | – | १,७७०.६७ | १.४० |
| ५ | माइक्रो फाइनान्स | ७४.८२ | ३५.०० | – | – | १०९.८२ | ०.०९ |
| ७ | बीमा कम्पनी | १७६.९१ | ३४०.२६ | – | – | ५१७.१७ | ०.४१ |
| ८ | व्यक्ति | – | | १,०४१.२९ | ३२.३९ | १,०७३.६८ | ०.८५ |
| ९ | बजार निर्माता | | | ०.०० | – | ०.०० | ०.०० |
| १० | अन्य | ५,६५६.९३ | ३,७३४.९६ | – | – | ९,३९१.८९ | ७.४४ |
| | **जम्मा** | **३७,५५६.२०** | **८७,३७५.७०** | **१,३४१.५०** | **३३.०४** | **१२६,३०६.४४** | **१००.००** |

## ४.१० अन्तर्राष्ट्रिय मुद्रा कोष मूल्यांकन समायोजन (IMF Valuation Adjustment)

गत आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म अन्तर्राष्ट्रिय मुद्रा कोष मूल्यांकन समायोजन (IMF Valuation Adjustment) बापत नेपाल सरकारबाट अन्तर्राष्ट्रिय मुद्रा कोषलाई तिर्नुपर्ने रकमका लागि ब्रेटन उड्स् सम्झौता ऐन, २०१८ अनुरूप नेपाल राष्ट्र बैंकको नाममा जारी ऋणपत्रको(अर्थपत्र) कुल रकम रु ५ अर्ब १५ करोड ९६ लाख पुगको छ।

ब्रेटन उड्स् सम्झौता बमोजिम नेपाललाई अन्तर्राष्ट्रिय मुद्रा कोष र अन्तर्राष्ट्रिय पुनर्निर्माण एवं विकास बैंङ्कको सदस्यता प्रदान भए पछि आइएमएफ् कोषमा नेपालको कोटा र शेयरमा हुने वृद्धि, समायोजन वा नेपाल सरकारको तर्फबाट समय समयमा सो कोष र बैंङ्कलाई भुक्तानी गर्नु पर्ने रकमहरू नेपाल सरकारको सञ्चित कोषबाट भुक्तानी गर्ने अधिकार अर्थ मन्त्रीलाई हुने कानूनी प्रावधान रहेको छ। उक्त प्रावधान अनुसार आइएमएफ् कोषमा नेपालको कोटा अनुरूपको रकम आइएमएफको खातामा नेपाली रुपैयाँ र एसडिआर मा रहने गर्दछ। हरेक वर्ष अप्रिल ३० का दिन आइएमएफले एसडिआर र नेपाली रुपैयाँको मूल्याङ्कन गर्ने गर्दछ। यसरी मूल्याङ्कन गर्दा नेपाली रुपैयाँलाई एसडिआर कोटा पुरा गर्न रु १ बराबर अघिल्लो वर्षभन्दा बढी एसडिआर भएमा आइएमएफबाट बढी भएको रकम नेपाललाई फिर्ता हुन्छ भने कम हुन गएमा कोटा अनुरूप कम भएको रकम नेपालले तिर्नुपर्ने हुन्छ। यसरी नेपालले आइएमएफ् कोषमा तिर्नुपर्ने रकम नेपाल राष्ट्र बैंकको नाममा (In Favors of NRB) माननीय अर्थमन्त्रीज्यूले प्रमिशरी नोट जारी गरिदिने वा नगदै भुक्तानी दिने व्यवस्था छ।

IMF Valuation Adjustment बापत नेपाल सरकारबाट अन्तर्राष्ट्रिय मुद्रा कोषलाई तिर्नुपर्ने रकमका लागि ब्रेटन उड्स् सम्झौता ऐन, २०१८ अनुरूप नेपाल राष्ट्र बैंकको नाममा जारी ऋणपत्रहरूको विवरण निम्न बमोजिम रहेको छः

**तालिका २८: २०८२ असार मसान्त सम्मको प्रमिशरी नोटको विवरण**

| सि नं | जारी मिति | अवधि | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २०७५।०२।२१ | ५ वर्षे | २६,२८,३७,७१७।७१ | पुनः नवीकरण गरिएको |
| २ | २०७६।०५।०४ | ५ वर्षे | २६,०५,४८,२१९।९५ | नवीकरण भएको |
| ३ | २०७७।०४।०४ | ५ वर्षे | १,४४,६७,६१,८२५।९६ | २०८२/०४/१८ को पत्रानुसार मिति २०८३/०४/०३ सम्म म्याद थप |
| ४ | २०७८।०२।२६ | ५ वर्षे | ६५,३४,२३,७८१।२९ | |
| ५ | २०८०।०३।०६ | ५ वर्षे | १,२९,१९,४५,९५३।०१ | |
| ६ | २०८२।०३।३२ | ५ वर्षे | १,२४,४१,५२,१६८।९ | |
| **जम्मा** | | | **५,१५,९६,६९,६६६।८२** | |

## ४.११ नेपाल सरकारले संस्थानहरूलाई प्रदान गरेको जमानत (Government Guarantees)

सरकारले सार्वजनिक संस्थानहरूलाई प्रदान गरेको कुल जमानत रु ३४ अर्ब रहेकोमा यस आर्थिक वर्षको असार मसान्त सम्म भुक्तानी गर्न बाँकी साँवा र व्याज गरी रु ५२ अर्ब ४६ करोड पुगेको छ। नेपाल सरकारले निर्णय गरी संस्थानहरुलाई प्रदान गरिएको जमानतको विवरण मात्र यसमा समावेश गरिएको छ। वार्षिक रुपमा भएको कारोवारलाई सम्बन्धित संस्थानहरुको हिसाबबाट लिइएको छ।

यस आर्थिक वर्षमा नेपाल वायु सेवा निगमले कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोष दुबैलाई साँवा फिर्ता गरेको छैन। व्याज तर्फ कर्मचारी सञ्चय कोषबाट न्यारो बडी जहाजको लागि लिएको ऋणको गतवर्ष बाँकी व्याजको रू २७.९३ करोड घटाएको छ भने वाइड बडीको यो वर्ष थप रु १६२.७८ करोड व्याज भुक्तानी गर्न बाँकी रहेको छ। त्यस्तै नागरिक लगानी कोषबाट लिएको ऋणको यो वर्ष भुक्तानी गर्नुपर्ने व्याज रु १७३.०७ करोड भुक्तानी गर्नुपर्नेमा थप भएको छ।

**तालिका २९: सरकारले संस्थानहरूलाई प्रदान गरेको जमानतको विवरण**

रू करोडमा

| संस्थान | ऋण प्रदान गरेको संस्था | जमानत रकम | सुरु मौज्दात (२०८१/०४/०१) | आ.व. २०८१/८२मा कारोबार | | साँवा तथा ब्याज बाँकी (२०८२/०३/३१) |
|---|---|---|---|---|---|---|
| | | | | साँवा फिर्ता | ब्याज र अन्य शुल्क पुँजीकरण | |
| नेपाल वायुसेवा निगम (वाइड बडी जहाज) | कर्मचारी सञ्चयकोष | १२०० | १९४९.७१ | - | १६२.७८ | २,११२.४९ |
| नेपाल वायुसेवा निगम (वाइड बडी जहाज) | नागरिक लगानी कोष | १२०० | १,९३९.१० | | १७३.०७ | २,११२.१७ |
| नेपाल वायुसेवा निगम (न्यारो बडी जहाज) | कर्मचारी सञ्चयकोष | १००० | १,०४९.३७ | - | (२७.९३) | १,०२१.४४ |
| **जम्मा** | | **३४००** | **४९३८.१८** | | **३०७.९२** | **५,२४६.१०** |

# अन्तिम मौज्दात रकममा साँवा तथा व्याज बाँकी रकम समेत गणना गरिएको छ ।

## ५. ऋण व्यवस्थापन रणनीति कार्यान्वयन विश्लेषण

## ५.१ मध्यमकालीन ऋण व्यवस्थापन रणनीति कार्यान्वयन विश्लेषण

मध्यमकालीन ऋण व्यवस्थापन रणनीति (२०८१/२०८२-२०८३/८४) ले नेपाल सरकारको ऋण व्यवस्थापन सम्बन्धी उद्देश्य र मापदण्डको रुपरेखा प्रस्तुत गरेको छ। ऋण पोर्टफोलियो (Debt Portifolio), लागत विनिमय जोखिमदरको मूल्यांकन गरी न्यूनतम लागत र विवेकपूर्ण जोखिम वहन एवं समिष्टिगत वित्त संरचनाको अनुकूल हुने गरी ऋण भुक्तानी दायित्व निर्वाह गर्दै नेपाल सरकारको वित्तीय स्रोतको आवश्यकता परिपूर्ति गर्नुनै यस रणनीतिको प्रमुख उद्देश्य हो। तसर्थ यस रणनीतिले सहुलियतपूर्ण वित्तीय स्रोतको परिचालनलाई प्राथमिकता दिई नपुग भएको वित्तीय अन्तरलाई आन्तरिक ऋणबाट परिपूर्ति गर्ने नीति लिएको छ। सहुलियतपूर्ण वित्तीय स्रोतको रुपमा विभिन्न बहुपक्षीय तथा द्विपक्षीय निकायसँग ऋण परिचालन गर्ने तथा आन्तरिक ऋणमा ट्रेजरी बिल, मध्यमकालीन र दीर्घकालीन अवधिमा परिपक्व हुने ऋणका उपकरणहरु प्रयोग गरिएको छ।

## ५.२ सार्वजनिक ऋण पोर्टफोलियोको लागत र जोखिम सूचकहरूको विश्लेषण

| विवरण | | २०८३/८४ (विकल्प ३ अनुसारको लक्ष्य) | २०८१/८२(असार मसान्तसम्मको विवरण) | | |
|---|---|---|---|---|---|
| | | | बाह्य ऋण | आन्तरिक ऋण | कुल ऋण |
| तिर्न बाँकी ऋण रकम (रु करोडमा) | | | १४०५८२.३६ | १२६८२२.४ | २६७४०४.७७ |
| कुल ऋण र कुल गार्हस्थ्य उत्पादन अनुपात* | | ३८.२३ | २३.०२% | २०.७७% | ४३.७९% |
| ऋणको लागत | व्याज भुक्तानी (कुल गार्हस्थ उत्पादन अनुपातमा) | ०.९९ | ०.१७% | ०.९९% | १.१५% |
| | १ वर्षमा ऋण परिपक्व हुने ऋण (कुल ऋणको प्रतिशतको आधारमा) | १४.७३ | १.७७% | १४.०४% | १५.८१% |
| | १ वर्षमा ऋण परिपक्व हुने ऋण(कुल गार्हस्थ उत्पादन अनुपातमा) | ५.६३ | ०.७७% | ६.१५% | ६.९२% |
| व्याज दर जोखिम (Interest rate risk) | ट्रेजरी बिल (कुल ऋणको प्रतिशतमा) | ९.९६ | १४.०४% | | |
| एफएक्स जोखिम (FX risk) | बाह्य ऋण (कुल ऋणको प्रतिशतमा ) | ५९.१६ | ५२.५७% | | |

आर्थिक वर्ष २०८१/८२ सम्म नेपाल सरकारको विद्यमान सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब ४ करोड पुगेको छ। जसमा बाह्य ऋण रु १४ खर्ब ५ अर्ब ८२ करोड आन्तरिक ऋण र रु १२ खर्ब ६८ अर्ब २२ करोड रहेको छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा सार्वजनिक ऋण आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा ४३.७९ प्रतिशत रहेको छ। यसमा बाह्य ऋणको कुल गार्हस्थ उत्पादनको २३.०२ प्रतिशत र आन्तरिक ऋण कुल गार्हस्थ उत्पादनको २०.७७ प्रतिशत रहेको छ।

MTDS ले लिएको रणनीति अनुसार कुल गार्हस्थ उत्पादनको अनुपातमा सार्वजनिक ऋण आर्थिक वर्ष २०८३/८४ को असार मसान्त सम्ममा ३८.२३ प्रतिशत सीमाभित्र कायम रहन चुनौतीपूर्ण हुने देखिएको छ।

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा कुल ऋणको व्याज भुक्तानीको अनुपात कुल गार्हस्थ उत्पादनको १.१५ प्रतिशत रहेको छ। रणनीति अनुसार कुल गार्हस्थ उत्पादनको अनुपातमा ऋणको व्याज भुक्तानीको अनुपात आर्थिक वर्ष २०८३/८४ को असार मसान्त सम्ममा ०.९९ प्रतिशत रहने लक्ष्य रहेको छ। आर्थिक वर्ष २०८१/८२ को सुरुवातमा यस्तो प्रतिशत १.४४ प्रतिशत रहेकोमा आन्तरिक ऋणको व्याजदरमा आएको न्यूनताले सार्वजनिक ऋणको परिमाण बढे तापनि यस आ.व. को अन्त्यसम्म आइपुग्दा यस्तो व्याज अनुपात घटेको छ। रणनीति अनुसारनै सहुलियपूर्ण ऋण परिचालन गर्न सकेको अवस्थामा यो लक्ष्य पुरा हुने देखिन्छ।

मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले आर्थिक वर्ष २०८३/८४ को असार मसान्त सम्ममा १ वर्षमा ऋण परिपक्व हुने ऋण (कुल ऋणको प्रतिशतको आधारमा) १४.७३ प्रतिशत हुने लक्ष्य रहेकोमा यस आर्थिक वर्षको अन्त्यमा यस्तो अनुपात १५.८१ प्रतिशत रहेको छ। मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले अल्पकालिन ऋण घटाउने लक्ष्य

लिएकोले १ वर्षमा परिपक्व हुने ऋणको लक्ष्य प्राप्त हुन जाने देखिन्छ। यसैगरी सो रणनीतिले आर्थिक वर्ष २०८३/८४ को असार मसान्तसम्ममा १ वर्षमा ऋण परिपक्व हुने ऋण (कुल गार्हस्थ उत्पादनको प्रतिशतको आधारमा) ५.६३ प्रतिशत हुने लक्ष्य रहेकोमा यस आर्थिक वर्षको अन्त्यमा यस्तो अनुपात ६.९२ प्रतिशत कायम रहेको छ। लक्ष्य अनुसारको अनुपात कायम गर्न कुल ऋणमा एक वर्ष भन्दा कम अवधिको ट्रेजरी बिलको अंश घटाउनु पर्ने देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा सोही नीति अनुसारनै ट्रेजरी बिलको कुल परिचालन ३० अर्ब घटाई करिव ३७५ अर्बको स्टक कायम भएको छ। यसले रणनीतिको लक्ष्य अनुसार कायम हुने अपेक्षा गरिएको छ।

मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले आर्थिक वर्ष २०८३/८४ को असार मसान्तसम्ममा ट्रेजरी बिलको अंश (कुल ऋणको प्रतिशतमा) ९.९६ प्रतिशत कायम गर्ने लक्ष्य लिइएकोमा यस आर्थिक वर्षको अन्त्यमा यस्तो अनुपात १४.०४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ को सुरुवातमा यो प्रतिशत १६.५८ प्रतिशत रहेको थियो। आगामी आर्थिक वर्ष २०८२/८३ मा कुल ३० अर्ब ट्रेजरी बिलको परिचालन परिमाण घटाउने लक्ष्य लिएकोले यस्तो अनुपात घट्ने अनुमान गरिएको छ। अत: लक्ष्य अनुसारको अनुपात कायम गर्न आगामी आर्थिक वर्षमा यस्तो ऋणको अंश क्रमशः घटाउनु पर्ने देखिन्छ।

रणनीतिले आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्ममा कुल सार्वजनिक ऋणमा बाह्य ऋणको अनुपात ५९.१६ प्रतिशत हुने लक्ष्य लिएकोमा यस आर्थिक वर्षको अन्त्यमा यस्तो अनुपात ५२.५७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ को शुरुवातमा यो प्रतिशत ५१.४९ प्रतिशत रहेको थियो। नेपाल सरकारले बहुपक्षीय तथा द्विपक्षीय साझेदारमार्फत प्राप्त आकर्षक सहुलियतपूर्ण प्रकृतिको ऋणको हिस्सा बढ्दै गएकोले लक्ष्य अनुसारकै सीमा कायम हुने अपेक्षा गरिएको छ। तर वैदेशिक स्रोतको प्राप्ति लक्ष्य अनुसार नहुने चुनौतीले यो लक्ष्य भेट्न कठिन देखिन्छ।

समग्रमा मध्यमकालीन ऋण व्यवस्थापन रणनीति (२०८१/२०८२-२०८३/८४) कार्यान्वयन भएको पहिलो वर्षमा लक्ष्य अनुसारनै सार्वजनिक ऋणका अधिकांश परिसूचक सकारात्मक रही तोकिएको सीमाभित्र कायम रहेको देखिन्छ। तथापि रणनीतिले लिएका विकल्पहरुको न्यूनतम लागत एवंम विवेकसम्मत जोखिमको उपयुक्त सीमामा रही ऋण भुक्तानी तालिका र ऋण परिचालन गर्ने नीति लिन आवश्यक देखिन्छ।

## ५.३ ऋणको दिगोपना विश्लेषण

आर्थिक वर्ष २०८१/८२ सम्म नेपाल सरकारको विद्यमान सार्वजनिक ऋण २६ खर्ब ७३ अर्ब ३६ करोड पुगेको छ। जसमा १४ खर्ब ५ अर्ब १४ करोड बाह्य ऋण र १२ खर्ब ६८ अर्ब २२ करोड आन्तरिक ऋण रहेको छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा सार्वजनिक ऋण आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा ४३.७७ प्रतिशत रहेको छ। विश्व बैंक तथा IMF ले गरेको पछिल्लो ऋणको दिगोपना विश्लेषणले (IMF-WB, June 2024) नेपालको सार्वजनिक ऋणमा वैदेशिक ऋण तथा कुल सार्वजनिक ऋणको परिमाण जोखिम रहित (The Risk of Debt Distress is low for both external and overall public debt) भएको विश्लेषण गरेको छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा सार्वजनिक ऋण यस वर्षको अन्त्यसम्ममा अनुमान गरेको हाराहारी कायम भएको छ।

## ६. नयाँ सुधारका प्रयासहरु (Recent Initiatives)

सार्वजनिक ऋण व्यवस्थापन ऐन तथा नियमावाली जारी भएपश्चात सार्वजनिक ऋणको व्यवस्थापन एकीकृत रुपमा यस कार्यालयबाट हुदै आएको छ। नियमावली जारी पश्चात नेपाल राष्ट्र बैंकबाट हुँदै आएको आन्तरिक ऋण व्यवस्थापन सम्बन्धी कार्य यस कार्यालयमा हस्तान्तरण भै आन्तरिक ऋणको निष्कासनसँग सम्बन्धित सम्पूर्ण कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ। जसबाट साविकमा आन्तरिक ऋणको कमिसन बापत नेपाल राष्ट्र बैंकलाई वार्षिक रुपमा भुक्तानी हुदै आएको करिब रू १३ करोड नेपाल सरकारलाई बचत हुन पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापनसँग सम्बन्धित कार्यलाई पारदर्शी, विश्वसनीय तथा विवेकसम्मत रुपमा गर्न विभिन्न सुधारका कार्य समेत गरिएको छ।

- सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी सम्पूर्ण अभिलेख र प्रतिवेदनहरुको डाटावेसलाई अन्तर्राष्ट्रियस्तरको बनाउन अन्तर्राष्ट्रियस्तरको सफ्टवेयर (Debt Operations and Management System) निर्माण भई २०७७/०४/०१ (१६ जुलाई २०२०) देखि संचालनमा आएको छ। ऋण व्यवस्थापन प्रणालीलाई दिगो तथा थप सुदृढ बनाउने कार्य जारी रहेको छ।
- मध्यमकालीन ऋण व्यवस्थापन रणनीति (MTDS) २०८१।८२ देखि २०८३।८४ अर्थ मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ।
- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ तथा नियमावली,२०८० बमोजिम ऋण निष्कासन तथा व्यवस्थापन कार्यविधि स्वीकृत गरी ऋणपत्रहरुको निस्कासन तथा दोस्रो बजार कारोबार कार्यान्वयनमा रहेको छ।
- ऋण व्यवस्थापन (Debt Management) मा कार्यरत मानव स्रोतको अन्तर्राष्ट्रिय असल अभ्यास र मापदण्ड अनुकुल क्षमता विकास गर्न IMF, World Bank र ADB सँगको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा अध्ययनको अवसर उपलब्ध गराउने कार्यहरूलाई निरन्तरता दिइएको छ।
- सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० को कार्यान्यिवनसँगै आन्तरिक ऋणसँग सम्बन्धित सरकारी ऋणपत्रहरूको निष्कासन र व्यवस्थापनसँग सम्बन्धित अग्र र पृष्ठ अफिस कार्यहरूको जिम्मेवारी नेपाल राष्ट्र बैंकबाट यस कार्यालयमा स्थानान्तरण भै कार्यसम्पादन हुँदै आएको छ।
- नागरिक बचत पत्र र वैदेशिक रोजगार बचतपत्रको आवेदन तथा निष्काशनमा साथै यसको दोस्रो बजार कारोबार व्यवस्थापन DOMS र Investor Portal को प्रयोग गरिएको। यसले आगामी दिनमा यस्ता बचतपत्रमा नागरिकलाई आवेदन गर्न सहज हुने हुँदा सरकारप्रति नागरिकको विश्वास बढ्न जाने अपेक्षा गरिएको छ।
- ऋण बुलेटिन तथा ऋणको मासिक, त्रैमासिक प्रतिवेदनहरु प्रकाशन गर्ने गरिएको छ।
- नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र लगायतका सरकारी ऋणपत्रहरूलाई अभौतिकीकरण गर्ने कार्य सम्पन्न गरिएको छ।
- आम नागरिक र अन्य सरोकारवालाहरूमा समयमा ऋण सम्बन्धी उचित सूचना प्रवाह गर्नका लागि मासिक रूपमा Government Debt Statistics तयार गरी वेबसाइट मार्फत प्रकाशन गर्ने गरिएको छ।
- आन्तरिक ऋणको सावाँ र व्याज भुक्तानी सम्बन्धित ऋणपत्र धनीको बैंक खातामा भुक्तानी गर्ने व्यवस्था गरिएको छ।

## ७. सुधार गर्नुपर्ने विषयहरू (Areas of Improvement)

- नेपाल सरकारले विभिन्न ऋणदाताबाट ऋण लिई सहायक ऋण सम्झौताको माध्यमबाट विभिन्न सार्वजनिक संस्थाहरूमा ऋण लगानी गरेकोमा नेपाल सरकारले ऋणदातालाई स्वीकृत तालिका अनुसारनै साँवा व्याज भुक्तानी गर्ने तर सम्बन्धित संस्थाबाट नेपाल सरकारलाई साँवा व्याज समयमा भुक्तान नगर्दा सरकारको Cash Flow मा चाप परेको छ। तसर्थ नेपाल सरकारले त्यस्ता संस्थाबाट ऋण रकमको साँवा तथा व्याज फिर्ता समयमै भुक्तानी गर्न उचित कदम चाल्नु पर्दछ।
- वैदेशिक ऋणमा आधारित परियोजनाहरूमध्ये ऋणदातासँग भएको सम्झौता अनुसार वित्तीय प्रगति हुन नसके प्रतिबद्धता शुल्क भुक्तान गर्नुपर्ने व्यवस्था छ। विगत वर्षहरुमा नेपाल सरकारले भुक्तानी गरेको यस्तो प्रतिबद्धता शुल्क वृद्धि हुँदै गएको छ। तोकिएको Disbursement नभएमा प्रतिबद्धता शुल्क भुक्तानी गर्नुपर्ने आयोजनाहरु सम्बन्धित मन्त्रालयबाट नियमित अनुगमन गरी सम्बन्धितलाई जिम्मेवार बनाउने व्यवस्था गर्नु पर्दछ ।
- सार्वजनिक ऋण सञ्चालन तथा व्यवस्थापनको लागि प्रयोगमा ल्याइएको प्रणालीको दिगोपना सुनिश्चितता हुनुपर्दछ। विद्युतीय प्रणालीको माध्यमबाट ऋण व्यवस्थापनसँग सम्बन्धित कार्यको पारदर्शिता, विश्वसनीयतमा बृद्धि हुदै गएकोले यस्तो प्रणालीको अवरोध रहित सञ्चालनको सुनिश्चतता गरिनुपर्दछ।
- नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको न्यून आवेदन परिरहेको सम्बन्धमा स्वदेशमा र विदेशमा रहेको सम्भाव्य लगानीकर्तालाई सुसूचित गर्ने कार्यक्रम सञ्चालन गरिनुपर्दछ।
- सरकारी ऋणपत्रहरूको दोस्रो बजार कारोबारलाई थप सहज बनाउन सरोकारवाला निकायहरूको विद्युतीय प्रणालीहरुमा DOMS प्रणालीलाई अन्तरआवद्धता गर्नु पर्दछ।
- विकास ऋणपत्रको नेपाल स्टक एक्सचेन्जमा सुचिकृत दलाल मार्फत कारोबार गर्दा लाग्ने शुल्क परिमार्जन गर्नु पर्दछ।
- आन्तरिक ऋणको उपकरणमा ट्रेजरी बिललाई मौद्रिक उपकरणको रुपमा समेत प्रयोग गरिएकोले यसको उच्चतम र न्यूनतम सीमा सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग परामर्श लिई सोही अनुसार कायम गर्नु उपयुक्त देखिन्छ।
- ट्रेजरी बिलको नवीकरण रकम सो आर्थिक वर्ष आन्तरिक ऋण उठाउने सीमाभित्र नरहने भएकोले यसको स्पष्ट कानूनी गर्नु पर्दछ।
- ऋण सेवा सम्बन्धी कार्यमा विद्युतीय प्रणालीको प्रयोगमा वृद्धि भएकोले यस्ता प्रणालीबाट प्राप्त तथा इमेल मार्फत प्राप्त हुँदै आएका क्रेडिट एड्भाइस र डेविट एड्भाइस तथा डिस्वर्समेण्ट कार्यमा विश्वसनीयता बढाउन सुरक्षाको उपायहरूमा थप लगानी गर्नु पर्ने देखिन्छ।
- आन्तरिक ऋण अन्तर्गतको विकास ऋणपत्रलाई परियोजनामा आधारित गरी ऋणपत्र जारी गर्ने व्यवस्थाको प्रक्रिया तथा आयोजना छनौट सम्बन्धमा सरोकारवाला निकायहरुबीच छलफल भई कार्यविधि तर्जुमा गरिनु पर्दछ।
- आन्तरिक ऋण व्यवस्थापन सम्बन्धी कार्यहरु र सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार तथा नियमनकारी निकायको कार्य समेत यस कार्यालयबाट शुरु भईसकेकोले कार्यालयको विद्यमान भौतिक पुर्वाधार तथा जनशक्ति थप गर्नु पर्दछ।
- सार्वजनिक ऋण व्यवस्थापनसँग सम्बन्धित नीति तर्जुमा, ऋणपत्रको बजार विकास, दोस्रो बजार कारोबार लगायत विभिन्न उपकरणहरु विश्लेषण गर्नुपर्ने हुँदा कार्यरत जनशक्तिको क्षमता विकासमा थप लगानी गर्नु पर्दछ।

- वैदेशिक ऋणको अभिलेख, साँवा व्याज भुक्तानी लगायतको कार्य यस कार्यालयबाट हुने हुँदा ऋणको लेखाङ्कन, साँवा व्याज भुक्तानीको लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई जिम्मेवार निकायको रुपमा तोकी इमेल सहित वित्तीय सम्झौतामा उल्लेख गर्नु पर्दछ।

***

# खण्ड —ख

# नेपाल सरकारको

# शेयर तथा लगानीको वार्षिक प्रतिवेदन -२०८२

## १. लगानीको स्थिति र विश्लेशण (Investment Status and Investment)

### लगानीको स्थिति र विश्लेषण

नेपाल सरकारको तर्फवाट भएको सेयर तथा ऋण लगानीको आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्मको अवस्थाको स्थिति यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

### १.१. सार्वजनिक संस्थान तथा निकायहरुमा आर्थिक बर्ष २०८१/८२ सम्म भएको लगानीको संक्षिप्त स्थिति

आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्ममा नेपाल सरकारले विभिन्न १५९ वटा संस्थान तथा निकायहरुमा सेयर तथा ऋण गरी रु. ९ खर्ब ३० अर्ब ८८ करोड लगानी गरेको छ। जसमध्ये सेयरतर्फ रु ४ खर्ब ४ अर्ब ८१ करोड र ऋणतर्फ ५ खर्ब २६ अर्ब ७ करोड लगानी भएको छ।


तालिका १

सरकारको लगानीको विवरण

(रु. करोडमा)

| क्र.स. | विवरण | गत आ.व. २०८०/८१ को अन्त्य सम्मको लगानी | प्रतिशत | यस आ.व.२०८१/८२ को | | | यस आ.व.२०८१/८२ को अन्त्य सम्मको लगानी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लगानी रकम | फिर्ता प्राप्त रकम | समायोजन रकम | | |
| १ | सेयर लगानि | ३९९२९ | ४५ | ५५२ | ० | ० | ४०४८१ | ४३ |
| २ | ऋण लगानी | ४८८११ | ५५ | ४०५८ | २६२ | ० | ५२६०७ | ५७ |
| जम्मा | | ८८७४० | १०० | ४६१० | २६२ | ० | ९३०८८ | १०० |

चार्ट १: आ.ब.२०८०/८१ सम्मको सेयर तथा ऋण लगानीको स्थिति



आ.व. २०८१/८२ सम्मको कुल लगानीमा सेयर लगानीको अंश करिब ४३ प्रतिशत र ऋण  लगानीको अंश करिब ५७ प्रतिशत रहेको छ।

## १.२ सरकारको सेयर तथा ऋण लगानीको तुलनात्मक स्थिति

तालिका २


नेपाल सरकारको सेयर तथा ऋण लगानीको स्थिति

(रु. करोडमा)

| विवरण | गत आ. व. २०७७/७८ को अन्त्य सम्मको | | गत आ. व. २०७८/७९ को अन्त्य सम्मको | | गत आ. व. २०७९/८० को अन्त्य सम्मको | | गत आ. व. २०८०/८१ को अन्त्य सम्मको | | यस आ. व.२०८१/८२ को अन्त्य सम्मको | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रकम | % परिवर्तन | रकम | % परिवर्तन | रकम | % परिवर्तन | रकम | % परिवर्तन | रकम | % परिवर्तन |
| शेयर | ३४२११ | ५०.९८ | ३५७६३ | ४८.८८६६ | ३८६१२ | ४९.३०१६ | ३९९२९ | ४४.९९५५ | ४०४८१ | ४३.४९ |
| ऋण | ३२८९८ | ४९.०२ | ३७३९२ | ५१.११३४ | ३९७०६ | ५०.६९८४ | ४८८११ | ५५.००४५ | ५२६०७ | ५६.५१ |
| जम्मा | ६७१०९ | १०० | ७३१५५ | १०० | ७८३१८ | १०० | ८८७४० | १०० | ९३०८८ | १०० |

विगतको पाँच वर्षको तथ्यांक तुलना गर्दा सेयरको अंश आ.व. २०७७/७८ को अन्त्यसम्ममा ५१ प्रतिशत रहेकोमा क्रमश घट्दै गएर आ.व. २०८१/८२ मा ४३ प्रतिशत पुगेको छ।त्यस्तै ऋणको अंश आ.व. २०७७/७८ को अन्त्यसम्ममा ४९ प्रतिशतबाट बढेर आ.व. २०८१/८२ सम्ममा ५७ प्रतिशत पुगेको छ।

चार्ट २: सरकारको सेयर तथा ऋण लगानीको प्रवृत्ति



## १.३ सेयर लगानी

### १.३.१ कुल सेयर लगानी स्थिति

आर्थिक वर्ष २०८१/८२ सम्ममा सरकारबाट ११६ संस्थानहरुमा सेयरतर्फ ४ खर्ब ४ अर्ब ८१ करोड ४१ लाख ५८ हजार लगानी भएको छ। यसमा संस्थानहरुबाट प्राप्त भएको सोझै भुक्तानीको विवरण समेत समावेश गरिएको छ।


तालिका ३

कुल सेयर लगानीको स्थिति

(रु. करोडमा)

| क्रसं | विवरण | आ.ब. २०८०/८१ सम्मको | आ.व २०८१/८२ को लगानी | आ.ब २०८१/८२ को समायोजन | आ.ब. २०८१/८२ को कोनस फिर्ता | आ.ब. २०८१/८२ सम्मको लगानी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | रकम | प्रतिशत |
| १ | संस्थापक सेयर | ३७७७६ | ४९८ | ०. | ० | 38,274 | ९५ |
| २ | प्राथमिकता प्राप्त सेयर | ९७९ | ० | ०. | ० | ९७९ | २ |
| ३ | अन्तरराष्ट्रिय संस्थामा सेयर | ११७४ | ४९८ | ० | ० | १२२८ | ३ |
| **जम्मा** | | **३९९२९** | **५५२** | **०** | **०** | **४०४८१** | **१००** |

चार्ट ३: आ.ब. २०८१/८२ सम्मको कुल सेयर लगानीको स्थिति




आ.व. २०८१/८२ सम्मको कुल सेयर लगानीमध्ये संस्थापक सेयर ९५ प्रतिशत, प्राथमिकता प्राप्त सेयर २ प्रतिशत र अन्तराष्ट्रिय संस्थामा सेयर ३ प्रतिशत रहेको छ। यसको विस्तृत विवरण अनुसूची २ मा रहेको छ।

### १.३.२ बढी सेयर लगानी भएका संस्थानहरू

नेपाल सरकारले गरेको सेयर लगानीमध्ये यस आर्थिक वर्ष २०८१/८२ सम्ममा सबैभन्दा बढी नेपाल विद्युत प्राधिकरणमा रु १ खर्ब ८५ अर्ब ४७ करोड सेयर लगानी भएको छ भने त्यसपछि क्रमश; नेपाल नागरिक उड्डयन प्राधिकरणमा रु. ६३ अर्ब २८ करोड र नेपाल टेलिकममा रु. १६ अर्ब ४७ करोड सेयर लगानी भएको छ। नेपाल सरकारको बढी सेयर लगानी रहेका १० वटा संस्थानहरूको विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ।

तालिका ४


नेपाल सरकारको बढी सेयर लगानी रहेका दश संस्थानहरु

(रु. करोडमा)

| क्र.सं. | संस्थान | सेयर लगानी | कुल सेयर लगानी प्रतिशत |
|---|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण | १८५४७ | ४६ |
| २ | नेपाल नागरिक उड्डयण प्राधिकरण | ६३२८ | १६ |
| ३ | नेपाल टेलिकम | १६४७ | ४ |
| ४ | राष्ट्रिय बाणिज्य बैंक | १५६३ | ४ |
| ५ | कृषि विकास बैक लिमिटेड | १३३० | ३ |
| ६ | हाइड्रो ईलेक्ट्रिसिटी ईन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट क लि | १२४७ | ३ |
| ७ | नेपाल आयल निगम | १०९४ | ३ |
| ८ | निक्षेप तथा कर्जा सुरक्षण कोष | ९०० | २ |
| ९ | नेपाल बैक लिमिटेड | ७४९ | २ |
| १० | अन्तर्राष्ट्रिय मुद्रा कोष | ६५९ | २ |

*स्रोतः अनुसूची २*

चार्ट ४: आ.ब. २०८१/८२ को बढी सेयर लगानी भएका संस्थानहरु




सरकारको कुल सेयर लगानी रकमको सबैभन्दा बढी ४६ प्रतिशत रकम नेपाल विधुत प्राधिकरणमा रहेको छ। त्यसैगरी नेपाल नागरिक उड्डयन प्राधिकरणमा १६ प्रतिशत र नेपाल टेलिकम तथा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा करिव ४/४ प्रतिशत रकम लगानी रहेको छ। जसमध्ये कुल सेयर लगानीको ८५ प्रतिशत माथि उल्लेखित १० संस्थानहरुको रहेको छ।

## १.४ ऋण लगानी स्थिति

### १.४.१ कुल ऋण लगानी स्थिति

आर्थिक वर्ष २०८१/८२ सम्ममा सरकारको आन्तरिक स्रोतबाट रु. १ खर्ब ५८ अर्ब १८ करोड (कुल ऋण लगानीको ३० प्रतिशत) तथा वैदेशिक स्रोतबाट भएको ऋण लगानी रु. ३ खर्ब ६७ अर्ब ८८ करोड (करीव ७० प्रतिशत) गरी जम्मा रु. ५ खर्ब २६ अर्ब ६ करोड ऋण लगानी रहेको छ।

तालिका ५

कुल ऋण लगानीको स्थिति


(रु. करोडमा)

| क्र.सं. | विवरण | आ.व २०८०/८१ सम्मको ऋण लगानी | | आ.व २०८१/८२ मा भएको समायोजन | आ.व २०८१/८२ को लगानी | आ.व २०८१/८२ को साँवा फिर्ता | आ.व २०८१/८२ सम्मको ऋण लगानी | |
|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | | | | रकम | प्रतिशत |
| १ | आन्तरिक स्रोतबाट ऋण लगानी | १५४५४ | ३२ | ० | ५२३ | १५८ | १५८१९ | ३० |
| २ | वैदेशिक स्रोतबाट ऋण लगानी | ३३३५८ | ६८ | ० | ३५३४ | १०४ | ३६७८८ | ७० |
| **जम्मा** | | **४८८१२** | **१००** | **०** | **४०५७** | **२६२** | **५२६०७** | **१००** |

*स्रोतः अनुसूची ३ र ४*

आ.व. २०८०/८१ को अन्त्यसम्ममा आन्तरिक स्रोतबाट ऋण लगानी ३२ प्रतिशत रहेकोमा आ.व. आ.व.२०८१/८२ मा घटेर ३० प्रतिशत पुगेको छ। त्यस्तै वैदेशिक स्रोतबाट ऋण लगानी आ.व.२०८०/८१ को अन्त्यसम्ममा ६८ प्रतिशत रहेकोमा आ.व.२०८१/८२ मा बढेर ७० प्रतिशत पुगेको छ।

चार्ट ५ : ऋण लगानफको स्थिति




कुल ऋण लगानीमा वैदेशिक स्रोतको ऋण लगानीको हिस्सा ७० प्रतिशत रहेको छ भने आन्तरिक स्रोततर्फ ३० प्रतिशत रहेकोको छ। आन्तरिक स्रोतबाट ऋण लगानीको विस्तृत विवरण अनुसूची ३ मा र वैदेशिक सोतबाट ऋण लगानीको विस्तृत विवरण अनुसूची ४ मा रहेको छ।

### १.४.२ बढी ऋण लगानी भएका संस्थानहरुः

आ. व. २०८१/८२ सम्ममा बढी ऋण लगानी भएका संस्थानहरुमा नेपाल विद्युत प्राधिकरणको ३ खर्ब ५० अर्ब ६ करोड, काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको ५६ अर्ब ३६ करोड रहेको छ। तल तालिका ६ मा बढी ऋण लगानी भएका १० वटा सार्वजनिक संस्थानहरुको विवरण प्रस्तुत गरिएको छ।

तालिका ६

बढी ऋण लगानी भएका १० संस्थानहरु


(रु. करोडमा)

| लगानी गरिएको संस्थान/ निकायको नाम | ऋण लगानी | | | प्रतिशत |
|---|---|---|---|---|
| | आन्तरिक ऋण खाता | बाह्य ऋण खाता | जम्मा रु. | |
| नेपाल विद्युत प्राधिकरण | ७३३३.७ | २७६७२.५ | ३५००६.२ | ६६.४ |
| काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | ३५८९.१ | २०४७.१ | ५६३६.३ | १०.७ |
| नेपाल नागरिक उड्डयन प्राधिकरण | ९३.६ | ३५४८.१ | ३६४१.७ | ६.९ |
| नेपाल खानेपानी संस्थान | १२७०.५ | १०४७.१ | २३१७.६ | ४.४ |
| साना किसान लघुवित्त वित्तीय संस्था लि. | १३७७.६ | ५९७.४ | १९७४.९ | ३.७ |
| नगर विकास कोष | २०३.६ | ५५५.६ | ७५९.२ | १.४ |
| नेपाल राष्ट्र बैंक | ०.० | ४०९.० | ४०९.० | ०.८ |
| नेपाल वायुसेवा निगम | ५८.९ | ३०२.७ | ३६१.६ | ०.७ |
| जनकपुर चुरोट कारखाना लि. | २९४.६ | ०.० | २९४.६ | ०.६ |
| कृषि विकास बैंक | ०.२ | २३३.३ | २३३.५ | ०.४ |

*स्रोतः अनुसूची ३ र*

४

चार्ट ६: बढी ऋण लगानी भएका संस्थानहरु




सरकारको कुल ऋण लगानी रकमको सबैभन्दा बढी ६६.४ प्रतिशत रकम नेपाल विद्युत प्राधिकरणको रहेको छ। त्यसैगरी काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको १०.७ प्रतिशत रहेको छ। माथि चित्रमा उल्लिखित १० वटा सार्वजनिक संस्थानहरुमा भएको ऋण लगानी कुल ऋण लगानीको ९६ प्रतिशत रहेको छ।

### १.४.३ साँवा व्याज असुलीको स्थिति

सरकारद्वारा सार्वजनिक संस्थानहरुमा गरिएको कुल ऋण लगानीमध्ये आ.व. २०८१/८२ मा सरकारलाई साँवातर्फ रु.२ अर्ब ६२ करोड प्राप्त भएको छ भने व्याजतर्फ रु. ५ अर्ब २९ करोड प्राप्त भएको छ। फिर्ता भएको साँवा र व्याज गरी कुल रु. ७ अर्ब ९१ करोड प्राप्त भएको छ।

तालिका ७


साँवा तथा व्याज असुलीको स्थिति

(रु. करोडमा)

| क्र.सं. | आर्थिक बर्ष | आन्तरिक स्रोत | | वैदेशिक स्रोत | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | साँवा असुली | व्याज प्राप्त | साँवा असुली | व्याज प्राप्त | |
| १ | २०८०/८१ | ४९२.६७ | ३५.५४ | २३३.४ | ७००.७ | १४६२.३ |
| २ | २०८१/८२ | १५८.६ | ४१.८९ | १०३.७ | ४८७.२ | ७९१.३ |
| **कुल जम्मा** | | **६५१.३** | **७७.४** | **३३७.१** | **११८७.८** | **२२५३.७** |

*स्रोत: अनुसूची ९ र १०*

**चार्ट ७: साँवा तथा व्याज असुलीको तुलनात्मक स्थिति**




आ.व २०८०/८१ को तुलनामा आ.व २०८१/८२ मा साँवा र व्याज असुली घटेको छ। गत आ.व. २०८०/८१ साँवा तथा व्याज असुली १४ अर्ब ६२ करोड रहेकोमा आ.व. २०८१/८२ मा ७ अर्ब ९१ करोड रहेको छ। गत आ.व.को तुलनामा साँवा तथा व्याज असुली ४५.९ प्रतिशतले घटेको छ।

### १.४.४ साँवा, व्याज तथा लाभांश प्राप्तिको स्थिति

तालिका ८ मा आर्थिक वर्ष २०६७/६८ देखि २०८१/८२ सम्मको साँवा, व्याज तथा लाभांश प्राप्तिको विवरण प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल प्राप्ति रु. ६१ अर्ब ३२ करोड रहेकोमा यस आर्थिक वर्ष २०८१/८२ मा ९ वटा संस्थानबाट साँवातर्फ रु.२ अर्ब ६२ करोड, १३ वटा संस्थानबाट व्याजतर्फ रु. ५ अर्ब २९ करोड[1] र १४ वटा संस्थानबाट नगद लाभांशतर्फ रु.३९ अर्ब ८८ करोड गरी जम्मा ४७ अर्ब ७९ करोड प्राप्त भएको छ।

तालिका ८

आ.ब. २०६७/६८ देखि २०८१/८२ सम्म साँवा, व्याज तथा लाभांश प्राप्तिको स्थिति


| आ.ब. | साँबा | व्याज | लाभांस | जम्मा |
|---|---|---|---|---|
| २०६७/६८ | १२७९५०९६८९.८२ | ११९९०५६२०७.७२ | ८६२४६२८९२३.२२ | १११०३१९४८२०.७६ |
| २०६८/६९ | १८७००४९७१.९० | १७३५३९०२००.६२ | ६२०६५५३९४६.९१ | ८१२८९४९११९.४३ |
| २०६९/७० | ७५५३०७०१४.१४ | ५२६३७८४८३.५१ | ६६१४४३५३९५.६२ | ७८९६१२०८९३.२७ |
| २०७०/७१ | ५६९८११४९४.९५ | १६५१९३८३२३.९१ | ६६३९०७०३०७.३५ | ८८६०८२०१२६.२१ |
| २०७१/७२ | २०८१५८१८१५.७१ | १९४०६७८२५५.६५ | १३५३१५७३१०५.१९ | १७५५३८३३१७६.५५ |
| २०७२/७३ | १३६९४०२७०७०.९९ | ३०९०८९९३०८.५६ | १४९८२८६८६३८.५२ | ३१७६७७९५०१८.०७ |
| २०७३/७४ | २९४०२१४३१६.२० | २२०१३७०७२७.८९ | १५०५८५५८०६६.२२ | २०२००१४३११०.३१ |
| २०७४/७५ | ५४४५५३९२३१.५३ | ३५३२३५०२४१.५८ | १७४२९०१८६६५.५६ | २६४०६९०८१३८.६७ |
| २०७५/७६ | ३०६६११७७६१.८५ | १७१८०७८६२९६.५५ | २०५०१९०६६२२.३० | ४०७४८८१०६८१.०० |
| २०७६/७७ | १७८८१५३१२९.२१ | ५४१९३१८६३३.९८ | २३६४४०७०३०६.७५ | ३०६७१५४२०६८.९० |
| २०७७/७८ | ३२२३५१६११९.३८ | ८४१०२४४७१२.७४ | १२७५१२९९५४३.२३ | २४३८५०६०३७५.३५ |
| २०७८/७९ | २९३८४८३१७९.०० | ६१८४९०६८१०.०७ | ४२४३६६२३०८.५५ | १३३६७०५२२९७.६० |
| २०७९/८० | ११८१४१३६१६६.४९ | ८७२१३८५८८०.६७ | २७३८०६७९३८४.७६ | ४७९१६२०१४३२.०० |
| २०८०/८१ | ७२६०९८९७३८.०० | ७४५३७०१८८५.०० | ४६६०८५९००९०.०० | ६१३२३२८१७१४.०० |
| २०८१/८२ | २६२२९९४६९५.७२ | ५२९०४३०३५६.७३ | ३९८७७०६४९१६.४२ | ४७७९०४८९९६८.८७ |

*स्रोतः विगतको वार्षिक प्रतिवेदनबाट प्राप्त तथ्यांकमा अद्यावधिक गरिएको।*

2

[22] व्याज वापत रु.५१२६७५२४४०।९३ र नेपाल विद्युत प्राधिकरणको प्रतिवद्धता शुल्क रु.१६३६७७९१५।८० समेत जम्मा

चार्ट ८ : साँवा, व्याज र लाभांशको प्राप्तिको प्रवृत्ति




आर्थिक वर्ष २०८१/८२ मा साँवा, व्याज र लाभांश प्राप्ति गत आ.व. २०८०/८१ भन्दा क्रमश: २७.१५, ३१.२१ र १४.४४ प्रतिशत घटेर कुल प्राप्तिमा २२.०६ प्रतिशतले घटेको छ । माथिको चित्रमा तथ्यांक करोडमा राखी प्रस्तुत गरिएको छ।

## १.४.५ भाखा नाघेको साँवा र व्याज बढी भएका संस्थानहरु

नेपाल सरकारले गरेको ऋण लगानीमा आर्थिक वर्ष २०८१/८२ सम्म भाखा नाघेको साँवातर्फ रु.२ खर्ब ५९ अर्ब २० करोड र भाखा नाघेको व्याजतर्फ रु.१ खर्ब ४० अर्ब ८८ करोड गरी कुल जम्मा भाखा नाघेको साँवा तथा व्याज रु. ४ खर्ब ८ करोड रहेको छ। भाखा नाघेको साँवा, भाखा नाघेको व्याज र भाखा नाघेको साँवा-व्याज रकम बढी भएका संस्थानहरुको विवरण क्रमश तालिका ९,१० र ११ मा प्रस्तुत गरिएको छ।


तालिका ११

भाखा नाघेको साँवा र व्याज बढी भएका दश संस्थानहरु

(रु. करोडमा)

| क.सं | संस्था/ निकायको नाम | भाखा नाघेको साँवा | भाखा नाघेको व्याज | कुल जम्मा रु. | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण | १७५६७.२ | १०२९८.७ | २७८६५.९ | ६९.६५ |
| २ | काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | २९७३.६ | ७८५.७ | ३७५९.३ | ९.४ |
| ३ | नेपाल खानेपानी संस्थान | १४५६.४ | ५१३.३ | १९६९.७ | ४.९२ |
| ४ | नेपाल नागरिक उड्डयन प्राधिकरण | ८७०.५ | ८२६.३ | १६९६.८ | ४.२४ |
| ५ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | ७६५.९ | ३.२ | ७६९.१ | १.९२ |
| ६ | जनकपुर चुरोट कारखाना लि. | २६४.४ | १७६.७ | ४४१.१ | १.१ |
| ७ | नेपाल राष्ट्र बैंक | ४०९.० | ०.० | ४०९.० | १.०२ |
| ८ | उदयपुर सिमेन्ट उद्योग लि. | १७४.१ | १६१.४ | ३३५.५ | ०.८४ |
| ९ | नेपाल वायुसेवा निगम | १७५.८ | १५८.४ | ३३४.२ | ०.८५ |
| १० | गोरखकाली रबर उद्योग लि. | १६९.२ | १३८.९ | ३०८.१ | ०.७७ |

चार्ट ९ : भाखा नाघेको साँवा र व्याज धेरै भएका दश संस्थानहरु



आर्थिक वर्ष २०८१/८२ सम्ममा भाखा नाघेको साँवा र व्याज बढी भएका संस्थानहरुमध्ये सबै भन्दा बढी नेपाल विद्युत प्राधिकरणको रु.२ खर्ब ७८ अर्ब ६६ करोड अर्थात कुल भाखा नाघेको साँवा र व्याजको ६९.६ प्रतिशत र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड को रु.३७ अर्ब ५९ करोड अर्थात ९.४ प्रतिशत रहेको छ। माथि उल्लिखित १० संस्थानले कुल भाखा नाघेको साँवा र व्याजको करिब ९४.७० प्रतिशत समेटेको छ।

### १.४.६ भाखा नाघेको साँवा र व्याजको तुलनात्मक स्थितिः

आ.व. २०७७/७८ मा भाखा नाघेको साँवा र व्याज गरी ९८ अर्ब २८ करोड रहेकोमा आ.व. २०८१/८२ मा ४ खर्ब ८ करोड पुगेको छ।

तालिका १२

भाखा नाघेको साँवा र व्याजको तुलनात्मक स्थिति

(रु. करोडमा)


| आ.ब. | भाखा नाघेको साँवा | भाखा नाघेको व्याज | जम्मा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| २०७७/७८ | ५६७२.४ | ४१५६.३ | ९८२८.७ | |
| २०७८/७९ | ६१७९.५ | ३०६०.२ | ९२३९.७ | -५.९९ |
| २०७९/८० | ६२७०.१ | ९३४६ | १५६१६.१ | ६९.०१ |
| २०८०/८१ | ७१४३.८ | १०९७२.३ | १८११६.१ | १६.०१ |
| २०८१/८२ | २५९२० | १४०८८.२ | ४०००८.२ | १२०.८४ |

*स्रोतः विगतका वार्षिक प्रतिवेदनबाट प्राप्त तथ्यांकमा अद्यावधिक गरिएको*

आ.व.२०७७/७८ मा नेपाल सरकारको कुल भाखा नाघेको साँवा ५६ अर्ब ७२ करोड र भाखा नाघेको व्याज ४१ अर्ब ५६ करोड गरी जम्मा रु. ९८ अर्ब २८ करोड रहेको देखिन्छ। आ.व.२०७८/७९ मा भाखा नाघेको साँवा तथा व्याज अघिल्लो वर्षको तुलनामा करिब ६ प्रतिशतले घटेको देखिन्छ। आ.व.२०७९/८० मा भने भाखा नाघेको साँवा तथा व्याज अघिल्लो वर्षको तुलनामा ६९ प्रतिशतले बृदि भएको देखिन्छ। त्यसैगरी आ.व. २०८०/८१ मा भाखा नाघेको साँवा तथा व्याजमा अघिल्लो वर्षको तुलनामा १६ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ। आ.व.२०८१/८२ मा भाखा नाघेको साँवा तथा व्याज रकममा अघिल्लो वर्षको तुलनामा १२० प्रतिशतले वृद्धि भई भाखा नाघेको साँवा तथा व्याज क्रमश रु. २ खर्ब ५९ अर्ब र १ खर्ब ४१ अर्ब गरी कुल जम्मा रु. ४ खर्ब पुगेको छ।आ.व. २०८१/८२ देखि लगानीको प्रतिवेदन Software प्रणाली मार्फत गरिएको । Software मा प्रविष्टि गर्दा सहायक ऋण सम्झौता बमोजिम ऋण वितरण गरिएकोमा सोही सहायक ऋण सम्झौता अनुसार भुक्तानी तालिका बन्ने तर नयाँ ऋण प्रदान गरिएकोमा छुट्टै भुक्तानी तालिका बन्ने हुन्छ। कार्यालयमा रहेको अभिलेख/ढड्डामा एउटै पानामा प्रविष्ट भएको ऋणलाई हाल एउटै ऋण मानिएकोले सो अनुसार भाखा नाघेको ऋणको गणना भएकोले यस आ.व.मा ठुलो मात्रामा भाखा नाघेको रकम

बढेको छ। उक्त ऋणहरुका सम्वन्धमा थप कागजात तथा प्रमाण उपलव्ध भएको अवस्थामा सोही अनुसार हिसाव समायोजन गरिने छ ।

चार्ट १० : भाखा नाघेको साँवा र व्याजको प्रवृत्ति




सरकारको ऋणको साँवा व्याज असुली कमजोर भई पछिल्ला वर्षहरुमा भाखा नाघेको रकम बढ्दै गएको छ।

## २. वित्तिय जोखिम

वित्तीय जोखिम भन्नाले सरकारको आर्थिक गतिविधिहरूसँग सम्बन्धित विभिन्न जोखिमहरूलाई जनाउँछ जसले सरकारको वित्तीय स्थिति र समग्र राष्ट्रको स्थिरता प्रभावित पार्न सक्छ। वित्तीय जोखिमको उचित व्यवस्थापनले सरकारलाई आर्थिक संकट र अस्थिरता नियन्त्रण गर्न मद्दत पुऱ्याउँछ र राष्ट्रको समृद्धि र स्थिरता कायम राख्नमा योगदान पुऱ्याउछ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले वित्तीय जोखिम अन्तर्गत सार्वजनिक संस्थानहरुलाई नेपाल सरकारले दिएको जमानत र ती संस्थानहरुको सम्भावित दायित्वको प्रतिवेदन गरेको छ।

### २.१ सरकारी जमानत

जमानत भन्नाले ऋणीले ऋण वा सम्झौता अनुसारको दायित्व पूरा गर्न नसकेमा सरकार स्वयंले सो दायित्व पूरा गर्ने प्रतिवद्धता हो। आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्ममा नेपाल सरकारले नेपाल वायुसेवा निगमलाई जहाज खरिद

गर्न कर्जा प्रदान गर्न कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई जमानत प्रदान गरेको छ। यसको विस्तृत विवरण तालिका १३ मा प्रस्तुत गरिएको छ।

तालिका १३

नेपाल सरकारले प्रस्तुत गरेको जमानतको विवरण

(रु.करोडमा)

| सि.नं. | दिने संस्था | जमानत रकम | आ.व. २०८१/८२ असार सम्म कायम रकम | | |
|---|---|---|---|---|---|
| | | | साँवा | व्याज | जम्मा |
| १ | नागरिक लगानी कोष | १२०० | १९३९ | १७३ | २११२ |
| २ | कर्मचारी सञ्चय कोष | १००० | ९४० | ८१ | १०२१ |
| | | १२०० | १४१६ | ६९७ | २११३ |
| जम्मा | | ३४०० | ४२९५ | ९५१ | ५२४६ |

*स्रोतः सार्वजनिक संस्थाहरुबाट संकलित विवरण*

जमानतको व्याज समयमा भुक्तानी नभएको कारणले व्याज रकम साँवामा पुँजीकरण भई जमानतको साँवा रकम समेत बढ्दै गएको देखिन्छ।

## २.२ सम्भावित दायित्व

नेपाल लेखामान ३७ अनुसार सम्भावित दायित्वको खुलासा गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्ममा सार्वजनिक संस्थानहरुको सम्भावित दायित्वको विवरण देहाय बमोजिम रहेको छ।

तालिका १४

सम्भावित दायित्वको विवरण


(रु.करोडमा)

| क्षेत्र | प्रवर्द्धन प्रमाणीकरणमा आधारित सम्भावित दायित्वको रकम (कुल रकम) | अपेक्षित दायित्व (कुल रकम) |
|---|---|---|
| औद्योगिक | ३५.४ | ३५.४ |

| | | |
|---|---|---|
| व्यापारिक | ५२५.७ | ५२४.३ |
| सेवा | ३७०२.३ | ३६६७.८ |
| सामाजिक | ० | ० |
| जनउपयोगी | ७४२ | ७२६.८ |
| वित्तीय | ३४०७ | ३४०.७ |
| जम्मा | ८४१२.४ | ५२९४.९ |

*स्रोतः सार्वजनिक संस्थाहरुबाट संकलित विवरण*

**चार्ट ११ : क्षेत्रगत आधारमा सम्भावित तथा अपेक्षित दायित्वको स्थिति**




माथिको विवरणले २०८२ असार मसान्तसम्मका सार्वजनिक संस्थानका सम्भावित दायित्वहरु प्रस्तुत गर्दछ। सार्वजनिक संस्थानहरुको वार्षिक वित्तीय स्थिति समीक्षा, २०८२ अनुसार २१ सार्वजनिक संस्थानहरुले वित्तीय विवरण लेखापरीक्षण गराएका छन। लेखापरीक्षण गराएका २१ वटा सार्वजनिक संस्थानमध्ये १९ वटा सार्वजनिक संस्थानहरुको सम्भावित दायित्व सम्बन्धी विवरण यस कार्यालयमा प्राप्त भएको छ जसमा ११ वटा सार्वजनिक संस्थानले मात्र त्यस्ता दायित्वहरुको विवरण उपलव्ध गराएका छन। संकलित विवरणमा संस्थानले प्रमाणित गरेको आधारितमा सम्भावित कुल दायित्व ८४ अर्ब १२करोड रहेको छ। जसमध्ये अपेक्षित दायित्व ५२ अर्ब ९४ करोड रहेको छ।

## ३. लेखाङ्कन नीति तथा टिप्पणी

नेपाल सरकारको तर्फबाट आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थान/निकायमा भएको सेयर तथा ऋण लगानीको कारोवारको लेखाङ्कन गर्दा सेयर तथा ऋण लगानी नीति, २०८१, सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, सार्वजनिक ऋण नियमावली, २०८०, प्रचलित आर्थिक कार्यप्रणाली तथा लगानी सम्बन्धी विगतका अभ्यासका अतिरिक्त देहाय बमोजिमका मुख्य मुख्य नीतिहरुको अवलम्बन गरिएको छ।

### ३.१. सेयर तथा ऋणको लेखाङ्कन नीति

- नेपाल सरकारले सेयर तथा ऋण लगानी गरेका संस्थान तथा निकायहरुको वार्षिक प्रतिवेदनलाई कार्यालयको अभिलेखसँग यथाशक्य भिडान गरी सेयर लगानीको आर्थिक विवरण प्रस्तुत गरिएको छ। संस्थानहरुसँग हाल भिडान हुन नसकेको लगानीको हकमा यस कार्यालयको अभिलेखको रकमलाई आधार मानिएको छ।
- वैदेशिक स्रोतको सोझै भुक्तानी विधिवाट गरिएको सेयर तथा ऋण लगानीको लेखा सरकारलाई दातृ निकायहरुवाट ऋण वा अनुदान प्राप्त हुँदाको बखतको विदेशी विनिमय दरको आधारमा नेपाली मुद्रामा लेखाङ्कन तथा अभिलेखन गरिएको छ।
- सरकारले अन्तर्राष्ट्रिय संघसंस्था वा निकायहरुमा विदेशी मुद्रामा सेयर तथा ऋण लगानी गर्दा भुक्तानी गरेको बखतको विदेशी विनिमय दरको आधारमा नेपाली मुद्रामा लेखाङ्कन तथा अभिलेखन गरिएको छ ।
- ऋण लगानी गर्दाको तमसुक तथा सम्झौतामा उल्लेख नभएको विषयका हकमा समान प्रकृतिका संस्थामा गरिएको लगानी, देशको आर्थिक अवस्था तथा अघिल्ला वर्षहरुमा भएका लगानी सम्बन्धी व्यवस्थालाई आधार मानिएको छ ।
- दातृ संस्थाहरुबाट प्राप्त लगानीको रकममध्ये संस्थानहरुमा गरिएको ऋण लगानीको रकम सम्बन्धित संस्थानहरुसँग नेपाल सरकारले गरेको सहायक ऋण सम्झौताको आधारमा लेखाकंन गरिएको छ।
- सहायक ऋण सम्झौता फेला नपरेका ऋण लगानीको रकमको हकमा महालेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरित अभिलेख, विवरण, ढड्डा, विगतका वार्षिक प्रतिवेदनहरु तथा आर्थिक वर्षहरुमा गरिएको निकासाका आधारमा ऋण बाँकीको रुपमा लेखाङ्कन गरिएको छ।
- दातृ निकायबाट सम्बन्धित संस्थामा भएको सोझै भुक्तानीलाई भुक्तानी प्राप्त गर्ने सम्बन्धित संस्था/निकायबाट प्राप्त विवरण एवं प्रतिवेदनका आधारमा लेखाङ्कन गरिएको छ।
- वैदेशिक स्रोतबाट लगानी गरिएका र लगानी मिति नखुलेका ऋण रकमहरुको लगानीको मिति सम्बन्धित आर्थिक वर्षको असार मसान्तलाई आधार मानिएको छ। यस्तो लगानीमा विनिमयदर नखुलेको अवस्थामा असार मसान्तकै विनिमय दरलाई आधार मानी लेखाकंन गर्ने गरिएको छ।
- वस्तुगत सहायताको रुपमा गरिएको सेयर तथा ऋण लगानीको रकम तत्कालिन मूल्यको आधारमा लेखाङ्कन गरिएको छ। त्यसैगरी संस्थानहरुमा हस्तान्तरण गरिएका सम्पत्तिहरुको मूल्यांकन गरी लगानी भएकोमा नेपाल सरकारको निर्णयबाट कायम भएको मूल्यलाई लेखाङ्कनको आधार लिने व्यवस्था रहेको छ।

### ३.२. लगानीबाट प्राप्त लाभांश तथा व्याज (राजश्व) सम्बन्धमाः

- सेयर तथा ऋण लगानीबाट प्राप्त लाभांश, साँवा फिर्ता तथा व्याज रकम आर्थिक संकेत तथा वर्गीकरण अनुसार सम्बन्धित राजस्व शीर्षक मार्फत नेपाल सरकारको सञ्चित कोषमा दाखिला गरी राजस्व सूचना व्यवस्थापन प्रणाली अनुरुप आर्थिक विवरणहरुमा प्रस्तुत गरिएको छ।
- विगत वर्षहरुमा लगानी भएको सर्त, सम्झौता आदि प्राप्त हुन नसकी वक्यौता लगतमा नदेखिएका तर चालू आर्थिक वर्षमा त्यस्ता सर्त सम्झौता आदि प्राप्त भएकोमा चालु आर्थिक वर्षमा नै लगत कायम गरी बाँकी वक्यौता देखाइएको छ।
- तमसुक, निर्णय तथा सम्झौता प्राप्त हुन नसकेका कतिपय ऋण तथा व्याजको वक्यौता रकमहरु गणना गर्न सकिएको छैन जसका कारण त्यस्तो लगानीको साँवा मात्र समावेश गरीएको छ भने वक्यौता राजस्व यस आर्थिक विवरणमा समावेश गरिएको छैन।
- आर्थिक वर्ष २०८१/८२ सम्ममा उठ्न बाँकी वक्यौता साँवा, व्याज तथा लाभांशको राजस्व वक्यौताको विवरण यस कार्यालयको अभिलेख अनुसार प्रस्तुत गरिएको छ।
- नेपाल सरकारबाट सार्वजनिक संस्थानमा गरिएको ऋण तथा लगानीको अभिलेखाङ्कनको दीगो व्यवस्थापनका लागि सञ्चालनमा रहेकोमा Government Stake Management System (GSMS) मा तथ्याङ्कको एकीकरण र स्थानान्तरणको कार्य प्रारम्भ गरिएको छ।

### ३.३ आ.व. २०८१/८२ को सेयर तथा ऋण लगानीतर्फको अद्यावधिक आर्थिक विवरणमा भएका समायोजन टिप्पणी

- सेयर लगानी तथा सोबाट प्राप्त लाभांश र ऋण लगानी तथा सो को साँवा व्याजको प्रतिवेदन गर्ने ढाँचा अनुसार प्रतिवेदन तयार गरिएको छ। ऋण सम्झौता/तमसुकका सर्तमा व्याजको अतिरिक्त अन्य सर्त भएमा ऋण असुलीका बखत सम्झौता/तमसुकका सर्त अनुसार हिसाव गणना हुनेछ।
- सहायक ऋण सम्झौता अनुसार ऋण रकम वितरण थप भएको अवस्थामा सो ऋणको ग्रेस अवधि तथा भुक्तानी तालिका सहायक ऋण सम्झौता अनुसार नै हुने तर छुट्टै ऋण लगानी भएको अवस्थामा नयाँ भुक्तानी तालिका र ग्रेस अवधि कायम हुने हुन्छ। साविकको ऋणको अभिलेख नहुँदा कार्यालयमा रहेको ढड्डाको छुट्टै पानामा रहेको विवरणलाई छुट्टै ऋण मानी अभिलेखाङ्कन तथा प्रतिवेदन गर्दा भाखा नाघेको साँवा व्याजमा कायम हुन गएको रकम अभिलेख कागजात फेला परी कुनै ऋण सहायक ऋण सम्झौता अनुसार कायम भएमा त्यस्तो भाखा नाघेको रकम सो अनुसार परिवर्तन हुनेछ।
- नेपाल विद्युत प्राधिकरणको पत्रबाट लेखी आएअनुसार मन्त्रिपरिषद्को २०७४/०२/०९ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणमा नेपाल सरकारको आन्तरिक स्रोततर्फको ऋणको व्याजदर पाँच प्रतिशत कायम गर्ने निर्णय बमोजिम कार्यालयमा उपलव्ध अभिलेखको आधारमा हाललाई २०७४/०२/०९ अघिको व्याजलाई ऋण लगानी गर्दाको सम्झौता अनुसार गणना गरी सो अवधिलाई Cut off मानी त्यसपछिको व्याजदर Software मा पाँच प्रतिशत कायम गरी सोही अनुसार प्रतिवेदन गरिएको छ। यस सम्बन्धमा थप अभिलेख तथा कागजात फेला परेका बखत सोही अनुसार हिसाव समायोजन गरिने।

- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.१.१ को सि.नं. ४ मा दुग्ध विकास संस्थानको वित्तीय समस्या व्यवस्थापन कार्यक्रममा ऋण रकम ६४,९९,७२,०००/- एकमुष्ट रुपमा रहेकोमा यस कार्यालय र सम्बन्धित संस्थानसँग भएका कागजात र ऋण सम्झौता अनुसार तीनवटा अलग अलग कार्यक्रममा भएकोले सोही बमोजिम कायम गरी अनुसूचीको ३.१.१ को सि.नं. ६, ७ र ८ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.१.१ को सि.नं. १० मा आ.व. २०८०।८१ सम्मको बाँकी साँवा रकम रु.१६,०६,३६,८४४.१०/- देखिएकोमा कार्यालयको अभिलेख/ढड्डा अनुसार उक्त कार्यक्रममा ३,५०,००,००० (तीन करोड पचाँस लाख) मात्र साँवा बाँकी देखिएकोले सोही अनुसार हिसाव अद्यावधिक र सि.नं. ७ र ८ को ऋण रकम पनि एउटै कार्यक्रमा लगानी भएकोले सि.नं. ७, ८ र १० को कार्यक्रमलाई एउटै कार्यक्रम कायम गरी अनुसूचीको ३.१.१ को सि.नं. ४० मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.१.१ को सि.नं. २३ र २४ मा साँवा रकम क्रमश रु. ८,००,००,०००/- र ९६,१०,९७,११०/- को आ.व. २०८०/८१ सम्ममा व्याज रकम क्रमश रु.१३,९२,३०,०२०/- र ८५,२४,११,१८८.९३/- उल्लिखित भएकोमा कार्यालयको ढड्डामा उल्लेख भएबमोजिम व्याजदर क्रमश ६% र ५% अनुसार सफ्टवेयरमा प्रविष्टि गरी उल्लिखित दुवै ऋण रकम बिराटनगर जुट मिल अन्तर्गत प्रशासनिक खर्च कार्यक्रममा लगानी भएकोले दुवै रकमलाई एउटै कार्यक्रममा राखी अनुसूचीको ३.१.१ को सि.नं. ४ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.१.१ को सि.नं. २७ मा साँवा रकम रु. १४,७५,०००/- को आ.व. २०८०/८१ सम्ममा व्याज रकम रु.१,२४,७८,०००/- उल्लिखित भएकोमा कार्यालयको ढड्डामा उल्लेख भएबमोजिम व्याजदर ६% अनुसार सफ्टवेयरमा प्रविष्टि गरी सोही बमोजिम अनुसूचीको ३.१.१ को सि.नं.३ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.१.१ को सि.नं. ३१ र ३३ को साँवा रकम क्रमश रु. २,५०,००,०००/- र २,७९,२०,०००/- कार्यक्रमको नाम उल्लेख नगरी कायम गरिएकोमा दुइवटै रकमलाई एउटै कार्यक्रममा राखी अनुसूचीको ३.१.१ को सि.नं.३१ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.१.१ को सि.नं. ४० र ४१ को साँवा रकम क्रमश रु. ४,००,००,०००/- रु.२,१९,००,०००/- कार्यक्रमको नाम उल्लेख नगरी कायम गरिएकोमा दुइवटै रकमलाई एउटै कार्यक्रममा राखी अनुसूचीको ३.१.१ को सि.नं.१३ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.१.१ को सि.नं. ४६ मा साँवा रकम रु. १६,००,००,०००/- को आ.व. २०८०/८१ सम्ममा व्याज रकम रु.३,०६,८४९.३२/- उल्लिखित भएकोमा कार्यालयको ढड्डामा उल्लेख भएबमोजिम व्याजदर ६% र लगानी मिति अनुसार सफ्टवेयरमा प्रविष्टि गरी सोही बमोजिम अनुसूचीको ३.१.१ को सि.नं. ४३ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.२.१ को सि.नं. १२ मा नेपाल आयल निगमको ऋणमा आ.व. २०८०/८१ सम्मको बाँकी व्याज रकम रु.२६,७९,६९१.५९/- उल्लेख भएकोमा कार्यालयको अभिलेख तथा प्राप्त भौचर अनुसार सो ऋण रकमको साँवा र व्याज आ.व. २०८०/८१ मा भुक्तानी भईसकेकोले सोही बमोजिम अनुसूचीको ३.२.१ को सि.नं.१ मा कायम गरिएको छ।

- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.२.१ को सि.नं. ७ मा आ.व. २०८०/८१ सम्मको साँवा रकम रु.१,५७,५५,६६३.८०/- रकम लुम्बिनी धान चामल निर्यात कम्पनीको विशेष ऋणपत्र २०४८ "ग" कार्यक्रममा भएकोले कार्यालयको अभिलेख अनुसार ऐ. संस्थान अन्तर्गत विशेष ऋणपत्र २०४८ "ख" कार्यक्रममा समेत रु.२,६३,६६,२२१.५७/- ऋण लगानी देखिएको र सो ऋण आ.व.२०८०/८१ को प्रतिवेदनमा लुम्बिनी विकास कोष अन्तर्गत प्रतिवेदन भएकोले कार्यालयको अभिलेख बमोजिम अनुसूचीको ३.२.१ को सि.नं. ८ मा दुईवटै कार्यक्रमलाई एकमुष्ट रुपमा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.२.१ को सि.नं. १ र २ मा क्रमश नेशनल ट्रेडिङ्ग लिमिटेड र नेपाल खाद्य संस्थान अन्तर्गतका कार्यक्रम र सोही बमोजिम ऋण रहेकोमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०२/१० को निर्णयानुसार नेशनल ट्रेडिङ्ग लिमिटेड र नेपाल खाद्य संस्थान गाभीई खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड भएकोले सोही बमोजिम अनुसूचीको ३.२.१ को सि.नं. १२ र १३ कायम गरिएको छ। साथै साविकमा नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेड अन्तर्गत कायम रहेको सेयरलाई समेत खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड अन्तर्गत लेखाङ्कन गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.३.१ को सि.नं.४,६,७, र ८ को साँवा रकम क्रमश रु. २५,००,०००/-, १,००,००,०००/-,२०,००,०००/- र ५,८०,००,०००/- को कार्यक्रम नाम एउटै भएकोले सो ऋणलाई एउटै कार्यक्रममा राखी अनुसूचीको ३.३.१ को सि.नं.९ मा कायम गरिएको छ।
- २०७९/८० को प्रतिवेदनमा NAC को पत्रानुसार ऋण समायोजन गर्दा अनुसूची ३.३.१ कार्यक्रमगत विवरणको सि.नं.१५ र १६ मा Y१२ जहाँज खरिदको रु. १,६५,०८,८३,०००/- र MA ६० जहाँज खरिद रु.१,३६,९६,०६,७८२.२०/- हुनु पर्नेमा साविकमा कार्यक्रम नखुली कायम रहेको ऋण रकम रु.३१,६२,३४,७१८/- को नाम MA ६० जहाँज खरिद हुन गई सो को व्याज छुट हुन गएको र आ.व.२०८०/८१ को प्रतिवेदनमा समायोजन भएको Y१२ जहाँज खरिदको रु. १,६५,०८,८३,०००/- र MA ६० जहाँज खरिद रु. १,३६,९६,०६,७८२.२०/- रकम वैदेशिक ऋण कायम गर्न आन्तरिक ऋणतर्फ घटाउने समायोजन गर्दा रु. १,६५,०८,८३,०००/- र १,३६,९६,०६,७८२.२०/- आन्तरिक ऋणतर्फ घटाएर पनि साविकको कार्यक्रम नखुलेको ऋण रकम रु.३१,६२,३४,७१८/- को नाम MA ६० जहाँज खरिदको ऋण कायम देखिएको। साविकको कार्यक्रम नखुलेको ऋण रकम रु.३१,६२,३४,७१८/- लाई २०७९/८० को प्रतिवेदन तथा अभिलेख अनुसार आन्तरिक ऋण कायम गरी सो अनुसार व्याज गणना गरिएको र समायोजन गरिएका उक्त दुइवटा ऋण वैदेशिक स्रोततर्फ कायम गरी कार्यालयको ढड्डा अनुसार व्याज गणना गरी अनुसूचीको ३.३.१ को २ र ३ कायम गरिएको।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.३.१ को सि.नं.१२ र ४.३.१ को सि.नं.४ मा आ.व. २०८०/८१ सम्मको साँवा रकम क्रमश रु. ३,००,००,००,०००/- र ६,२५,७८,२७,४९४.६२/- उल्लेख भएकोमा कार्यालयको अभिलख तथा कागजात अनुसार मिति २०७८/१२/१७ र २०७९/०३/३० मा हवाइ यातायात क्षमता अभिवृद्धि आयोजनामा ऋण लगानी गर्दा नेपाल सरकार स्रोतबाट रु.४५ लाख र ADB/PBL स्रोतबाट रु.१ अर्ब ५ करोडको दरले २ पटकमा ३ अर्ब लगानी भएकोमा उक्त ऋण रकम साविकका वर्षहरुमा नेपाल सरकार स्रोततर्फ प्रतिवेदन भएकोमा ADB/PBL स्रोततर्फको ऋण रकम रु. २ अर्ब १० करोड आन्तरिक

स्रोततर्फबाट हटाई बैदेशिक स्रोततर्फ कायम गरी अनुसूचीको ३.३.१ को सि.नं. ४ र ४.३.१ को सि.नं. ८ कायम गरिएको छ। साथै अनुसूचीको ३.३.१ को सि.नं. ४ मा कायम गरिएको ऋण रकमको सहुलियत अवधि (Grace period) बाँकी रहेकाले व्याज गणना भएको छैन।

- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.३.१ को सि.नं.२१ र २२ को साँवा रकम क्रमश रु.१००००००/- र १,०५,७०,३९४/- को कार्यक्रमको नाम उल्लेख नगरी ऋण कायम गरिएकोमा सो ऋणलाई एउटै कार्यक्रममा राखी अनुसूचीको ३.३.१ को सि.नं.१२ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनमा नेपाल खानेपानी संस्थान, काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र स्यार्पु पावर कम्पनी लिमिटेडको आन्तरिक तर्फको ऋण लगानी अनुसूची १ (जम्मा लगानी) र अनुसूची ३ (निकायगत आन्तरिक ऋण लगानी) मा उल्लेख भएतापनि अनुसूची ३.५.१ (कार्यक्रमगत ऋण लगानी) मा छुट भएको देखिएकोले उक्त ऋण समेत समावेश गरी अनुसूचीको ३.१०.१ मा प्रतिवेदन गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.४.१ को सि.नं.३ मा साँवा रकम रु.३०,००,००,०००/- एउटै कार्यक्रममा एकमुष्ट रहेकोमा यस कार्यालय र सम्बन्धित संस्थानसँग भएका कागजात र ऋण सम्झौता अनुसार सो ऋण रकम ३ वटा अलग अलग कार्यक्रममा रहेकोले सोही बमोजिम अनुसूचीको ३.४.१ को सि.नं. २, ४ र ५ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.४.१ को सि.नं.६ मा साँवा रकम रु.४९,९६,९९,०००/- एउटै कार्यक्रममा एकमुष्ट रहेकोमा यस कार्यालय र सम्बन्धित संस्थानसँग भएका कागजात र ऋण सम्झौता अनुसार सो ऋण रकम २ वटा अलग अलग कार्यक्रममा रहेकोले सोही बमोजिम अनुसूचीको ३.४.१ को सि.नं. ८ र ९ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.५.१ को सि.नं.१९ आ.व.२०८०/८१ सम्मको कायम साँवा रकम रु.२,५२,०१,४२,०००/- रहेकोमा कार्यालयमा हाल कायम रहेको ढड्डा (खाता पाना नं.६२०) मा साविकमा हिसाब राखीएको ढड्डाबाट अल्या गर्दा रु.२,००,००,०००/- बढी अल्या गरिएकोले उक्त बढी भएको साँवा रकमलाई समायोजन गरी अनुसूचीको ३.१०.१ को सि.नं. १८ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.६.१ को सि.नं.१० मा आ.व. २०८०/८१ सम्मको साँवा रकम रु. ३५,१६,३१,३४०.०२/- उल्लेख भएकोमा नेपाल राष्ट्र बैंकको मिति २०७९/०३/३० तथा साना किसान विकास लघुवीत्त वित्तीय संस्था लिमिटेडको च.नं.१११८ मिति २०८१/०७/१२ को पत्रबाट समायोजन छुट हुन आएको रु.१६,३१,३४०.०२ घटाई अनुसूचीको ३.६.१ को सि.नं. ७ कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ३.७.१ को सि.नं. ७ मा आ.व. २०८०/८१ सम्मको साँवा रकम रु.५,०४,६६,१८८.६९/- उल्लेख भएकोमा सो साँवा रकम मध्ये रु.२,६३,६६,२२१.५७/- ऋण रकम लुम्बिनी धान चामल निर्यात कम्पनी अन्तर्गत भएको देखिएकोले सोही संस्थान अन्तर्गत नै लेखाङ्कन भएकोले सो ऋण रकम लुम्बिनी विकास कोष बाट घटाई अनुसूचीको ३.११.१ को सि.नं. १ कायम गरिएको छ।

- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.१.१ को सि.नं. ६ मा आ.व. २०८०/८१ सम्मको बाँकी व्याज रकम रु.१,०१,४४,४०९.७२/- उल्लेख भएकोमा कार्यालयको अभिलेख बमोजिम सो व्याज रकम कम देखिएकोले कार्यालयको अभिलेख/ढड्डाको खाता पाना नं.३८ बमोजिमको व्याजदर ७.५% राखी अनुसूचीको ४.१.१ को सि.नं. ३ कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.१.१ को सि.नं. १४ मा आ.व. २०८०/८१ सम्मको साँवा रकम रु.५४,१५,०३१.६९/- उल्लेख भएकोमा कार्यालयको अभिलेख बमोजिम नेपाल कोल लिमिटेडको परियोजना १ कार्यक्रममा कुल ऋण लगानी रु.६५,४३,५७०/- लगानी भएकोमा रु.११,२९,५३८.३१/- साँवा रकम फिर्ता पश्चात रु.५४,१४,०३२/- बाँकी हुने भएकोले सोही बमोजिम अनुसूचीको ४.१.१ को सि.नं. ७ कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.३.१ को सि.नं. १२ मा आ.व. २०८०/८१ सम्मको साँवा रकम रु.६४,७३,३८५.८९/- बाँकी भएता पनि सो को व्याज आ.व. २०७७/७८ देखि एउटै व्याजलाई अ.ल्या गरी वार्षिक व्याज गणना भएको नदेखिएकोले कार्यालयको अभिलेख/ढड्डाको खाता पाना नं.३३४ बमोजिमको व्याजदर (१%) अनुसार गणना गरी अनुसूचीको ४.३.१ सि.नं. ३ कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.४.१ को सि.नं.६ मा आ.व. २०८०/८१ सम्मको साँवा रकम रु.३९,००,००,०००/- उल्लेख भएकोमा कार्यालयको अभिलेख अनुसार मिति २०७८/०९/११ मा भएको ऋण लगानी साविकका वर्षमा प्रतिवेदन हुन छुटेको देखिएकोले सो रकम समेत कायम गरी अनुसूचीको ४.६.१ सि.नं. ३ कायम गरिएको छ।
- साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड अन्तर्गत ADB loan No. 1650 बाट रुरल माइक्रोफाइनान्स प्रोजेक्ट (ग्रामिण लघुवित्त आयोजना) मा मिति २०५७/१२/२४ बाट गरिएको ऋण लगानीको प्रतिवेदन साविकका वर्षहरुमा नभएकोले कार्यालयको अभिलेख अनुसार लेखाङ्कन गरी अनुसूचीको ४.६.१ सि.नं. १० मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.५.१ को सि.नं.१४ मा आ.व. २०८०/८१ सम्मको साँवा रकम रु. -२,५०,००,०००/- उल्लेख भएकोमा कार्यालयको अभिलेख तथा वैकल्पिक उर्जा प्रवर्द्वन केन्द्रको च.नं. ४८२, मिति २०८२/०१/१६ को पत्रानुसार थप ऋण कायम गरी अनुसूचीको ४.१०.१ सि.नं. ८१ र आ.व.२०८०/८१ को प्रतिवेदनमा उल्लेख नभएता पनि वैकल्पिक उर्जा प्रवर्द्वन केन्द्रको च.नं.४२८, मिति २०८२/०१/१६ गतेको पत्रानुसार अनुसूचीको ४.१०.१ को सि.नं. ८३ र कार्यालयको अभिलेख अनुसार अर्थ मन्त्रालयको मिति २०६५/१०/१० गतेको निर्णयबाट ऋण लगानी गरिएको ऋण कायम गरी अनुसूचीको ४.१०.१ को सि.नं. ८२ कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.५.१ को सि.नं. ३ र २२ मा साँवा रकम क्रमश रु. २,९१,८३,०७,२५०/- र २,०२,३२,०९,३५७.७९/- कायम भएकोमा नेपाल विद्युत प्राधिकरणको प.सं. २०७९/८०, च.नं. २५० मिति २०७९।१२।२२ को पत्रानुसार प्रतिवेदनको सि.नं.२२ को कार्यक्रममा फिर्ता गरिएको साँवा रकम रु.४८,८४,४५,६३९।८९ घटाएर सि.नं.३ को कार्यक्रममा साँवा फिर्ता जनाई अनुसूचीको ४.१०.१ को सि.नं.१९ मा कायम गरिएको छ।

- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.५.१ को सि.नं.१६ मा साँवा रकम रु.१,५७,६०,७२,७८४/- भएकोमा नेपाल विद्युत प्राधिकरणको उक्त आयोजनामा कुल ऋण लगानी रु.२,६३,०१,३९,५१२।१४ को रु. ६६,६४,०५,७३९।६९/- साँवा फिर्ता घटाउदा कायम ऋण रु.१,९६,३७,३३,७७२।४५ हुनुपर्नेमा अन्यथा भएकोले सच्याएर अनुसूचीको ४.१०.१ को सि.नं.१५ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.५.१ को सि.नं.२५ मा साँवा रकम रु.२६२५६६०००/- को कार्यक्रमको नाम उल्लेख नभएकोमा सो को नाम कार्यालयको ढड्डा अनुसार ग्रीड सुदृढीकरण आयोजना कायम गरी अनुसूचीको ४.१०.१ को सि.नं.६५ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.५.१ को सि.नं.१७ मा साँवा रकम रु. २,६४,४६,८३,२१९.७४/- कायम भएकोमा कार्यालयको अभिलेख अनुसार मिति २०७३/०९/०१ मा लगानी भएको रु.४,८९,६३,८३,६४०.६०/- छुट हुन गएकोले सो रकम समेत जोडी अनुसूचीको ४.१०.१ को सि.नं.६२ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.५.१ को सि.नं.५६ मा साँवा रकम रु. ७५,८१,७४,९९०.१८/- उल्लेख भएकोमा कार्यालयको अभिलेख अनुसार मिति २०७६/०४/०१ मा लगानी भएको रु.३८,८९,६७,६५५.४६/- साविकका प्रतिवेदनमा छुट हुन गएकोले सो रकम समेत जोडी अनुसूचीको ४.१०.१ को सि.नं. ४२ मा कायम गरिएको छ।
- आ.व. २०८०/८१ को प्रतिवेदनको अनुसूची ४.५.१ को सि.नं.६० मा साँवा रकम रु.३,०२,७४,६३,५३८.७२/- कायम भएकोमा विभिन्न मितिमा ऋण लगानी भएको सोझै भुक्तानीको लेखाङ्कन तथा प्रतिवेदन छुट हुन गएको देखिएकोले सो रकम समेत जोडी अनुसूचीको ४.१०.१ को सि.नं. ४६ मा कायम गरिएको छ।
- नेपाल विद्युत प्राधिकरण अन्तर्गत विभिन्न आयोजनाहरुमा विभिन्न मितिमा ऋण लगानी भएको तर साविकका प्रतिवेदनहरुमा छुट भएका कार्यक्रमहरु (कालिगण्डकी A पावरहाउस पुनस्थापना आयोजना, उर्जामा पहुँच तथा दक्षता सुधार आयोजना, कावेली प्रशारण लाइन आयोजना, विद्युत प्रशारण तथा विद्युत प्रणाली दक्षता अभिवृद्धि आयोजना, Additional Financing for Electricity grid Modernization Project 1 and 2 र South Asia Sub-regional Economic Cooperation Power System Expansion Project) को DOMS बाट थप ऋण लगानी विवरण यकिन गरी लेखाङ्कन तथा प्रतिवेदन गरिएको छ।
- नेपाल विद्युत प्राधिकरणको च.नं. ७८२ मिति २०८२/०३/१२ गतेको पत्रसाथ प्राप्त भई राजश्व व्यवस्थापन सूचना प्रणाली (RIMS) को भौचर नं.८३०५६६३७ बाट दाखिला भएको रकम रु.६,०८,८७,९५९.९१/- मध्ये कार्यालयको मिति २०८२/०३/०४ गतेको निर्णयानुसार नेपाल वितरण प्रणाली तथा स्तरोन्नति आयोजनामा European Investment Ban (EIB) स्रोतबाट लगानी भएको रकमको व्याज बापत रु. ४५३५७६९४.६० र प्रतिवद्धता शुल्क (Commitment Charge) बापत रु.१५५३०२६५.३०/- कायम गरिएको। GSM मा प्रतिवद्धता शुल्कलाई प्रासिमा देखाउनको लागि छुट्टै ठाउँ नभएकोले अनुसूचीको ४.१०.१ को सि.नं.६९ मा EIB ऋण बापतको प्रतिवद्धता शुल्क शीर्षकमा ऋण कायम गरी (प्राप्त भएको आर्थिक वर्षलाई कटअफ मानी) प्राप्त

प्रतिवद्धता शुल्क बराबरको व्याज रकम बाँकी राखी सोही रकम व्याज प्राप्ति मार्फत घटाइएकोले सो रकम व्याज प्राप्ति को अनुसूची ९ मा देखिएता पनि व्याज नरहेको।

- नेपाल विद्युत प्राधिकरणको च.नं. १५५ मिति २०८१/०६/१३ गतेको पत्रसाथ प्राप्त भई राजश्व व्यवस्थापन सूचना प्रणाली (RIMS) को भौचर नं. ७०५७९७८९ बाट दाखिला भएको रकम रु.२,०१,९३०,४८६.८३/- मा नेपाल वितरण प्रणाली तथा स्तरोन्नति आयोजनामा AIIB स्रोतबाट लगानी भएको रकमको व्याज बापत रु. ५,३७,८२,८३७.४१ र प्रतिवद्धता शुल्क (Commitment Charge) बापत रु. १४,८१,४७,६४९.४२/- कायम गरिएको। GSM मा प्रतिवद्धता शुल्कलाई प्राप्तिमा देखाउनको लागि छुट्टै ठाउँ नभएकोले अनुसूचीको ४.१०.१ को सि.नं.७० मा Asian Infrastructure Investment Bank (AIIB) ऋण बापतको प्रतिवद्धता शुल्क शीर्षकमा ऋण कायम गरी (प्राप्त भएको आर्थिक वर्षलाई कटअफ मानी) प्राप्त प्रतिवद्धता शुल्क बराबरको व्याज रकम बाँकी राखी सोही रकम व्याज प्राप्ति मार्फत घटाइएकोले सो रकम व्याज प्राप्ति को अनुसूची ९ मा देखिएता पनि व्याज नरहेको।साथै नेपाल विद्युत प्राधिकरणले आ.व.२०८१/८२ मा दाखिला गरेको कुल व्याज रकम रु.२,१५,७०,७५,९८०/- रहेको भनी सो रकमलाई उल्लिखित परियोजनामा व्याज भुक्तानी जनाउनका लागि विवरण संलग्न गरी पत्राचार गरिएकोमा उक्त कुल रकममा माथि उल्लिखित AIIB तर्फको रु.२,०१,९३०,४८६.८३/- समेत समावेश भएकोले सो रकम घटाई व्याज दाखिला जनाएको (कालिगण्डकी ए जापान स्रोत तर्फ घटी)। नेपाल विद्युत प्राधिकरणले आ.व.२०८१/८२ मा दाखिला गरेको उल्लिखित कुल व्याज मा रु.३,४५,८३,३५०/- र रु.४,३९,९७,९८८.६२/- क्रमश हेटौडा बिरगन्ज ६६ के.भी र बुटवल-कोहलपुर १३२ के.भी मा भुक्तानी जनाइदिन नेपाल विद्युत प्राधिकरणको च.नं.३, मिति २०८२/०४/०७ गतेको पत्र प्राप्त भएता पनि सो कार्यक्रमहरुमा कायम व्याज कम रहेकोले कालिगण्डकी ए जापान स्रोत तर्फको ऋणमा घटाइएको छ।
- नेपाल विद्युत प्राधिकरणको च.नं. ७७४, मिति २०८२/०३/३२ गतेको पत्रसाथ प्राप्त नेपाल वितरण प्रणाली तथा स्तरोन्नति आयोजनामा EIB स्रोतबाट लगानी भएको परियोजनामा आ.व.२०८१/८२ को व्याज र प्रतिवद्धता शुल्क बापत रु.४,६४,३३,६०३.६८/- प्राप्त भएता पनि सो रकम राजश्व व्यवस्थापन सूचना प्रणाली (RIMS) को भौचर नं. ८४२३४६१३ बाट मिति २०८२/०४/०१ मा दाखिला भएकोले सो रकम आ.व.२०८२/८३ को प्रतिवेदनमा समावेश हुँदा यस वर्ष समावेश गरिएको छैन।

## ४. पहलहरु (Initiatives)

- नेपाल सरकारको ऋण तथा सेयर लगानीको लेखा विवरण तथा प्रतिवेदन साविकका वर्षहरुमा EXCEL BASED रहदै आएकोमा सो कार्यलाई प्रभावकारी बनाउनका लागि यस आर्थिक वर्षदेखि विद्युतीय प्रणालीमा आधारित सार्वजनिक लगानी व्यवस्थापन प्रणाली (Government Stake Management System-GSMS) विकास गरी नेपाल सरकारको ऋण तथा सेयर लगानीको लेखा र प्रतिवेदन सिस्टममा आधारित बनाइएको।

- नेपाल सरकारको ऋण तथा सेयर लगानी रहेका सार्वजनिक संस्थाहरुसँग ऋण असुली र हिसाब भिडानको लागि कार्यालय र सम्बन्धित संस्थानका पदाधिकारीसँग विभिन्न समयमा बैठक तथा छलफल गरी ऋण असुली तथा हिसाव भिडान गरिएको।
- सार्वजनिक संस्थानहरुको सम्भावित दायित्व (Contingent Liabilities) को लेखाङ्कन र प्रतिवेदन गर्ने कार्यको थालनी गरिएको।
- नेपाल सरकारको ऋण तथा सेयर लगानी सम्बन्धी विवरण तथा कागजातहरुलाई व्यवस्थित रुपमा राखीएको।
- नेपाल सरकारले विभिन्न सार्वजनिक संस्थान, बोर्ड र निकायहरुमा गरेको सेयर लगानीको अभौतिकीकरणको कार्यलाई प्राथमिकतामा राखी सेयरको विवरण अद्यावधिक गरिएको।
- अर्थ मन्त्रालयको निर्णय बमोजिम हिसाब मिलान समिति गठन गरी विभिन्न सार्वजनिक संस्थान, बोर्ड र निकायहरुमा फरक परेको ऋण तथा सेयर लगानीको विवरण भिडान तथा मिलानको कार्य गरिएको।
- विगतमा नीति विश्लेषण शाखाले गर्दै आएको सहायक ऋण सम्झौता तयार गर्ने कार्य आ.व २०८१/८२ देखि लगानी तथा जमानत शाखाबाट तयार गर्ने गरिएको।

## ५. समस्या तथा चुनौतिहरु

### ५.१ समस्या तथा चुनौतीहरु

नेपाल सरकारको तर्फवाट सेयर तथा ऋण लगानीको लेखाङ्कन तथा प्रतिवेदन र ऋण असुलीको कार्यमा मुख्य रुपमा देहायका समस्या तथा चुनौतीहरु रहेका छन।

**क.** **ल**

**गानीको सर्त र आधार तय गर्ने कानुनको अभाव**

नेपाल सरकारले सार्वजनिक निकायमा गर्ने लगानी सम्वन्धी व्यवस्था सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ मा नभएको र लगानी सम्बन्धी छुट्टै कानुन समेत नभएकोले लगानी व्यवस्थापनमा मुख्य रुपमा देहायका समस्याहरु देखा परेका;

- अस्तित्वमा नहरेका तथा खारेजीमा परेका संस्थानहरुमा बाँकी रहेको ऋण असुल फस्यौंटको कार्यविधि स्पष्ट नभएको: धान चामल निर्यात कम्पनीहरु हाल अस्तित्वमा नरहेका तर ती कम्पनीहरुका नाममा कायम सेयर तथा ऋण असुल फस्यौंटको स्पष्ट कार्यविधि नभएकोले असुल गर्न नसकिएको,
- हालको अवस्था समेत पत्ता लगाउन नसकिएका निकाय (उदहारणको रुपमा धनकुटा सुती उद्योग, सुर्खेत काष्ठ उद्योग) को बाँकी ऋण असुल फस्यौंटको स्पष्ट कार्यविधि नभएको,
- निजीकरण गरिएका निकायको ऋण असुल फस्यौंटको कार्य कसरी अगाडी बढाउने भन्ने कार्यविधि स्पष्ट नभएको: रघुपति जुटमिल्सको वक्यौता असुलीको लागि पटक पटक ताकेता गर्दा उक्त उद्योग निजीकरण भएको र निजीकरण हुँदा अर्थ मन्त्रालय र उक्त उद्योग सञ्चालकबीच भएको सम्झौता अनुसार साविकको वक्यौता श्री ५ को सरकारले व्यहोर्ने उल्लिखित भएको भनी उद्योगबाट जवाफ प्राप्त भएको छ। त्यस्ता प्रकृतिको ऋण असुल फस्यौंटको कार्यविधि स्पष्ट नभएको,

- खारेजीमा गएका उद्योगको वक्यौताको फस्यौंटको कार्य कसरी अगाडी वढाउने भन्ने सम्बन्धमा अस्पष्टता रहेको: हिमाल सिमेन्ट खारेज भइ उक्त उद्योग रहेको स्थानमा हाल चोभार सुख्खा बन्दरगाह रहेकोले सो उद्योगको नाममा हालसम्म कायम ऋण वक्यौताको फस्यौंटको काम अगाडी वढाउन प्रक्रियागत कार्यविधि स्पष्ट नभएको,
- कृषि औजार कारखाना लिमिटेडको चल अचल सम्पत्ति अनुसन्धान र विकासको लागि राष्ट्रिय आविष्कार केन्द्रसँग भएको सम्झौता अनुसार कारखाना सञ्चालन, व्यवस्थापन तथा स्तरोन्नतिको लागि कृषि औजार कारखाना लिमिटेड (खारेजी) लाई ऋण लगानी गरिएकोमा उक्त रकम प्रयोग नगरी सरकारी खाताबाट रकम फिर्ता गरिएकोले व्याज भुक्तानी गर्न नसक्ने भनी १ वर्ष पश्चात साँवा रकम फिर्ता दाखिला गरिएको सम्बन्धमा कृषि औजार कारखानाको पत्रबाट लेखी आएकोले तमसुकको सर्त अनुसार गणना भएको व्याज असुल फस्यौंट गर्न नसकिएको,
- सार्वजनिक ऋण लगानीको असुलीको कानुनी अधिकार नभएको: ऋण असुलीको ताकेता तथा छलफल गर्दा नेपाल वायुसेवा निगम लगायतका कतिपय निकायले ऋणको साँवा व्याज दाखिला गर्ने कार्ययोजना समेत पेस गर्न नसकेको तथा तमसुकको सर्त अनुसार साँवा व्याज फिर्ता नगरेको अवस्थामा यस कार्यालयसँग ऋण असुलीको थप प्रयास गर्ने कानुनी आधार समेत नरहेको,
- नेपाल सरकारको विषयगत मन्त्रालयको नाममा भएको लगानीको अभिलेख यस कार्यालयमा एकीकृत रुपमा नरहेको र ती लगानीको लाभांश संकलन गर्न नसकिएको: साविकमा नेपाल आवास विकास वित्त क. लि. मा शहरी विकास मन्त्रालयको नाममा सेयर लगानी रहेकोमा उक्त कम्पनी सिद्धार्थ बैंकमा गाभिएको केही समय पश्चात सिद्धार्थ बैंक जनता बैंक नेपाल लिमिटेडमा गाभिएको र जनता बैंक नेपाल लिमिटेड हाल ग्लोबल आइ.एम.ई. बैंकमा गभिएको छ। हालको ग्लोवल वैंकमा रहेको सरकारको लगानी अद्यावधिक गर्ने तथा विगतको लाभांश संकलन गर्ने प्रक्रियामा मर्चेन्ट वैंक लगायतका निकायले अर्थ मन्त्रालय बाहेकका निकायको नाममा रहेको सेयरको लाभांश यस कार्यालयका नाममा संकलन गर्ने कानुनी आधार माग गर्ने गरेको,
- नेपाल सरकारको लगानी भएको संस्थाले हकप्रद सेयर (Right share) जारी गरेको अवस्थामा उक्त सेयर खरिदको प्रक्रिया स्पष्ट नभएको।

**ख. <u>निकायको कार्य जिम्मेवारीमा दोहोरोपना र ऋण लिने तथा खर्च गर्ने निकाय भिन्न हुनु</u>**

- काठमाडौं उपत्यकामा खानेपानी व्यवस्थापन गर्नका लागि स्थापित निकायहरु काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लि. र आयोजना कार्यान्वयन निर्देशनालयका बीचमा घुमाउरो कार्य जिम्मेवारी कायम रहेकोले संस्थाको हिसाव मिलान तथा ऋणको साँवा व्याज असुलीमा समस्या रहेको: नेपाल सरकारले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँग सहायक ऋण सम्झौता गरी रकम निकासा गर्ने तथा बोर्डले उक्त रकम काठमाडौं उपत्यका खानेपानी लि. अन्तर्गत रहेको आयोजना कार्यान्वयन निर्देशनालयलाई रकम निकासा गर्ने सो निर्देशनालयले सुन्दरीजलदेखि काठमाडौं उपत्यकामा खानेपानी वितरणको पाइपलाइन निर्माणको कार्यमा उक्त रकम खर्च गर्ने, निर्माण भएको पाइपलाइन काठमाडौं उपत्यका खानेपानी बोर्डको सम्पत्ति हुने र सो सम्पत्तिमा पानी वितरण गर्ने काम काठमाडौं उपत्यका खानेपानी लि. ले गर्ने र पानी वितरण गरेर उठेको महशुलबाट काठमाडौं उपत्यका खानेपानी लि. ले पाइपलाइन (सम्पत्ति)धनी काठमाडौं उपत्यका खानेपानी बोर्डलाई रोयल्टी भुक्तानी गर्ने र काठमाडौं उपत्यका खानेपानी बोर्डले नेपाल सरकारको ऋणको साँवा व्याज भुक्तानी गर्ने यस प्रकारको घुमाउरो निकायगत जिम्मेवारीमा ऋणको साँवा व्याज असुली तथा लगानीको हिसाव मिलान गर्न

कठिनाइ भएको। ऋण लिनेले पाइप विस्तारको कार्य गर्दैन, पाइप विस्तार गर्नेले पानी वितरण गर्दैन, पानी वितरण गरी आयआर्जन गर्नेले ऋण तिर्ने दायित्व वा जिम्मेवारी राख्दैन।

**ग. <u>सुरुवाती अभिलेख नै फरक हुनु</u>**

- २०७६ सालमा महालेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरित सेयर तथा ऋण लगानीको अभिलेख र तत् पश्चात नेपाल सरकारको निर्णय अनुसार यस कार्यालयबाट अद्यावधिक गरिएको विवरण र नेपाल सरकारले लगानी गरेका संस्थाले राखेका अभिलेखमा ठूलो भिन्नता रहेको: नेपाल विद्युत प्राधिकरणमा नेपाल सरकारले गरेको वैदेशिक अनुदान अन्तर्गत प्राप्त सहायतालाई सेयर लगानीकै रुपमा कायम गर्न स्वीकृति दिने म.प. को २०६८/०९/१२ को निर्णय र ग्रामीण विद्युतीकरणबाट प्राधिकरणलाई व्यवसायिक रुपमा कुनै फाइदा नहुने र नेपाल सरकारको दायित्व समेत भएको हुँदा नेपाल सरकारबाट ग्रामीण विद्युतीकरणलाई दिइने रकम ऋणको सट्टा सेयर लगानी गर्ने नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४/०२/९ मा निर्णय अनुसार विद्युत प्राधिकरणले हिसाव अद्यावधिक गरेको तर नेपाल सरकारको हिसाव अध्यावधिक नभएको भनी नेपाल विद्युत प्राधिकरणले लेखी पठाएको उक्त मन्त्रिपरिषद्को निर्णयानुसार ग्रामीण विद्युतीकरण अन्तर्गत साविकमा कुन कार्यक्रममा कति लगानी भएको साथै कुन कार्यक्रमको स्रोत वैदेशिक अनुदान रहेको भनी यकिन गर्ने अभिलेख यस कार्यालयमा नरहेको र नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना हुँदा साविकमा हवाई विभागको सम्पत्ति मूल्याङ्कनमा फरक परेको समेतका विवरण नेपाल नागरिक उड्डयन प्राधिकरणबाट लेखी आएको तर सो समयको बजेट तथा लगानीको अभिलेख यस कार्यालयमा नरहेको हुँदा कार्यालयमा प्राप्त शुरु अभिलेखमा फरक रहेको रकमको कारण सो को व्याज र भाखा नाघेको रकमको हिसाव समेत फरक परेको।

**घ. <u>सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सरकारी लगानीमा सार्थक सहभागिता नगराइनु</u>**

- बजेट तर्जुमा प्रक्रियामा के कस्ता सार्वजनिक संस्थानलाई लगानी गर्ने, कति लगानी गर्ने लगायतका विषयमा सहायक ऋण सम्झौता गर्ने, लगानी गर्ने लगायतका सार्वजनिक सेयर तथा ऋण लगानी सम्बन्धी सम्पूर्ण कार्य गर्ने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिनिधित्व हुने गरेको छैन। सार्वजनिक संस्थानको सञ्चालक तथा व्यवस्थापन समितिमा यस कार्यालयको प्रतिनिधित्व नहुँदा कुन संस्थानको साधारण सभा कहिले भयो? कति प्रतिशत लाभांश दिने निर्णय भयो? सो अनुसार समयमा लाभांश दाखिला भयो वा भएन? भनी खोजी गर्न चाहिने सूचना सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा प्राप्त नहुँदा सरकारले समयमा लाभांश प्राप्त गर्न नसकेको।

**ङ. <u>ऋण लगानीको व्याजदरमा एकरुपता नहुनु तथा नीति र कार्यविधिमा तादात्म्यता नहुनु</u>**

- नेपाल सरकारद्वारा विभिन्न संघ/संस्थामा गरिएको ऋण लगानीमा लगाइने व्याजदरमा एकरुपता कायम गर्ने स्पष्ट कानुनको अभावमा सार्वजनिक संस्थानपिच्छे फरक-फरक व्याजदरमा ऋण लगानी भएको: साना किसान विकास लघुवित्त वित्तीय संस्था लमिटेडलाई साविकमा सम्झौताको म्यादभित्र साँवा व्याज दाखिला गरेका व्याजमा छुट हुने व्यवस्था रहेकोमा हाल नयाँ कार्यविधि (कृषि तथा पशुपछीं व्यवसाय कर्जा कार्यविधि, २०८२) जारी हुँदा सम्झौताको म्याद भित्र साँवा व्याज दाखिला नगरेमा थप जरिवाना लाग्ने व्यवस्था छ। निकायगत रुपमा ऋणको व्याजदरको अतिरिक्त सर्तहरु फरक छन। जसले गर्दा लेखाङ्कन तथा प्रतिवेदनमा समेत जटिलता भएको छ। साथै, सेयर तथा ऋण लगानी नीति, २०८१ को खण्ड १२.३.८ (छ) मा विकास नीति तथा कार्यक्रम कार्यान्वयन गर्न वा कुनै लक्षित उद्देश्य हासिल गर्न लक्षित वर्गलाई लाभ पुर्याउने दृष्टिकोणले सहकारी महासंघ, संघ वा संस्थाले

ऋण प्राप्त गर्न सक्ने गरी सरकारी स्वामित्वका बैंकहरुलाई ऋण प्रवाह गरिनेछ। कुनै स्थान विशेषमा सरकारी स्वामित्वका बैंकले सेवा दिन नसक्ने अवस्था भएमा उपलव्ध निजी क्षेत्रका बैंकमार्फत ऋण प्रवाह गरिनेछ भन्ने व्यवस्था रहेकोमा उक्त कार्यविधिले लघुवित्त संस्थामा समेत लगानी गर्न सक्ने गरी मन्त्रालयले साना किसान विकास लघुवित्त वित्तीय संस्था लमिटेडलाई ऋण प्रवाह गर्न व्यवस्था रहेकोले नीति र कार्यविधिमा तादात्म्यता नरहेको।

च. <u>भुक्तानी तालिका परिमार्जन</u>

- "सेयर तथा ऋण लगानी नीति, २०८१" को खण्ड १२.६ को (ङ) मा कुनै पनि निकाय वा कम्पनीलाई प्रदान गरिएको ऋणको पुनर्तालिकीकरण गरिने छैन भन्ने व्यवस्था रहेको छ। नेपाल सरकार र सार्वजनिक संस्थानबीच गरिएको सहायक ऋण सम्झौतामा उल्लिखित अवधिभित्र धेरै जसो आयोजना सम्पन्न हुने गरेको देखिंदैन। यस्तो कारण देखाई नेपाल विद्युत प्राधिकरण लगायतका निकायबाट भुक्तानी तालिका परिमार्जनका लागि लेखी आउने गरेको छ। एकातर्फ नेपाल सरकारले वैदेशिक ऋण सहायता स्रोत रहेको रकम ऋण लगानी गरेको मूल सम्झौता बमोजिम अन्तर्राष्ट्रिय विकास साझेदारलाई भुक्तानी गर्नुपर्ने रकम भुक्तानी तालिका अनुसार अनिवार्य तिर्नुपर्ने र तिर्ने गरेको छ। अर्कोतर्फ भुक्तानी तालिका परिमार्जनको कार्यविधिगत अस्पष्टता रहेको अवस्थामा भुक्तानी तालिका परिमार्जन गर्न जटिलता भएको छ।

छ. <u>सोझै भुक्तानी (Direct Funding) स्रोत अन्तर्गत भएका लगानीको सही हिसाब नहुनु</u>

- नेपाल सरकारद्वारा सार्वजनिक संस्थालाई वैदेशिक सहायता स्रोतबाट गरिने लगानीमध्ये अन्तर्राष्ट्रिय विकास साझेदारबाट सम्बन्धित आयोजनामा गरिने सोझै भुक्तानी (Direct Payment) को हिसाबको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई सम्बन्धित आयोजनासँग सम्बन्धित सार्वजनिक संस्थाले उपलब्ध गराउने गरेको र सोही सूचनाको आधारमा लगानीतर्फ अभिलेखन गर्ने गरिएको छ। धेरैजसो सार्वजनिक संस्थाले आर्थिक वर्ष व्यतित भएपछि मात्र त्यस्ता विवरण उपलब्ध गराउने गरेको देखिन्छ। यसबाट एकातर्फ त्यस्ता सोझै भुक्तानीको विवरण भुक्तानी भएकै समयमा लेखा तथा प्रतिवेदन तयार गर्न नसकिने अवस्था रहन्छ भने अर्कोतर्फ सम्बन्धित संस्थाबाट प्राप्त सोझै भुक्तानीको विवरणको Cross Verification गर्ने आधार सार्वजनिक ऋण व्यवस्थापन कार्यालयसँग नहुँदा संस्थानहरुबाट प्राप्त भएको विवरणको आधारमा लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्ने वाध्यात्मक अवस्था छ। त्यसैले दाताले Disburse गरेको रकम र संस्थानमा लगानी भएको ऋणको हिसाव भिडान हुन नसक्ने तथा सरकारलाई व्याज असुलीमा समेत घाटा भएको अवस्था विद्यमान छ । साथै, सोझै भुक्तानी विधिबाट खर्च गर्दा वार्षिक वजेट भन्दा वढी रकम हुन सक्छ तर बजेट प्रणालीमा बजेटभन्दा वढी खर्च हुन नसक्ने हुँदा साविकमा कतिपय सोझै भुक्तानी ऋण कायम गर्न छुट भएको कारणले पनि संस्थानसँगको हिसावमा फरक पर्न जाने देखिएको छ।

ज. <u>सम्झौताको सर्त अनुसार लगानीको हिसावको लेखाङ्कन</u>

- कतिपय सहायक ऋण सम्झौताको आधारमा ऋणको हिसाव राख्न जटिलता भएका छन। नेपाल विद्युत प्राधिकरणसँग गरेको सम्झौतामा उक्त आयोजनाको लागि सामग्री आयात गर्दा लाग्ने भन्सार महसुलमा छुट दिने र सो रकम बराबरको नेपाल सरकारको नाममा नेपाल विद्युत प्राधिकरणमा सेयर लगानी कायम गर्ने व्यहोरा उल्लिखित भएकोमा उक्त सम्झौता अनुसार कति रकम बराबरको राजस्व छुटको सामग्री आयात भयो भन्ने विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयसँग नहुने भएकोले नेपाल विधुत प्राधिकरणले त्यस्तो विवरण उपलव्ध गराएको अवस्थामा

मात्र त्यस प्रकारको लेखाङ्कन गर्न सकिने अवस्था रहेको छ। अन्यथा उक्त विवरणको लगानीको लेखाङ्कन छुट्न जाने देखिन्छ।

**झ. <u>सार्वजनिक संस्थाको चल अचल सम्पत्ति रोक्का गरी ऋण असुल गर्ने सम्बन्धी समस्या</u>**

- नेपाल सरकारद्वारा विभिन्न संस्थामा ऋण लगानी गर्नुपूर्व गरिने तमसुकमा "ऋणीले ऋणको साँवा व्याज समयमै चुक्ता नगरेमा धनीले प्रचलित कानुन बमोजिम ऋणीको चल अचल जायजेथा रोक्का गरी असुल उपर गर्नेछ" भन्ने सर्त राखी ऋण लगानी गर्ने गरेको भएतापनि धेरैजसो सार्वजनिक संस्थाले भुक्तानी तालिका अनुसारको किस्ता नतिरेको अवस्थामा ती संस्थाको जायजेथा रोक्का गरी असुल उपर सम्बन्धमा कानुनमा स्पष्ट व्यवस्था नभएकोले कानुनी जटिलता रहेको छ।

**ञ. <u>आयोजना लेखा प्रतिवेदन नहुनु</u>**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा वैदेशिक सहायताबाट सञ्चालित आयोजनाले आयोजना लेखा प्रतिवेदन (Audited and Unaudited Project Account) बनाई महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयबाट प्रमाणित गराउनु पर्ने व्यवस्था छ। नेपाल सरकारद्वारा बैदेशिक सहायताबाट लगानी गरिएका कतिपय सार्वजनिक संस्था अन्तर्गतका आयोजनाले आयोजना लेखा नबनाउँदा हिसाब मिलान गर्न कठिनाई भएको छ।

**ट. <u>सरकार जमानत बसेको दायित्वको हिसाब नहुनु</u>**

- नेपाल सरकारले सार्वजनिक संस्थानलाई दिएको जमानत तथा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन दिएको स्वीकृतिको विवरण यस कार्यालयमा प्राप्त नहुँदा त्यस्तो स्वीकृतिको विवरण अध्यावधिक गर्न नसकिएको: नेपाल विद्युत प्राधिकरणलाई अल्पकालिन ऋण लिन स्वीकृति दिएको जनकारी यस कार्यालयमा प्राप्त नभएको ।

**ठ. <u>नेपाल सरकारले सार्वजनिक संस्थालाई प्रशासनिक खर्चका लागि ऋण लगानी गर्नु</u>**

- नेपाल सरकारबाट बन्द भएका र जीर्ण अवस्थामा रहेको केही सार्वजनिक संस्थाको तलब, भत्ता, प्रशासनिक खर्च, अवकाश सुविधा लगायतका प्रशासनिक खर्चका लागि ऋण लगानी गर्ने गरिएको छ। यसबाट त्यस्ता संस्थाबाट सरकारलाई तिर्नुपर्ने असुल नहुनुका साथै साँवा र व्याजको रकम बढ्दै जाने देखिन्छ।

**ड. <u>स्थानीय तह, विकास समिति लगायतको लगानी असुल उपर गर्ने सम्बन्धी समस्या</u>**

- नेपाल सरकारले लगानी गरेका काठमाडौं महानगरपालिका सहित ११ वटा स्थानीय तह, १ वटा जिल्ला विकास समिति, गृह पञ्चायत मन्त्रालय लगायतबाट भुक्तानी तालिका अनुसार साँवा तथा व्याजको किस्ता नियमित रुपमा प्राप्त नहुँदा भाखा नाघेको साँवा तथा व्याजको रकम बढ्दै गएको देखिन्छ। भाखा नाघेको साँवा र व्याज असुलीका लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट पठाएको पत्रको जवाफमा तपसिलमा रहेका स्थानीय तहले संघीय व्यवस्था अनुसार स्थानीय तह छुट्टै सरकार भएकोले केन्द्रीय व्यवस्थामा साविकको स्थानीय निकायले लिएको ऋण तिर्नु नपर्ने भनी जवाफ प्राप्त भएको छ।

**ढ. <u>स्क्रो खाता व्यवस्थापनको समस्या</u>**

- स्क्रो खातामा भुक्तानी भएको प्रमाण सहितको विवरण सम्वन्धित निकायले यस कार्यालयमा समयमा नपठाउँदा साँवा व्याज असुली भएको नदेखिँदा ऋण वढदै गएको देखिएको छ,

- स्क्रो खाता मार्फत आयोजना सञ्चालन गर्ने नीति लिदा स्क्रो खाता व्यवस्थापनको लागि यस कार्यालयको जनशक्ति र क्षमता विकास गर्नु पर्ने देखिएको छ।

# ६. सुधारको मार्गचित्र तथा निष्कर्ष

**सुधारको मार्गचित्र तथा निष्कर्ष**

नेपाल सरकारको तर्फवाट सेयर तथा ऋण लगानीको लेखाङ्कन तथा प्रतिवेदन र ऋण असुलीको कार्यमा रहेका समस्या तथा चुनौतीहरुको समाधानका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ।

१. **<u>लगानीको सर्त र आधार तय गर्ने कानुनी व्यवस्था गर्ने</u>** : लगानीको सर्त र आधार तय गर्ने कानुनी व्यवस्था गर्नुपर्ने, उक्त कानुनी व्यवस्थामा देहायका विषयहरु समावेश गर्ने।

   क. अस्तित्वमा नरहेका तथा खारेजीमा परेका संस्थानहरुमा बाँकी रहेको ऋण असुल फस्यौँटको कार्यविधि व्यवस्था गर्ने,

   ख. निजीकरण गरिएका निकायको ऋण असुल फस्यौंटको कार्यविधि निर्माण गर्ने,

   ग. खारेजीमा गएका उद्योगको वक्यौताको फस्यौंटको स्पष्ट कार्यविधि निर्माण गर्ने,

   घ. सबै निकायको लगानी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको नाममा रहने गरी निर्णय गर्ने,

   ङ. ऋणको भुक्तानी तालिका तथा सहायक ऋण सम्झौता संसोधन गर्ने,

   च. नेपाल सरकारको लगानी भएको संस्थाले हकप्रद सेयर (Right Share) दिएको अवस्थामा स्वचालित रुपमा उक्त सेयर खरिदको व्यवस्था मिलाउने।

२. **<u>निकायको कार्य जिम्मेवारीमा दोहोरोपना हटाउन संस्थागत सुधार:</u>** काठमाडौं उपत्यकामा खानेपानी व्यवस्थापन गर्नका लागि स्थापित निकायहरु काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लि. र आयोजना कार्यान्वयन निर्देशनालयका बीचमा घुमाउरो कार्य जिम्मेवारी अन्त्य गर्न आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा ब्यवस्था भए बमोजिम ऋण लिने, खर्च गर्ने र तिर्ने जिम्मेवारी एकै संस्थामा केन्द्रित गरी पुन संरचना गर्नुपर्ने।

३. **<u>सुरुवाति अभिलेख मिलानका लागि कार्यदल गठन गरी हिसाब मिलान गर्ने:</u>** सुरुवाती अभिलेख मिलान २०७६ सालमा महालेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरित सेयर तथा ऋण लगानीको अभिलेख र नेपाल सरकारले लगानी गरेका संस्थाले राखेका अभिलेखमा ठूलो भिन्नता रहेकोले यसको समाधानका लागि सम्बन्धित संस्थानको प्रतिनिधि, मन्त्रालय, म.ले.नि.का र यस कार्यालयको प्रतिनिधि रहने गरी संयन्त्र निर्माण गरी हिसाब मिलान गर्ने।

४. **<u>सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको भुमिकामा सुधार:</u>** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सरकारी लगानीमा सार्थक सहभागिता सुनिश्चित गर्नु बजेट तर्जुमा प्रक्रिया तथा बजेटमा सेयर तथा ऋण लगानीको शुरु उठान गर्ने र संस्थानको व्यवस्थापन गर्ने कार्यमा यस कार्यालयको भूमिका कायम गर्ने।

५. **<u>ऋण लगानीको व्याजदर तथा कार्यविधिमा एकरूपता र स्पष्टता ल्याउन गर्नुपर्ने सुधारका सुझाव:</u>** ऋण लगानीको व्याजदर तथा कार्यविधिमा एकरूपता र स्पष्टता ल्याउन नेपाल सरकारद्वारा विभिन्न संघ/संस्थामा गरिने ऋण लगानीमा लगाइने व्याजदर तथा सर्तहरु तोक्ने र गणना गर्ने कार्यमा एकरुपता ल्याउनका लागि आवश्यक कार्यविधिको निर्माण गर्ने।

६. **<u>सोझै भुक्तानी (Direct Payment) को हिसाबको विवरण सम्बन्धमा सुधारः</u>** सोझै भुक्तानी (Direct Payment) स्रोत अन्तर्गत भएका लगानीको सही हिसाब सुनिश्चित गर्न नेपाल सरकारद्वारा सार्वजनिक संस्थालाई वैदेशिक सहायता स्रोतबाट गरिने लगानीमध्ये अन्तर्राष्ट्रिय विकास साझेदारबाट सम्बन्धित आयोजनामा गरिने सोझै भुक्तानी (Direct Payment) को हिसावको सही विवरण प्राप्त गर्नका लागि "डाइरेक्ट पेमेन्ट ट्र्याकिङ सिस्टम" अवलम्बन गरी वास्तविक समय (Real Time) मा तथ्यांकहरु अद्यावधिक हुने प्रणाली बनाउने, दाताको भुक्तानी र संस्थानको प्राप्तिको तुलनात्मक विश्लेषण गर्नका लागि मासिक समन्वय बैठक र त्रैमासिक रिपोर्टिङ अनिवार्य बनाउने, सम्बन्धित संस्थाबाट प्राप्त सोझै भुक्तानीको विवरणको Cross Verification गर्न दातृ निकायसँग प्रत्यक्ष समन्वय गर्ने व्यवस्था गर्ने।

७. **<u>सार्वजनिक संस्थानको चल अचल सम्पत्ति रोक्का गरी ऋण असुल गर्ने व्यवस्था सुधार</u>**ः नेपाल सरकारद्वारा विभिन्न संस्थानमा ऋण लगानी गर्नु पूर्व गरिने तमसुकमा "ऋणीले ऋणको साँवा व्याज समयमै चुक्ता नगरेमा धनीले प्रचलित कानुन बमोजिम ऋणीको चल अचल जायजेथा रोक्का गरी असुल उपर गर्नेछ" भन्ने सर्त सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले कार्यान्वयन गर्न सक्ने कानुनी व्यवस्था गर्ने।

८. **<u>आयोजना लेखा प्रतिवेदनका सम्बन्धमा सुधारः</u>** आयोजना लेखा प्रतिवेदन अनिवार्य बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा वैदेशिक सहायताबाट सञ्चालित आयोजनाले आयोजना लेखा प्रतिवेदन (Audited and Unaudited Project Account) बनाउनु पर्ने व्यवस्थाको कडाइका साथ पालना गराउनेः नेपाल सरकारद्वारा बैदेशिक सहायताबाट लगानी गरिएका सार्वजनिक संस्थान अन्तर्गतका आयोजनाले आयोजना लेखा नबनाउँदा हिसाब मिलान गर्न भएको कठिनाई समाधान गर्न कानुनको प्रभावकारी कार्यान्वयन गर्ने।

९. **<u>सरकार जमानत बसेको दायित्वको हिसाब सम्बन्धमा सुधार</u>**ः सरकार जमानत बसेको दायित्वको हिसाब व्यवस्थित बनाउने सरकारको नीति अनुसार व्यावसायिक उद्देश्य हासिल गर्न तथा सार्वजनिक सेवालाई क्रियाशिल गराउन कतिपय संस्थानलाई ऋण लिन स्वीकृति दिएको विवरणहरुको जानकारी यस कार्यालयमा दिने व्यवस्था नभएको हुँदा जमानतको विवरण अद्यावधिक गर्ने प्रयोजनका लागि सरकारले जमानत/ऋण स्वीकृति दिदा सो को जनाकारी अनिवार्य रुपमा यस कार्यालयलाई दिने व्यवस्था मिलाउने।

१०. **<u>प्रशासनिक खर्चका लागि ऋण नदिने:</u>** नेपाल सरकारले प्रतिफलयुक्त आयोजनामा मात्र ऋण तथा सेयर लगानी गर्ने। कुनै संस्थानको प्रशासनिक खर्च प्रयोजनका लागि ऋण वा सेयर लगानी नगर्ने रणनीति लिने।

११. **<u>स्थानीय तह तथा विकास समितिमा गरिएको लगानीका समस्याको समाधानः</u>** स्थानीय तह, विकास समिति लगायतको लगानी असुल उपर गर्ने व्यवस्था सुधार गर्न नेपाल सरकारले लगानी गरेका काठमाडौं महानगरपालिका सहित ११ वटा स्थानीय तह, १ वटा जिल्ला विकास समिति, गृह पञ्चायत मन्त्रालय लगायतबाट भुक्तानी तालिका अनुसार साँवा तथा व्याजको किस्ता नियमित रुपमा प्राप्त नहुँदा भाखा नाघेको साँवा तथा व्याजको रकम बढ्दै गएको समस्याको समाधान गर्नको लागि संघीय व्यवस्था अनुसार स्थानीय तह छुट्टै सरकार भएकोले केन्द्रीय व्यवस्थामा साविकको स्थानीय निकायले लिएको ऋण तिर्नु नपर्ने भन्ने स्थानीय तहको तर्कलाई समाधान गर्न आवश्यक समन्वय गरी ऋण समायोजनको व्यवस्था गर्ने।

१२. **<u>स्क्रो खाताको व्यवस्थापन गर्ने:</u>** स्क्रो खाता व्यवस्थापनको समस्या समाधान गर्न स्क्रो खातामा भुक्तानी भएको प्रमाण सहितको विवरण सम्वन्धित निकायले यस कार्यालयमा समयमा पठाउने व्यवस्था गर्ने, साँवा व्याज असुली

भएको नदेखी ऋण बढ्दै गएको समस्या समाधानका लागि वास्तविक समयमा भुक्तानी अपडेट हुने प्रणाली बनाउने र स्वचालित रिपोर्टिङ प्रणाली विकास गर्ने, स्को खाताका सम्बन्धमा जानकारी प्रदान गर्नका लागि कर्मचारीको क्षमता विकास गर्न आवश्यक तालिम कार्यक्रम सञ्चालन गर्ने र प्राविधिक सहायता व्यवस्था गर्ने।

१३.**संस्थान/सरकारका निकायबीच समन्वय बढाउनेः** कतिपय संस्थानको काम सरकारी निकायसँगको समन्वयमा प्रभावकारी हुने अवस्था रहेको छ। नेपाल सरकारले करिब १०० प्रकारको औषधि निशुल्क वितरण गर्ने गरेको छ, ती औषधिको उत्पादन नेपाल औषधि लिमिटेडबाट उत्पादन गराएको अवस्थामा सो को खरिद सरकारी संयन्त्रहरुले गरेमा एकातिर त्यस्तो संस्थानको अस्तित्व कायम हुन जान्छ अर्कोतर्फ सरकारले गुणस्तरयुक्त औषधि उचित मूल्यमा उपलव्ध गराउन सक्छ।

नेपाल सरकार

अर्थ मन्त्रालय

# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

ऋण तथा लगानी शाखा

## आर्थिक वर्ष २०८१/८२ को अन्तयसम्म कायम भएको लगानी विवरण

| | लगानी गरीएकाे संस्थान/निकायको नाम | | सेयर | | | ऋण | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संस्थागत / साधारण | प्रोमोटर | | आन्तरिक ऋण खाता | बाह्य ऋण खाता | | |
| सि.न. | संकेत | नाम | अनुसूची २ बाट | | जम्मा | अनुसूची ३ बाट | अनुसूची ४ बाट | जम्मा | कुल लगानी |
| १०१ \| औद्योगिक क्षेत्र | | | | | | | | | |
| १ | १०१ | रघुपति जुट मिल्स | १४७०५४३२ | | १४७०५४३२ | १३७३४२०००.८ | २०३२७८४६.९८ | १५७६६९८४७.८ | १७२३७५२७९.८ |
| २ | १०२ | बिराटनगर जुट मिल्स लिमिटेड | ७२४८३२० | | ७२४८३२० | ११३७६९८२८३ | ३६९०७३४९.५३ | ११७४६०५६३३ | ११८१८५३९५३ |
| ३ | १०३ | दुग्ध विकास संस्थान | ३६६४२४७९६.५ | | ३६६४२४७९६.५ | १२४९९७२००० | | १२४९९७२००० | १६१६३९६७९७ |
| ४ | १०४ | मोरङ्ग सूगर मिल | ७७४४ | | ७७४४ | | | | ७७४४ |
| ५ | १०५ | बिरगन्ज चिनी कारखाना लि. | ७५२१८००० | | ७५२१८००० | २५०००००० | ३४५४२४४१ | २८४५४२४४१ | ३५९७६०४४१ |
| ६ | १०६ | लुम्बिनी सुगर मिल्स | २८२४२१००० | | २८२४२१००० | ८८००००० | | ८८००००० | २९१२२१००० |
| ७ | १०७ | वनस्पती तेल उद्योग | ५०००० | | ५०००० | | | | ५०००० |
| ८ | १०८ | नेपाल चिउरी घ्यू लिमिटेड | २५०००० | | २५०००० | | | | २५०००० |
| ९ | १०९ | नेपाल कोल लिमिटेड | | | | | ५४१४०३१.६९ | ५४१४०३१.६९ | ५४१४०३१.६९ |
| १० | ११० | नेपाल रोजिन एण्ड टर्पेन्टाईल लिमिटेड | २७७५२३२४ | | २७७५२३२४ | | ४२९६०५४ | ४२९६०५४ | ३२०४८३७८ |
| ११ | १११ | कृषि औजार कारखाना लिमिटेड | २३५२१६८१ | | २३५२१६८१ | ७२३६२००० | | ७२३६२००० | ९५८८३६८१ |
| १२ | ११२ | कृषि चून उद्योग लिमिटेड | ६२३२००० | | ६२३२००० | ७८२५२६८८ | | ७८२५२६८८ | ८४४८४६८८ |
| १३ | ११३ | सुर्खेत कष्ठ उद्योग | ७६०००० | | ७६०००० | | | | ७६०००० |
| १४ | ११४ | भक्तपुर इटा कारखाना लि. | ३१४२८००० | | ३१४२८००० | १८२७८००६८.८ | ३०००००० | २१२७८००६८.८ | २४४२०८०६८.८ |
| १५ | ११५ | हरिसिद्धि ईटा टायल कारखाना | ११०३१००० | | ११०३१००० | ७८३४३००० | | ७८३४३००० | ८९३७४००० |
| १६ | ११६ | हिमाल सिमेन्ट कम्पनी लिमिटेड | १०००००००० | | १०००००००० | ३११८४९८३८.९ | ६०२८७४७३.६४ | ३७२१३७३१२.५ | ४७२१३७३१२.५ |
| १७ | ११८ | हेटौंडा सिमेन्ट लिमिटेड | ९००६८५००० | | ९००६८५००० | | १२०००००० | १२०००००० | १०२०६८५००० |
| १८ | ११९ | नेपाल मेटल कम्पनी लिमिटेड | १२२९०४०५० | | १२२९०४०५० | ६६४५२६९३.७ | | ६६४५२६९३.७ | १८९३५६७४३.७ |
| १९ | १२० | नेपाल धलौट उद्योग | १५०३०२०० | | १५०३०२०० | | | | १५०३०२०० |
| २० | १२१ | नेपाल ओरियन्ट म्याग्नेसाईड प्रा.लि. | ३७५०००००० | | ३७५०००००० | ८१९४९९९२१.७ | | ८१९४९९९२१.७ | ११९४४९९९२२ |
| २१ | १२२ | धनकुटा सुर्ती उद्योग | ३००००० | | ३००००० | | | | ३००००० |
| २२ | १२३ | बिरगन्ज कटन मिल | १८२८८० | | १८२८८० | | | | १८२८८० |
| २३ | १२४ | हेटौंडा कपडा उद्योग | १७८२३३००० | | १७८२३३००० | ४२७४०७१७६.३ | | ४२७४०७१७६.३ | ६०५६४०१७६.३ |

| सि.नं. | लगानी गरीएकाे संस्थान/निकायको नाम | | सेयर | | | ऋण | | | कुल लगानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत | नाम | संस्थागत / साधारण | प्रोमोटर | जम्मा | आन्तरिक ऋण खाता | वाह्य ऋण खाता | जम्मा | |
| | | | अनुसूची २ बाट | | | अनुसूची ३ बाट | अनुसूची ४ बाट | | |
| २४ | १२५ | पोखरा होजियारी | ५००००० | | ५००००० | १२३५२० | | १२३५२० | ६२३५२० |
| २५ | १२६ | बुटवल धागो कारखाना लि. | ३३५११५२४५ | | ३३५११५२४५ | ११२००९११५२ | | ११२००९११५२ | १४५५२०६३९७ |
| २६ | १२७ | नेपाल औषधी लिमिटेड | ७४७९९००० | | ७४७९९००० | १२६१९९५८७९ | | १२६१९९५८७९ | १३३६७९४८७९ |
| २७ | १२८ | जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्र लिमिटेड | १३९६५३८२३ | | १३९६५३८२३ | २०००००००० | ४९३४९००० | २४९३४९००० | ३८९००२८२३ |
| २८ | १२९ | बाँसवारी छाला जुत्ता कारखाना | ४२०२२००० | | ४२०२२००० | | | | ४२०२२००० |
| २९ | १३० | गोरखकाली रबर उद्योग लिमिटेड | १०३०२९४८७० | १४८६५२३२९.६ | ११७८९४७२०० | १६९२३००००० | | १६९२३००००० | २८७१२४७२०० |
| ३० | १३१ | भृकुटी कागज कारखाना | ८४५०१००० | | ८४५०१००० | | | | ८४५०१००० |
| ३१ | १३२ | जनकपुर चुरोट कारखाना लिमिटेड | ४०८३७००० | | ४०८३७००० | २९४६२७७३१२ | | २९४६२७७३१२ | २९८७११४३१२ |
| ३२ | १३३ | नेपाल सिग्रेट फ्याक्ट्री | २००००० | | २००००० | | | | २००००० |
| ३३ | १३४ | जुद्ध म्याच फ्याक्ट्री | ४४८० | | ४४८० | | | | ४४८० |
| ३४ | १३५ | धौवादी फलाम कम्पनी लिमिटेड | ३१७२००००० | | ३१७२००००० | | | | ३१७२००००० |
| ३५ | G R U | गोरखकाली रबर उद्योग लिमिटेड (अग्राधिकार शेयर) | | | | | | | |
| ३६ | ११७ | उदयपुर सिमेन्ट उद्योग लिमिटेड | ४४३८००००० | ३२०४३००००० | ३६४८१००००० | १६०००००० | १७२४९९९७२६ | १८८४९९९७२६ | ५५३३०९९७२६ |
| १०१ । औद्योगिक क्षेत्र जम्मा | | | ५०४८३१२८४६ | ३३५२९५२३३० | ८४०१२६५१७५ | १२२०१५४७५३५ | २०८६१२३९२३ | १४२८७६७१४५८ | २२६८८९३६६३३ |
| | | | | | | | | | |
| १०२ । व्यापार क्षेत्र | | | | | | | | | |
| ३७ | N F C | नेपाल खाद्य संस्थान | ० | | | | | | |
| ३८ | २०२ | नेपाल आयल निगम | १०९४०७४८१०० | | १०९४०७४८१०० | | | | १०९४०७४८१०० |
| ३९ | २०३ | नेशनल ट्रेडिङ्ग लिमिटेड | ० | | | | | | |
| ४० | २०५ | कृषि सामाग्री संस्थान | ७६०९११७०० | | ७६०९११७०० | | | | ७६०९११७०० |
| ४१ | २०६ | नेपाल चिया विकास निगम | ७०४१२००० | | ७०४१२००० | | | | ७०४१२००० |
| ४२ | २०७ | सूर्ति विकास कम्पनी लिमिटेड | १००००००० | | १०००००००० | | २१५१९४७.४४ | २१५१९४७.४४ | १२१५१९४७.४४ |
| ४३ | २०८ | जुट विकास व्यापार संस्थान | ३७४५९९७५ | | ३७४५९९७५ | १११३८९००३.६ | | १११३८९००३.६ | १४८८४८९७८.६ |
| ४४ | २०९ | राष्ट्रिय विउविजन कम्पनी | ११००७८५०० | | ११००७८५०० | | | | ११००७८५०० |
| ४५ | २१० | घरेलु शिल्पकला विक्री भण्डार | २३२०४१०० | | २३२०४१०० | ४७२५२४७०.६७ | | ४७२५२४७०.६७ | ७०४५६५७०.६७ |
| ४६ | २११ | नेपाल ट्रेडिङ्ग कम्पनी लिमिटेड (नारायणी) | १३०२००० | | १३०२००० | | | | १३०२००० |
| ४७ | २१२ | नेपाल ट्रेडिङ्ग कम्पनी लिमिटेड (कोशी) | ५७६१०० | | ५७६१०० | | | | ५७६१०० |
| ४८ | २१३ | मेची धान चामल निर्यात कम्पनी | १३०५००० | | १३०५००० | २०९१७४२९०.१ | | २०९१७४२९०.१ | २१०४७९२९०.१ |
| ४९ | २१४ | सगरमाथा धान चामल निर्यात कम्पनी | ११५६६०० | | ११५६६०० | १४८७३८११७.२ | | १४८७३८११७.२ | १४९८९४७१७.२ |
| ५० | २१५ | जनकपुर धान चामल निर्यात कम्पनी | १०८६५०० | | १०८६५०० | १००८१२१७९.२ | | १००८१२१७९.२ | १०१८९८६७९.२ |
| ५१ | २१६ | लुम्बिनी धान चामल निर्यात कम्पनी | २५४५०० | | २५४५०० | ४२१२१८८५.३७ | | ४२१२१८८५.३७ | ४२३७६३८५.३७ |

| | लगानी गरीएकाे संस्थान/निकायको नाम | | सेयर | | | ऋण | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संस्थागत / साधारण | प्रोमोटर | | आन्तरिक ऋण खाता | बाह्य ऋण खाता | | |
| सि.नं. | संकेत | नाम | अनुसूची २ बाट | | जम्मा | अनुसूची ३ बाट | अनुसूची ४ बाट | जम्मा | कुल लगानी |
| ५२ | २१७ | सेती महाकाली धान चामल निर्यात कम्पानी | १४००००० | | १४००००० | २८७४०१५०८.२ | | २८७४०१५०८.२ | २८८८०१५०८.२ |
| ५३ | २१८ | सुदुर पश्चिमाञ्चल धान चामल निर्यात कम्पनी | ८७८७०० | | ८७८७०० | ११९४१६३३०.६ | | ११९४१६३३०.६ | १२०२९५०३०.६ |
| ५४ | २०१ | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | १२८४८६९०३६ | | १२८४८६९०३६ | ३२७७६८४०२.४ | | ३२७७६८४०२.४ | १६१२६३७४३८ |
| ५५ | २०४ | टिम्बर कर्पोरेशन अफ नेपाल | १११७५०६२८ | | १११७५०६२८ | | ३०३३९८४.८१ | ३०३३९८४.८१ | ११४७८४६१२.८ |
| १०२ \| व्यापार क्षेत्र जम्मा | | | १३३५७३९३४३९ | | १३३५७३९३४३९ | १३९४०७४१८७ | ५१८५९३२.२५ | १३९९२६०१२० | १४७५६६५३५५८ |
| | | | | | | | | | |
| १०३ \| सेवा क्षेत्र | | | | | | | | | |
| ५६ | ३०१ | नेपाल वायु सेवा निगम | ३१०३८३७०९९ | | ३१०३८३७०९९ | ५८९३२६८९६ | ३०२६९६३१६८ | ३६१६२९००६४ | ६७२०१२७१६३ |
| ५७ | ३०२ | नेपाल नागरिक उड्डयण प्राधिकरण | ६३२७७२७९१४५ | | ६३२७७२७९१४५ | ९३६०९१४०३.९ | ३५४८०५०८३७८ | ३६४१६५९९७८२ | ९९६९३८७८९२७ |
| ५८ | ३०३ | साझा यातायात | ३२६१४७७२०० | | ३२६१४७७२०० | | | | ३२६१४७७२०० |
| ५९ | ३०४ | नेपाल रेल्वे कम्पनी लिमिटेड | २५६१७७००० | | २५६१७७००० | ६०६९९२२८२ | | ६०६९९२२८२ | ८६३१६९२८२ |
| ६० | ३०५ | नेपाल शिपिङ्ग कर्पोरेशन | २६००००० | | २६००००० | | | | २६००००० |
| ६१ | ३०६ | नेपाल यातायात संस्थान | १२१२७०४८२.१ | | १२१२७०४८२.१ | ७८५३७७१३.६३ | ९६०३२४७ | ८८१४०९६०.६३ | २०९४११४४२.७ |
| ६२ | ३०७ | नेपाल पारवाहन तथा गोदाम व्यवस्थापन कम्पनी | १२२४३००० | | १२२४३००० | | | | १२२४३००० |
| ६३ | ३०८ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटिड | ८२५५८०० | | ८२५५८०० | | | | ८२५५८०० |
| ६४ | ३०९ | साझा सेवा | २५००० | | २५००० | | | | २५००० |
| ६५ | ३१० | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | ३०५९४७७५०० | | ३०५९४७७५०० | | | | ३०५९४७७५०० |
| ६६ | ३११ | भक्तपुर औद्योगिक क्षेत्र | | | | | | | |
| ६७ | ३१२ | राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. | १९००००० | | १९००००० | ९२९५४२८० | | ९२९५४२८० | ९४८५४२८० |
| ६८ | ३१३ | नेशनल कन्सट्रक्सन कम्पनी नेपाल लिमिटेड | ६२०७१७०० | | ६२०७१७०० | ११५७०३९४ | | ११५७०३९४ | ७३६४२०९४ |
| ६९ | ३१४ | ग्रामिण आवास तथा वस्ती विकास कम्पनी लिमिटे | ५२०००००० | | ५२०००००० | | | | ५२०००००० |
| ७० | ३१५ | नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ३७९५००० | | ३७९५००० | | | | ३७९५००० |
| ७१ | ३१६ | नेशनल ड्रिलिङ्ग कम्पनी लिमिटेड | ८०००००० | | ८०००००० | | | | ८०००००० |
| ७२ | ३२५ | नेशनल कम्प्यूटर सेन्टर | २५००००० | | २५००००० | २१४७९७३९.३४ | | २१४७९७३९.३४ | २३९७९७३९.३४ |
| ७३ | ३१८ | हाइड्रो ल्याव प्रा.लि. | १७५८२२५५.५६ | | १७५८२२५५.५६ | | | | १७५८२२५५.५६ |
| ७४ | ३१९ | नेपाल फोहर मैला प्रबन्ध तथा श्रोत परिचालन के | १०००००००० | | १०००००००० | | | | १०००००००० |
| ७५ | ३२० | नेपाल दुरसंचार प्राधिकरण | ० | | | | १०७५०६७५.८१ | १०७५०६७५.८१ | १०७५०६७५.८१ |
| ७६ | ३२१ | ईमर्जीङ्ग नेपाल लिमिटेड | २५००२०० | | २५००२०० | | | | २५००२०० |
| ७७ | ३२२ | पूर्वाधार निर्माण कम्पनि | २५०९१०००० | | २५०९१०००० | | | | २५०९१०००० |
| ७८ | | नेपाल दुरसंचार संस्थान | | | | | १०४२६४४०१.३ | १०४२६४४०१.३ | १०४२६४४०१.३ |
| ७९ | ३२३ | विशाल बजार कम्पनी लिमिटेड | ३९६००००००० | | ३९६००००००० | | | | ३९६००००००० |

| | लगानी गरीएकाे संस्थान/निकायको नाम | | सेयर | | | ऋण | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संस्थागत / साधारण | प्रोमोटर | | आन्तरिक ऋण खाता | बाह्य ऋण खाता | | |
| सि.नं. | संकेत | नाम | अनुसूची २ बाट | | जम्मा | अनुसूची ३ बाट | अनुसूची ४ बाट | जम्मा | कुल लगानी |
| १०३ \| सेवा क्षेत्र जम्मा | | | ७७४७३९०१३८१ | | ७७४७३९०१३८१ | २३३६९५२७०९ | ३८६३२०८९८७० | ४०९६९०४२५७९ | १.१८४४३E+११ |
| | | | | | | | | | |
| १०४ \| सामाजिक क्षेत्र | | | | | | | | | |
| ८० | ४०१ | गोरखापत्र संस्थान | ११५१६६०० | | ११५१६६०० | | | | ११५१६६०० |
| ८१ | ४०२ | नेपाल टेलिभिजन | ३८९९८९८४४ | | ३८९९८९८४४ | ३८0000000 | | ३८0000000 | ४२७९८९८४४ |
| ८२ | ४०३ | नेपाल संस्कृतिक संस्थान | १३२०८९२३ | | १३२०८९२३ | २३७५३१२५० | | २३७५३१२५० | २५०७४०१७३ |
| ८३ | ४०४ | जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड | ४५६३८०६२५ | | ४५६३८०६२५ | १३३८२८६९७० | | १३३८२८६९७० | १७९४६६७५९५ |
| ८४ | ४०५ | साझा प्रकाशन लिमिटेड | | | | ५४९६९९००० | | ५४९६९९००० | ५४९६९९००० |
| ८५ | ४०६ | सामाजिक सुरक्षा कोष | | | | | | | |
| १०४ \| सामाजिक क्षेत्र जम्मा | | | ४३८१००४५९२ | | ४३८१००४५९२ | २५०५५१७२२० | | २५०५५१७२२० | ६८८६५२१८१२ |
| | | | | | | | | | |
| १०५ \| जन उपयोगी क्षेत्र | | | | | | | | | |
| ८६ | ५०१ | नेपाल विघूत प्राधीकरण | १८५४७३५९१०८९.६५ | | १८५४७३५९१०८९.६५ | ७३३३६८२६३२४.९३ | २७६७२५१६३३११.५७ | ३५००६१९८९६३६.५० | ५३५५३५५८०७२६.१५ |
| ८७ | ५०२ | हिमाल हाइड्रो ईलेक्टिकल जनरल कम्पनी | २५५५२८०० | | २५५५२८०० | | | | २५५५२८०० |
| ८८ | ५०३ | बुटवल पावर कम्पनी लिमिटेड | १५३८२२३०० | | १५३८२२३०० | | | | १५३८२२३०० |
| ८९ | ५०४ | विघूत उत्पादन कम्पनी लिमिटेड | ३२६६०००००० | | ३२६६०००००० | | | | ३२६६०००००० |
| ९० | ५०५ | राष्ट्रिय प्रशारण ग्रीड कम्पनी लिमिटेड | ४४६६७३०००० | | ४४६६७३०००० | | | | ४४६६७३०००० |
| ९१ | ५०६ | नेपाल खानेपानी संस्थान | ३४९७२१४२३.६ | | ३४९७२१४२३.६ | १२७०४९९४३५० | १०४७१३१०५७९ | २३१७६३०४९२९ | २३५२६०२६३५३ |
| ९२ | ५०७ | काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड | १५२२९६२६९३ | | १५२२९६२६९३ | ३५८९१२९०७८४ | २०४७१२२४६४४ | ५६३६२५१५४२८ | ५७८८५४७८१२१ |
| ९३ | ५०८ | काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड | | | | ९४२७८९३६.६१ | १६५७२६००० | २६०००४९३६.६ | २६०००४९३६.६ |
| ९४ | ५०९ | मेलाम्ची वाटर लिमिटेड | ५०७००००० | | ५०७००००० | | | | ५०७००००० |
| ९५ | ५१० | नेपाल टेलिकम | १६४६९३१६००० | | १६४६९३१६००० | | | | १६४६९३१६००० |
| ९६ | ५११ | नलगाढ हाइड्रोपावर कम्पनी लिमिटेढ | ४९४७०६६५०० | | ४९४७०६६५०० | | | | ४९४७०६६५०० |
| ९७ | ५१५ | बुढीगण्डकी जलविधुत कम्पनि लिमिटेड | ६२०००००० | | ६२०००००० | | | | ६२०००००० |
| ९८ | ५१३ | स्यार्पु पावर क. लि. | २२००००० | | २२००००० | १०००००००० | | १०००००००० | १०२२००००० |
| ९९ | ५१४ | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | | | | | २२२४५४२१९.२ | २२२४५४२१९.२ | २२२४५४२१९.२ |
| १०५ \| जन उपयोगी क्षेत्र जम्मा | | | २१७३४७६६२८०५.९५ | | २१७३४७६६२८०५.९५ | १२२१२७३९०३९५.५ | ३०८०५५८७८७५४.३९ | ४३०१८३२६९१४९.९३ | ६४७५३०९३१९५५.८८ |
| | | | | | | | | | |
| १०६ \| वित्तीय क्षेत्र | | | | | | | | | |
| १०० | ६०१ | नेपाल राष्ट्र बैंक | ३३५०००००० | | ३३५०००००० | | ४०८९९०६९३३ | ४०८९९०६९३३ | ७४३९९०६९३३ |
| १०१ | ६०२ | राष्ट्रिय बाणिज्य बैंक | १५६३३४९११४४ | | १५६३३४९११४४ | | | | १५६३३४९११४४ |

| सि.नं. | लगानी गरीएकाे संस्थान/निकायको नाम | | सेयर | | | ऋण | | | कुल लगानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संस्थागत / साधारण | प्रोमोटर | | आन्तरिक ऋण खाता | बाह्य ऋण खाता | | |
| | संकेत | नाम | अनुसूची २ बाट | | जम्मा | अनुसूची ३ बाट | अनुसूची ४ बाट | जम्मा | |
| १०२ | ६०३ | नेपाल बैंक लिमिटेड | ७४९३९५१६९३ | | ७४९३९५१६९३ | | | | ७४९३९५१६९३ |
| १०३ | ६०४ | कृषि विकास बैंक | ६८६०३५३७८० | ६४३६८00000 | १३२९७१५३७८० | २०८५२१६ | २३३३०८२६९७ | २३३५१६७९१३ | १५६३२३२१६९२ |
| १०४ | ६०५ | नेपाल ग्रामिण विकास बैंक लिमिटेड | ४४६८०३५०० | | ४४६८०३५०० | ३९८२६८०० | | ३९८२६८०० | ४८६६३०३०० |
| १०५ | ६०६ | नेपाल औंद्योगिक विकास निगम | ४१२७३२४०० | | ४१२७३२४०० | | | | ४१२७३२४०० |
| १०६ | S K V | साना किसान विकास बैंक | | | | | | | |
| १०७ | ६०८ | रुरल माईको फाईनान्स डेभेलोपमेन्ट सेन्टर लि. | | | | | | | |
| १०८ | ६०९ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | १००००००० | | १००००००० | | | | १००००००० |
| १०९ | ६१० | ग्लोबल आइएमई बैंक लिमिटेड (साविकको नेपाल | २१०३२००० | | २१०३२००० | | | | २१०३२००० |
| ११० | ६११ | नागरिक लगानी कोष | ६८२३७८८१४ | | ६८२३७८८१४ | | | | ६८२३७८८१४ |
| १११ | ६१२ | नेपाल स्टक एक्सचेन्ज लिमिटेड | २९३२८७३०० | | २९३२८७३०० | | | | २९३२८७३०० |
| ११२ | hid | जलविद्यूत लगानी तथा विकास कम्पनी लिमिटेड | ० | | | | | | |
| ११३ | ६१४ | राष्ट्रिय बीमा संस्थान | ५०२८३२०० | | ५०२८३२०० | | | | ५०२८३२०० |
| ११४ | ६१५ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १२६७०८२०० | | १२६७०८२०० | | | | १२६७०८२०० |
| ११५ | ६१६ | आकश्मिक बिमा कोष | ५००००००० | | ५००००००० | | | | ५००००००० |
| ११६ | ६१७ | नेपाल पूनर्बीमा कम्पनी लिमिटेड | ३४५५५१९१०० | | ३४५५५१९१०० | | | | ३४५५५१९१०० |
| ११७ | ६१८ | निक्षेप बीमा तथा कर्जा सूरक्षण निगम | ९००००००००० | | ९००००००००० | | | | ९००००००००० |
| ११८ | ६१९ | नेपाल ईन्फ्रास्टकचर बैंक लिमिटेड | २१६००००००० | | २१६००००००० | | | | २१६००००००० |
| ११९ | A D B | कृषि विकास बैंक (अग्राधिार शेयर) | | | | | | | |
| १२० | A D B | कृषि विकास बैंक (घरेलु उद्योग आयोजना) | | | | | | | |
| १२१ | ६०७ | साना किसान विकास लघुवित्त वित्त संस्था लिमिटेड | | | | १३७७५५३९६०१ | ५९७३५७२००० | १९७४९१११६०१ | १९७४९१११६०१ |
| १२२ | ६१३ | जलविद्यूत लगानी तथा विकास कम्पनी लिमिटेड (हाईड्रो इलेक्ट्रिसिटी ईन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट क.लि.) | १२४७४०००००० | | १२४७४०००००० | | | | १२४७४०००००० |
| १२३ | ६२१ | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड | १४००७२००० | | १४००७२००० | | | | १४००७२००० |
| १२४ | ६२३ | नेपाल बिमा प्राधिकरण | ० | | | १ | | १ | १ |
| १०६ \| वित्तीय क्षेत्र जम्मा | | | ६२६६०६१३१३१ | ६४३६८00000 | ६९०९७४१३१३१ | १३८१७४५१६१८ | १२३९६५६१६२९ | २६२१४०१३२४७ | ९५३११४२६३७८ |
| | | | | | | | | | |
| १०७ \| विकास समिति | | | | | | | | | |
| १२५ | ७०१ | राष्ट्रिय प्रकृति संरक्षण कोष | | | | | | | |
| १२६ | ७०२ | लुम्बिनी विकास कोष | | | | २४०९९९६७.१२ | | २४०९९९६७.१२ | २४०९९९६७.१२ |
| १२७ | ७०३ | नगर विकास कोष | २४५८३६८१८५ | | २४५८३६८१८५ | २०३५८९७००० | ५५५५७९४८९९ | ७५९१६९१८९९ | १००५००६००८४ |

| सि.नं. | लगानी गरीएकाे संस्थान/निकायको नाम | | सेयर | | | ऋण | | | कुल लगानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत | नाम | संस्थागत / साधारण | प्रोमोटर | जम्मा | आन्तरिक ऋण खाता | बाह्य ऋण खाता | जम्मा | |
| | | | अनुसूची २ बाट | | | अनुसूची ३ बाट | अनुसूची ४ बाट | | |
| १२८ | ७०४ | राष्ट्रिय समाचार समिति | ५१५८००० | | ५१५८००० | | | | ५१५८००० |
| १२९ | ७०५ | काठमाण्डौं उपत्यका विकास प्राधिकरण | | | | १५९०२८८००० | | १५९०२८८००० | १५९०२८८००० |
| १३० | ७०६ | नेपाल कृषि अनुसन्धान परिषद | २०५०००० | | २०५०००० | | | | २०५०००० |
| १३१ | ७०७ | कालिमाटी फलफुल तथा तरकारी बजार विकास समिति | | | | | | | |
| १३२ | ७०८ | जलेश्वर नगर विकास समिति | | | | ५०००००० | | ५०००००० | ५०००००० |
| १३३ | ७०९ | लाहान नगर विकास समिति | | | | ७०००००० | | ७०००००० | ७०००००० |
| १३४ | ७१० | काठमाण्डौं उपत्यका नगर विकास समिति | | | | | | | |
| १३५ | ७११ | धुलिखेल नगर विकास समिति | | | | | | | |
| १३६ | ७१२ | दिपायल नगर विकास समिति | | | | ५००००० | | ५००००० | ५००००० |
| १३७ | ७१३ | कपास विकास समिति | १२४१४७०० | | १२४१४७०० | | | | १२४१४७०० |
| १३८ | ७१४ | घरेलु तथा साना उद्योग विकास समिति | | | | १२७००००० | | १२७००००० | १२७००००० |
| १३९ | ७१५ | महिला शिप विकास केन्द्र पूल्चोक | | | | १५००००० | | १५००००० | १५००००० |
| १४० | ७१६ | वन पैदावार विकास समिति | | | | ८८५००००० | | ८८५००००० | ८८५००००० |
| १०७ \| विकास समिति जम्मा | | | २४७७९९०८८५ | | २४७७९९०८८५ | ३७६५४८४९६७ | ५५५५७९४८९९ | ९३२१२७९८६६ | ११७९९२७०७५१ |
| | | | | | | | | | |
| १०८ \| स्थानीय निकाय तथा अन्य इकाई | | | | | | | | | |
| १४१ | ८०१ | जिल्ला विकास समितिको कार्यलय, बझाङ | | | | | ५००००० | ५००००० | ५००००० |
| १४२ | ८०२ | भद्रपूर नगरपालिका | | | | २१७२४३५.८८ | | २१७२४३५.८८ | २१७२४३५.८८ |
| १४३ | ८०३ | कमलामाई नगरपालिका | | | | | ३८७५५६८४.६४ | ३८७५५६८४.६४ | ३८७५५६८४.६४ |
| १४४ | ८०४ | हेटौंडा नगरपालिका | | | | | १६१७८२४११.२ | १६१७८२४११.२ | १६१७८२४११.२ |
| १४५ | ८०५ | रत्ननगर नगरपालिका | | | | | ७९७३२८०२.९२ | ७९७३२८०२.९२ | ७९७३२८०२.९२ |
| १४६ | ८०६ | भरतपुर नगरपालिका | | | | | १९५३१७६०७.५ | १९५३१७६०७.५ | १९५३१७६०७.५ |
| १४७ | ८०७ | धूलिखेल नगरपालिका | | | | | ४९०७०५१४.८९ | ४९०७०५१४.८९ | ४९०७०५१४.८९ |
| १४८ | ८०८ | बनेपा नगरपालिका | | | | | ९१२९७८१२.२५ | ९१२९७८१२.२५ | ९१२९७८१२.२५ |
| १४९ | ८०९ | पनौती नगरपालिका | | | | | ४४८४११७१.८१ | ४४८४११७१.८१ | ४४८४११७१.८१ |
| १५० | ८१० | काठमाण्डौं महानगरपालिका | | | | | ३७५९११८४७.९ | ३७५९११८४७.९ | ३७५९११८४७.९ |
| १५१ | ८११ | विदूर नगरपालिका | | | | | १०४९६४३८.९५ | १०४९६४३८.९५ | १०४९६४३८.९५ |
| १५२ | ८१२ | पोखरा उपमहानगरपालिका | | | | ३१५३४२१५.४४ | १०४७८४८५६.६ | १३६३१९०७२.१ | १३६३१९०७२.१ |
| १५३ | ८१३ | गृह पञ्चायत मन्त्रालय | | | | ५९२५५.१४ | | ५९२५५.१४ | ५९२५५.१४ |
| १०८ \| स्थानीय निकाय तथा अन्य इकाई जम्मा | | | | | | ३३७६५९०६.४६ | ११५२४९११४९ | ११८६२५७०५५ | ११८६२५७०५५ |
| | | | | | | | | | |

| सि.नं. | लगानी गरीएकाे संस्थान/निकायको नाम | | सेयर | | | ऋण | | | कुल लगानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत | नाम | संस्थागत / साधारण | प्रोमोटर | जम्मा | आन्तरिक ऋण खाता | बाह्य ऋण खाता | जम्मा | |
| | | | अनुसूची २ बाट | | | अनुसूची ३ बाट | अनुसूची ४ बाट | | |
| १०९ \| अन्तर्राष्ट्रिय एजेन्सीहरू | | | | | | | | | |
| १५४ | ९०१ | विश्व बैंक | ४१५८१३८२७.१ | | ४१५८१३८२७.१ | | | | ४१५८१३८२७.१ |
| १५५ | ९०२ | अन्तराष्ट्रिय मुद्रा कोष | ६५८७५९६३२६ | | ६५८७५९६३२६ | | | | ६५८७५९६३२६ |
| १५६ | ९०३ | एशियाली विकास बैंक | ४२६६४५४७३.५ | | ४२६६४५४७३.५ | | | | ४२६६४५४७३.५ |
| १५७ | ९०४ | एशियाली पूर्वाधार लगानी बैंक (AIIB) | १९२६१६२२८१ | | १९२६१६२२८१ | | | | १९२६१६२२८१ |
| १५८ | ९०५ | सार्क विकास कोष | २६८८३८९५३४ | | २६८८३८९५३४ | | | | २६८८३८९५३४ |
| १५९ | ९०६ | अन्तर्राष्ट्रिय पुर्ननिर्माण तथा विकास बैंक (IBRD) | २३२९१९१९४ | | २३२९१९१९४ | | | | २३२९१९१९४ |
| १०९ \| अन्तर्राष्ट्रिय एजेन्सीहरू जम्मा | | | १२२७७५२६६३५ | | १२२७७५२६६३५ | | | | १२२७७५२६६३५ |
| | | | | | | | | | |
| LS \| जीविकोपार्जन क्षेत्र | | | | | | | | | |
| LS \| जीविकोपार्जन क्षेत्र जम्मा | | | | | | | | | |
| | | | | | | | | | |
| DC \| विकास समुदायहरू | | | | | | | | | |
| DC \| विकास समुदायहरू जम्मा | | | | | | | | | |
| | | | | | | | | | |
| LGOE \| स्थानीय सरकार र अन्य निकायहरू | | | | | | | | | |
| LGOE \| स्थानीय सरकार र अन्य निकायहरू जम्मा | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | ३९५०२४४०५७१४.११ | ९७८९७५२३२९.५५ | ४०४८१४१५८०४३.६६ | १५८१८२१८४५३८.२५ | ३६७८८४१२६१५६.६६ | ५२६०६६३१०६९४.९१ | ९३०८८०४६८७३८.५७ |